# अन्तर सरकारी सम्बन्ध र समन्वय सम्बन्धी ऐन निर्माण

# अध्ययन प्रतिवेदन



नेपाल कानून समाज
NEPAL LAW SOCIETY

विधायन व्यवस्थापन समिति
राष्ट्रिय सभा





- प्रकाशन मिति
  २०७७ चैत्र
- सङ्ख्या
  १००० प्रति
- प्रकाशन
  नेपाल कानून समाज


- सर्वाधिकार ©
  नेपाल कानून समाजमा सुरक्षित


- मुद्रक
  नेशनल ग्राफिक्स्
  नयाँ बजार, काठमाण्डौ
- प्रकाशन सहयोग
  पुस्तकको विश्लेषण, सम्पादन तथा प्रकाशनको लागि अष्ट्रेलिया सरकारको विदेश मामिला तथा वाणिज्य विभाग र द एसिया फाउण्डेसन नेपालको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमबाट प्राविधिक र आर्थिक सहयोग उपलब्ध भएको छ। पुस्तकमा व्यक्त विचार तथा निष्कर्षहरुले अष्ट्रेलिया सरकार र द एसिया फाउण्डेसनको आधिकारिक धारणालाई प्रतिनिधित्व गरेको मानिने छैन।

We would like to sincerely thank Department of Foreign Affairs and Trade (DFAT) – The Asia Foundation partnership on Subnational Governance for their financial, editorial and technical support. The opinions expressed in this publication are those of the authors. They do not reflect the views of the partnership or the organizations.

**परशुराम मेघी गुरुङ्ग**
सभापति,
विधायन व्यवस्थापन समिति
राष्ट्रिय सभा

**Parsuram Meghi Gurung**
Chairman,
Legislation Management Committee
National Assembly

# प्रकाशकीय

नेपालको संविधानले पहिलो पटक "संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुनेछ" भन्ने व्यवस्था गरेको छ  भने एकल र साझा अधिकारका सूचीहरु सहित तीनवटै तहको अधिकारको सूची समेतको व्यवस्था गरेको छ। संविधानको भाग २०, धारा २३२ (१) बमोजिम "संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ" भन्ने व्यवस्था गरेको सन्दर्भमा मूलतः सहकार्यतामूलक संघीयताको अवलम्बन संविधानले गरेको छ। यस प्रकारको प्रणालीको निम्ति अनुसूचीहरु बमोजिम संघ, प्रदेश तथा स्थानीय तहहरुलाई प्राप्त अधिकारको प्रयोग गर्दा संघ, प्रदेश र स्थानीय तह, संघ र प्रदेश तथा स्थानीय तह, अन्तर प्रदेश तथा स्थानीय तह बीच समन्वय र सहकार्यको आवश्यकता अपरिहार्य हुन्छ। राज्यका तहहरुबीच पर्याप्त समन्वय हुन सकेन भने त्यस्ता तहबीच द्वन्द्वको अवस्था समेत सृजना हुन सक्दछ।

सहकार्यतामूलक संघीय प्रणालीको कार्यान्वयनको लागि संविधानको धारा २३५ को उपधारा (१) मा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ भन्ने व्यवस्था रहेकोमा तीनवटै तह बीचको अन्तरसम्बन्ध र समन्वय कायम गर्ने विधि र प्रक्रियामा आधारित कानून तत्काल बनाउन आवश्यक थियो। ढिलै भए पनि २०७७ श्रावण १३ गते संघीय संसदबाट पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण सहित उक्त व्यवस्था बमोजिमको अन्तर सरकारी सम्बन्ध र समन्वय सम्बन्धी ऐन जारी भई हाल कार्यान्वयनमा रहेको छ।

संघीय संविधान कार्यान्वयन जस्तो अत्यन्तै महत्वपूर्ण कानून तर्जुमाको लागि राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको नेतृत्वमा नेपाल कानून समाजले तयार पारेको रणनीतिक योजनादेखि ऐनको रुपमा संघीय संसदबाट पारित हुँदासम्म भएका गतिविधिहरुका सम्बन्धमा लिपिबद्ध गरी आगामी दिनमा कानून निर्माणको लागि अवलम्बन गर्नुपर्ने प्रक्रियाका सम्बन्धमा दस्तावेजीकरण गर्ने, कानून निमार्णमा नागरिक समाज, नेपाल सरकार, संघीय संसद र विज्ञहरुले कानून तर्जुमाका सम्बन्धमा पुऱ्याएको योगदान, लक्षित समुह, सरोकारवाला र सम्बन्धित निकायहरुसम्म अवलम्बन गरिएको प्रक्रिया, संसदीय समितिहरुले खेलेको भूमिका, प्रदेश सरकार तथा सभाका सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, नागरिक समाज, सम्बन्धित सरोकारवाला र विषय विज्ञहरुको योगदान समेत दस्तावेजीकरण गरी आगामी दिनमा सबै तहले निमार्ण गर्ने कानूनमा सहभागीतामूलक प्रक्रिया अवलम्बन गर्न सघाउ पुगोस् भन्ने समेतका उद्देश्यसहित तयार पारिएको यस प्रकाशनले भावि दिन कानून निमार्णको पद्धतीको विकाश गर्न अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा सहयोग पुग्ने छ।

ऐन निमार्णको सम्बन्धमा संघीय सरकार, संसद, प्रदेश सरकार तथा सभाका सदस्यहरु र स्थानीय तहका प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुको महत्वपूर्ण योगदान रहेको छ। ऐन निमार्णको सम्बन्धमा देशैभर सातवटै प्रदेशलाई आधार मानी भए गरेका परामर्श बैठक र छलफलहरु, विज्ञहरुसंगको परामर्श र योगदान, सरकार, संघीय संसदको नेपाल कानून समाजसँगको सहकार्य र एशिया फाउन्डेसन र एनडिआईको सहयोगमा सञ्चालन गरिएका विभिन्न टाउनहल बैठक तथा छलफलका कारण सहभागितामूलक कानून निर्माण प्रक्रियाको एउटा नमुना कायम भएको छ। सहयोग र सहकार्यका लागि नेपाल कानून समाज, द एशिया फाउण्डेशन, एनडीआई, सबै तहका सरकार तथा संसद, नागरिक समाज र सम्बन्धित सबै सरोकारवालाहरु हार्दिक धन्यवादको पात्र हुनुहुन्छ।

संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर सम्बन्ध र समन्वय सम्बन्धी ऐन तर्जुमाका लागि गरिएका अभ्यासबाट मूल प्रस्तावमा करिव ६० प्रतिशत संशोधन भएको छ। आएका सुझावहरुको संशोधनको लागि सरकारले सकारात्मक

**परशुराम मेघी गुरुङ्ग**
सभापति,
विधायन व्यवस्थापन समिति
राष्ट्रिय सभा

**Parsuram Meghi Gurung**
Chairman,
Legislation Management Committee
National Assembly

रुपमा लिई स्वीकारेको थियो। त्यसैगरी सबै राजनीतिक दलको समर्थन र सहयोगमा ऐनलाई पारित गर्ने काम भएको छ भने प्रदेश र स्थानीय तहबाट आएका सुझावहरुलाई गम्भीर रुपमा अध्ययन गरी ऐनमा समावेश गरिएको छ। यसले सहभागीतामूलक पद्धतीमा एउटा महत्वपूर्ण नमुना पेश गरेको छ। ऐन तर्जुमाका लागि भएका छलफलबाट आगामी दिनमा आउन सक्ने चुनौती, सम्भावना लगायतका विषयहरु समेत स्पष्ट मार्गदर्शन गरेको छ।

नेपाल कानून समाजले यसको स्थापनाकालदेखि नै निरन्तर रुपमा नेपालको संविधान तथा कानून निमार्ण प्रक्रिया, विधायकहरुको क्षमता विकाश, कानून तर्जुमाका आधारभूत मान्यता लगायतका विषयहरुमा सरकार, संसद, न्यायालय, नागरिक समाज तथा सम्बन्धित सरोकारवालाहरुसँग विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रमहरुका अनुभवका कारण कानून निमार्ण प्रकृयाले सहभागीतामूलक पद्धतीको अवलम्बन गर्न टेवा पुऱ्याएको छ। यस किसिमको प्रयास र उक्त प्रयासको दस्तावजीकरणको रुपमा आएको यस प्रकाशनले तीनवटै तहबाट तर्जुमा हुने कानूनहरु अत्यन्तै समृद्ध हुँदै जाने र सबै तहका सरकार तथा संसद/सभाले कानून तर्जुमा गर्दा अवलम्बन गर्ने सहभागीतामूलक पद्धतीको लागि एउटा मार्गदर्शन दिएको छ। विधायन व्यवस्थापन समितिको नेतृत्वमा नेपाल कानून समाजको सहकार्य र द एशिया फाउण्डेशनको सहयोगमा गरिएका कार्यक्रमहरु र उक्त कार्यक्रमहरुका आधारमा तयार पारिएको यस प्रकारको प्रकाशनले नेपालको संवैधानिक विकाश, संघीय प्रणाली र कानून निमार्णको ऐतिहाँसिक सन्दर्भमा एउटा उपयोगी सन्दर्भ सामग्री सावित हुने विश्वास गरेको छु।

नेपालको संघीय गणतन्त्रात्मक संविधान कार्यान्वयनको लागि विधायन व्यवस्थापन समितिद्वारा प्रकाशित यस पुस्तिका मार्फत तीनवटै तहका कानून तर्जुमाकारहरुको लागि फलदायी हुने, नागरिक समाजलाई समेत आफ्नो भूमिकाप्रति थप ऊर्जाशील बनाउन मद्दत पुग्ने र संघीय संविधान कार्यान्वयनमा समेत महत्वपूर्ण योगदान पुग्ने कुरामा विश्वस्त हुँदै आगामी दिनमा समेत नेपाल कानून समाजको सहयोगमा विधायन व्यवस्थापन समितिद्वारा यस किसिमको अभ्यास र उक्त अभ्यासको दस्तावेजीकरणको रुपमा सर्वसाधारण र सम्बन्धित सरोकारवालाहरुको जानकारीका लागि यस प्रकार को प्रकाशनको निरन्तरताको कामना सहित संसद/सभासंगको निरन्तर सहकार्यको अपेक्षा गरेको छु।

अन्तमा यस प्रतिवेदन तयार गर्न सहयोग गर्ने विभिन्न विज्ञहरु– श्री तीर्थमान शाक्य, श्री माधव पौडेल, श्री खिमलाल देवकोटा, श्री रमेश लेखक, श्री ठगेन्द्र प्रकाश पुरी, श्री मोहन आचार्य, श्री कृष्णमान प्रधान, श्री सुनीता रेग्मी, श्री अर्जुन खड्का, श्री रेजिना भट्टराई, श्री गणेशमान प्रधान, श्री नमित वाग्ले, श्री पर्शुराम उपाध्याय र अध्ययनका सहयोगीहरु श्री सरस्वती डंगोल, श्री भवानी कायष्ठ, श्री नाइल श्रेष्ठ, श्री एलिज श्रेष्ठ र श्री लक्ष्मी खत्रीलाई विधायन व्यवस्थापन समितिको तर्फबाट धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा पनि यसैगरी सहयोग पाउने विश्वास गर्दछ।

२०७७ चैत्र

**श्री परशुराम मेघी, गुरूङ**
सभापति,
विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

# विषय सूची


**परिच्छेद १ – सामान्य परिचय**

१.१ पृष्ठभूमि ........ १
१.२ संवैधानिक प्रावधान ........ २
१.३ उद्देश्य ........ ४
१.४ ऐन/कानून तर्जुमाको आवश्यकता र औचित्य ........ ४
१.५ प्रतिवेदन तयारीको लागि अवलम्बन गरिएको अनुसन्धान पद्धती ........ ५
१.६ प्रतिवेदनको सीमा ........ ७

**परिच्छेद २ – विधेयकको मस्यौदाको अवधारणा निर्धारणदेखि विधेयक पारित हुँदासम्म भएका गतिविधिहरू**

२.१ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७५ को पूर्व विधायिकी चरणः ........ ८
२.१.१ रणनीतिक योजनाको रुपमा अनुसन्धानमूलक कार्यपत्रको लेखन तथा र छलफल ........ ८
२.१.२ अन्तरप्रदेश परिषदको बैठक र कार्यदल ........ ९
२.१.३ विधेयकको प्रारम्भिक मस्यौदा तयारीः नेपाल कानून समाजको प्रयास .. १०
२.२ सङ्घीय संसद र सम्बन्धित समितिहरुमा प्रस्तुत विधेयक उपर भएको छलफल (विधायिकी चरण)ः संक्षिप्त चर्चा ........ ११
२.२.१ विधेयक उपर हुने छलफलको संवैधानिक तथा कानूनी व्यवस्था तथा विधि ........ १२
२.२.२ संसदीय समितिहरुमा भएका छलफल ........ १२
२.२.३ विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त आयोजनामा भएका प्रथम चरणका कार्यक्रमहरु ........ १३
२.२.४ विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त आयोजना, सहकार्य तथा संयोजनमा भएका दोस्रो चरणको औपचारिक परामर्श बैठकहरुः संक्षिप्त चर्चा ........ १७
२.३ विधेयक पारित गर्ने क्रममा भएका विभिन्न निकायको भूमिकाः ........ १८
२.३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसँगको सहकार्य ........ १८
२.३.२ नेपाल कानून आयोगको सहभागिता ........ १८
२.४ विधायन व्यवस्थापन समितिले सञ्चालन गरेका गतिविधिहरु ........ १८
२.५ प्रतिनिधि सभाको राज्य व्यवस्था समितिबाट विधेयकमा गरिएको परिमार्जन ... १९
२.६ सङ्घीय संसदको दुबै सदनबाट विधेयक पारित ........ २०

**परिच्छेद ३ – विधेयकमा रहेका मुख्य विशेषताहरूः तुलनात्मक अध्ययन**

३.१ नेपाल कानून समाजले तयार पारेको मस्यौदा विधेयकका विशेषताहरु ........ २२

३.२ प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रस्तुत भएको मस्यौदा विधेयकका विशेषताहरु ........ २३

३.३ राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा उल्लिखित मुख्य विशेषताहरु..... २४

३.४ प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनमा रहेका मुख्य विशेषताहरु ........ २५

३.५ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तर सम्बन्ध) ऐन, २०७७ मा अन्तरनिहित प्रमुख विशेषताहरु........ २५

३.६ ऐनका सीमाहरु ........ २६

३.७ प्रमुख सरोकारवालाहरुको अभिमत र अन्र्तवार्ता ........ २७

**परिच्छेद ४ – मुख्य उपलब्धि, चुनौती, निष्कर्ष तथा सुझाव**

४.१ मुख्य उपलब्धिहरु ........ २८

४.२ केही चुनौतीहरु........ २९

४.३ निष्कर्ष ........ ३१

४.४ केही सुझावहरु (उत्तर विधायिकी चरण) ........ ३१

**सन्दर्भ सामाग्री** ........ ३३

**अनुसूचीहरू** ........ ३५

अनुसूची १ सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ........ ३६

अनुसूची २ नेपाल कानून समाज र एन.डि.आई.को आयोजनामा आयोजित टाउन हल मिटिङको सरोकारवालाहरुबाट प्राप्त सुझाव (२०७७ वैशाख/जेष्ठ) ........ ५२

अनुसूची ३ विधायन व्यवस्थापन समिति (राष्ट्रियसभा) सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयकमाथि औपचारिक छलफल कार्यक्रमको प्रतिवेदन........ ५५

अनुसूची ४ सङ्घीय संसद/राष्ट्रिय सभा/विधायन व्यवस्थापन समिति राष्ट्रिय सभामा उत्पन्न सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन........ ६८

अनुसूची ५ सङ्घीय संसद/प्रतिनिधि सभा/राज्य व्यवस्था तथा सुशासन समिति सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन........ ७९

अनुसूची ६ सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७........ ८३

अनुसूची ७ सङ्घ प्रदेश र स्थानीय तह बीच (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ का वारेमा प्राप्त अभिमत तथा अन्तर्वार्ताहरु ........ ९७

# परिच्छेद १ – सामान्य परिचय

## १.१. पृष्ठभूमि

सम्बत् २०७२ सालमा नेपालको नयाँ संविधान (यसपछि "संविधान" भनिएको) जारी भएपछि विद्यमान कानूनहरुलाई संविधानको भावना बमोजिम परिवर्तन, प्रतिस्थापन, संशोधन वा अनुकूल बनाउन निश्चित अवधि विधायिकालाई प्रदान गर्ने र सो अवधिभित्र त्यस्तो काम नभएमा संविधानसँग बाझिएका कानून बाँझिएको हदसम्म अमान्य हुने व्यवस्थालाई संक्रमणकालीन व्यवस्था अन्तर्गत समावेश गर्ने प्रचलन हरेक मूलुकको संविधानले गरेको हुन्छ। संविधान जारी भए पछि कानूनको संशोधन र परिमार्जन मात्र नभई थुप्रै नयाँ कानूनको निर्माण गर्नुपर्ने हुन्छ। यही क्रममा सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ सङ्घीय संसदबाट पारित भई राष्ट्रपतिबाट २०७७ श्रावण १३ गते प्रमाणीकरण भई प्रारम्भ भइसकेको छ।

शक्ति पृथकीकरणको सिद्धान्त (Separation of Power) अवलम्बन गरी नेपालको संविधानको भाग ७ अन्तर्गत सङ्घीय कार्यपालिका, भाग ८ अन्तर्गत सङ्घीय व्यवस्थापिका र भाग ११ अन्तर्गत न्यायपालिकाको सम्बन्धमा छुट्टाछुट्टै व्यवस्था गरी यी तीन अङ्ग बीच कामको वर्गीकरण गरी एक अर्कोको काममा हस्तक्षेप नगर्ने र आवश्यकता अनुसार समन्वय, सहकार्य र सन्तुलन गर्ने व्यवस्था गरेको पाइन्छ। आफ्नो कार्यलाई छिटो, छरितो एवं पारदर्शी रुपमा सम्पादन गर्नको लागि व्यवस्थापिकालाई संविधानको धारा १०४ बमोजिम संसदीय समितिहरु गठन गर्न सक्ने अधिकार प्रदान गरेको छ। संसदको बहुमूल्य समयलाई संसदीय काम कारवाहीमा प्रभावकारिता ल्याउनको लागि संसदीय समितिहरुको गठन गरिन्छ। संसदीय समितिहरु, संसदकै अभिन्न अङ्ग हुन् र कहिले काही यिनीहरुलाई "लघु संसद" भनिन्छ। संसदीय समितिले नै मुख्य रुपमा विधेयक उपर सार्थक छलफल गरी निष्कर्ष निकाल्ने काम गर्ने गरेको पाइन्छ। सङ्घ, प्रदेश र स्थानीय तहबीच सम्बन्ध कायम गर्न, समन्वय स्थापित गर्न र तीन तह बीच उत्पन्न हुन सक्ने राजनीतिक विवाद समाधानको लागि बनेको यस ऐनमा राष्ट्रिय सभाको मूलतः विधायन व्यवस्थापन समिति र प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले महत्वपूर्ण भूमिका खेलेका छन्। संविधान बमोजिम सङ्घीय प्रणाली कार्यान्वयनको सन्दर्भमा यस ऐनलाई संविधान निर्माण भएपछि सङ्घीय संरचना र सङ्घीय इकाईहरुको अन्तर सम्बन्ध व्यवस्थापन गर्ने एक महत्वपूर्ण कानूनी लिखत मान्न सकिन्छ।

सङ्घीय प्रणालीमा राज्यका विभिन्न तहहरु बीच जतिसुकै सावधानीपूर्वक अधिकारको विभाजन गरिए पनि अधिकार प्रयोग गर्ने सवालमा एकआपसमा समस्या उत्पन्न हुनु अस्वाभाविक होइन। ढिलो चाँडो ती विषयहरु सम्वोधन गर्नुपर्ने हुन्छ। अन्यथा, सङ्घीय इकाईहरु बीच विवाद सिर्जना हुन पुग्दछ। विवेकपूर्ण ढंगबाट विवाद सम्वोधन नभएमा सङ्घीय प्रणालीमाथिको औचित्यमाथी नै प्रश्न खडा गर्न सक्दछ। नेपालले सहकारीतामूलक सङ्घीय प्रणाली अवलम्बन गरेका कारण

संविधानका अनुसूचीहरु बमोजिम प्रदेश तथा स्थानीय तहहरुलाई प्राप्त अधिकारको प्रयोगगर्दा अन्तर प्रदेश तथा स्थानीय तह बीच समन्वय र सहकार्यको आवश्यकता अपरिहार्य हुन्छ। कतिपय विषयहरु सङ्घ र प्रदेश बीच सरोकार रहेका छन भने कतिपय अधिकारहरु प्रदेश–प्रदेश तथा प्रदेश र स्थानीय तह बीचको साझा सरोकारको विषयहरु छन् । राज्यका विभिन्न तहहरु बीच पर्याप्त समन्वय हुन सकेन भने त्यस्ता तहबीच द्वन्द्व सृजना हुन सक्दछ। सङ्घ, प्रदेश र स्थानीय तह एक अर्कामा आर्थिक सहयोग, ऋण वा अन्य प्रकारका सहयोग लिन वा दिन स्वतन्त्र हुनुपर्दछ। प्रदेश तथा स्थानीय तहहरु एक आपसमा मिलेर सामूहिक परियोजना सञ्चालन तथा प्राकृतिक स्रोत र साधनको संरक्षण र सम्वर्द्धन संयुक्त रुपमा गर्नुपर्ने भएकोले त्यस्ता तहहरु बीच एकआपसमा सहयोग र समन्वयको सदैव आवश्यकता पर्दछ।

सिद्धान्ततः सङ्घीय प्रणालीमा विभिन्न एकाईहरु बीचको अधिकार क्षेत्र र त्यसको प्रयोगलाई लिएर त्यस्ता एकाइहरु बीच आउन सक्ने विवादहरुको श्रृजना हुन नदिन एकाईहरुको कार्यकारिणी, व्यवस्थापिकीय तथा न्यायपालिकाको अधिकार क्षेत्र र त्यसको प्रयोगको वारेमा संविधानमा नै स्पष्ट व्यवस्था गरिएको हुन्छ। अधिकार क्षेत्रको विषयमा श्रृजना हुनसक्ने विवाद तथा असमझदारीलाई हटाउन एकाईहरु बीच प्रभावकारी संयोजन गर्न सक्ने संयन्त्रको निर्माण गर्नुपर्ने हुन्छ। त्यसका लागि औपचारिक र अनौपचारिक तथा राजनीतिक र कानूनी दुबै खालका संयन्त्रको निर्माण गर्न सकिन्छ। राजनीतिक विषहरु संबोधन गर्न व्यवस्थापिका वा सो अन्तर्गतका संसदीय समितिहरु, सम्मेलनहरु, अन्तरराज्य परिषद, आयोग जस्ता संयन्त्रहरु हुन्छन। अनौपचारिक वा राजनीतिक संयन्त्रको माध्यमबाट समस्या समाधान हुन नसकेमा वा नसक्ने प्रकृतिका कानूनी एवं संवैधानिक विवादहरु औपचारिक संयन्त्रको माध्यमबाट समाधान गर्ने व्यवस्था अवलम्बन गर्ने अभ्यास सङ्घीय मूलुकहरुमा रहेको पाइन्छ। कतिपय देशहरुमा उदाहरणको लागि स्वीजरल्याण्डमा जनमत संग्रहको माध्यमबाट पनि विवाद समाधान गर्ने गरिन्छ। यसका अतिरिक्त विवादग्रस्त पक्षहरु बीच छलफल, वार्ता, मेलमिलाप, समन्वय तथा मध्यस्थता जस्ता माध्यमहरुबाट पनि विवाद समाधान गर्ने प्रचलनहरु अभ्यासमा रहेका छन।

संविधानको भाग २० मा रहेको सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई स्पष्ट पार्न, सङ्घीय एकाईहरु बीच हुनसक्ने राजनीतिक विवादको समाधान गर्न र संविधानले निर्देशन गरेको तीन तह बीच सहकार्य, सहअस्तित्व र समन्वय व्यवहारमा रुपान्तरण गर्नको लागि यो ऐन एक कोशेढुङ्गा सावित हुने छ। यस ऐन निमार्णमा नेपाल सरकार, सङ्घीय संसद, प्रदेश सरकार तथा प्रदेश सभाका सदस्यहरु र स्थानीय तहका निर्वाचित प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुको महत्वपूर्ण योगदान रहेको छ। यो ऐन निमार्णको क्रममा मूलुकका विभिन्न ठाउँमा भएका परामर्श बैठक र छलफलहरु, विज्ञहरुसँगको परामर्श र योगदान र सङ्घीय संसदले नेपाल कानून समाजसँगको सहकार्य र द एशिया फाउन्डेसन तथा एनडिआईको सहयोगमा सञ्चालन गरिएका विभिन्न टाउनहल बैठक तथा छलफलहरुका कारण सहभागीतामूलक कानून निमार्ण प्रक्रियाको एउटा उदाहरण कायम भएको छ। यस प्रतिवेदनमा सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय र अन्तर सम्बन्ध कायम गर्न बनेको यस ऐनको लागि सम्बन्धित सबै निकायहरुबाट भए गरेका अभ्यास र प्रयासहरुका बारेमा संक्षिप्त रुपमा प्रतिविम्बित गर्न र झल्काउन प्रयास गरिएको छ।

## १.२. संवैधानिक प्रावधान

नेपालको संविधान बमोजिम नेपालको इतिहाँसमा पहिलोपटक एकात्मक राज्य व्यवस्थालाई पुनर्संरचना गरी सङ्घीय प्रणालीको व्यवस्था कायम गरेको छ। संविधानको धारा ५६ उपधारा (१) वमोजिम "सङ्घीय

लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुनेछ" भन्ने व्यवस्था गरेको छ भने धारा ५७ मा तीन तहको अधिकारको सूची क्रमशः अनुसूची ५, ६ र ८ बमोजिम हुने कुरा उल्लेख गरिएको छ। त्यसैगरी संविधानको भाग २० मा सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्धको व्यवस्था गरेको छ भने धारा २३२ को उपधारा (१) बमोजिम "सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ" भन्ने व्यवस्था भएको छ।

संविधानको धारा २३१ बमोजिम सङ्घ र प्रदेश बीचको व्यवस्थापिकीय अन्तरसम्बन्ध अन्तर्गत सङ्घीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरि बनाउन सकिने, प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने प्रदेश कानून प्रदेशमा वा आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिने व्यवस्था गरिएको छ भने दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची– ६ मा उल्लेखित कुनै विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा सङ्घीय संसदले आवश्यक कानून बनाउन सक्नेछ र त्यस्तो कानून सम्बन्धित प्रदेशको हकमा मात्र लागू हुनेछ भन्ने समेतका व्यवस्थाहरु गरिएका छन्।

संविधानको धारा २३२ बमोजिम नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरु बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित प्रदेश मन्त्रीपषिद्को कर्तव्य हुने व्यवस्था गरेको छ। कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधिनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषदलाई आवश्यकता अनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद र प्रदेशसभालाई बढीमा छ महिनासम्म निलम्बन गर्न वा विघटन गर्न समेत सक्ने व्यवस्था गरि सन्तुलन मिलाउन खोजिएको छ। निलम्बन वा विघटन गरेकोमा त्यस्तो कार्य पैतिस दिन भित्र सङ्घीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्ने, त्यस्तो प्रदेशमा छ महिनाभित्र प्रदेश सभाको निर्वाचन गर्नुपर्ने, निलम्बनको अवधिभर वा प्रदेश सभाको निर्वाचन नभए सम्मका लागि त्यस्तो प्रदेशमा सङ्घीय शासन कायम रहने व्यवस्था गरिएको छ। त्यसैगरी नेपाल सरकारले आफै वा प्रदेशसभा मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई सहयोग गर्न र निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु गाउँ कार्यपाालिका वा नगर कार्यपालिकाको कर्तव्य हुने व्यवस्था गरिएको छ।

प्रदेश–प्रदेश बीचको सम्बन्ध अन्तर्गत धारा २३३ मा एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवम् प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्ने, एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्ने, परामर्श गर्ने, आफ्नो कार्य र बिधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग बिस्तार गर्न सक्ने व्यवस्था रहेको छ। एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्ने व्यवस्था गरी सहयोगात्मक सङ्घीयतालाई बल प्रदान गरिएको छ। धारा २३५ को उपधारा (१) बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानून बनाउने व्यवस्था गरिएको छ भने सोही धाराको उपधारा (२) र (३) बमोजिम प्रदेश, गाउँपालिका र नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेशसभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्ने  र विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुने व्यवस्था गरिएको छ। उल्लिखित धारा २३५ को उपधारा (१) को रहेको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि सङ्घीय संसदले यो ऐन पारित गरेको हो।

## १.३. उद्देश्य

यस प्रतिवेदनमा खास गरी देहायका चार उद्देश्यलाई मूल रुपमा उजागर गर्न प्रयास गरिएको छः

क) विधायन व्यवस्थापन समितिले सहभागितामूलक प्रक्रियाबाट कानून निर्माणका क्षेत्रमा भएको कामका अनुभव दस्तावेजीकरण गर्नु

ख) कानून तर्जुमाको लागि नेपाल कानून समाजले तयार पारेको रणनीतिक योजनादेखि विधेयक मस्यौदाको तयारी र विधेयकको निर्माण तथा ऐनको रुपमा सङ्घीय संसदबाट पारित हुँदासम्म भएका गतिविधिहरुको सम्बन्धमा लिपिबद्ध गरी आगामी दिनमा सहभागितामूलक कानून निर्माण प्रक्रियाका अवलम्बन गर्नुपर्ने विषयका सम्बन्धमा दस्तावेजीकरण गर्नु,

ग) प्रतिवेदन मार्फत नागरिक समाज, नेपाल सरकार, सङ्घीय संसद र विज्ञहरुले यस ऐनको तर्जुमा गर्न पुऱ्याएको योगदान र भविष्यमा विधेयकको मस्यौदा गर्ने क्रममा सरोकारवालाहरुसंग परामर्श गर्ने र निजहरुसँग विचार आदान प्रदान गर्ने तथा सहभागितामूलक, पारदर्शी, लोकतान्त्रिक र सबैको अपनत्व ग्रहण गर्नको लागि सरकार तथा संसदबाट निर्वाह गर्नुपर्ने गुरुत्तर दायित्वका सम्बन्धमा एउटा महत्वपूर्ण सामाग्रीको विकाश गर्ने, र

घ) प्रतिवेदन मार्फत लक्षित समूह, सरोकारवाला र सम्बन्धित निकायहरुसम्म कानून निर्माणका क्रममा अवलम्बन गरिएको प्रक्रिया, संसदीय समितिहरुले निर्वाह गरेको भूमिका, प्रदेश सरकार तथा प्रदेश सभाका सदस्यहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, नागरिक समाज, सम्बन्धित सरोकारवाला र विषयविज्ञहरुको योगदान समेत दस्तावेजीकरण गर्ने उद्देश्य रहेका छन्।

## १.४. ऐन/कानून तर्जुमाको आवश्यकता र औचित्य

नेपालको संविधानको धारा २३५ को उपधारा (१) बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानून बनाउने व्यवस्था गरिएको छ। राज्यका तीनवटै तह बीचमा अन्तरसम्बन्ध र समन्वय कायम गर्ने विधि र प्रक्रियामा आधारित कानून तत्काल बनाउन आवश्यक थियो। त्यस्तो कानूनको अभावमा सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्धका आधारहरु र त्यसको प्रक्रिया तथा कार्यविधिको प्रदेश तथा स्थानीय तहले प्रभावकारी समन्वय गर्न सकिरहेका थिएनन्। सङ्घीय एकाईहरुले सह–शासनको महशुस गर्न सकेका थिएनन भने सङ्घ, प्रदेश र स्थानीय तहबीच कतिपय सन्दर्भमा समन्वय नभएको स्थिति देखिन थालेको थियो। समन्वयको अभावमा सङ्घीय प्रणाली माथि नै प्रहार हुने गरी गलत सन्देश प्रवाह हुन थालेका दृष्टान्तहरु समेत देखिएका थिए।

त्यसो त यसअघि नै सङ्घ, प्रदेश, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न क्षेत्रगत रुपमा केही सङ्घीय ऐनहरु निर्माण भइसकेका छन्। अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, विपद न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई यस्ता ऐनको केही उदाहरणको रुपमा लिन सकिन्छ।

राज्यका तीनै तह कसरी र कुन आधारमा एउटै मञ्चमा बसेर साझा सरोकारका विषयमा एउटा साझा अवधारणाको विकाश र त्यसको प्रभावकारी कार्यान्वयनको लागि वातावरण निर्माण गर्न सक्दछन भन्ने विषयलाई प्राथमिकतामा राख्दै, आर्थिक विषय, सेवा प्रदान गर्ने आधार र सिद्धान्त तथा दिगो विकाशका

विषयहरु स्पष्ट किटान गरेर अगाडि बढ्न यस ऐनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तह बीच आउनसक्ने राजनीतिक विवादको हल यस ऐनले प्रदान गरेको संरचनाबाट हुने अपेक्षा गरिएको छ।

प्रस्तावित ऐन बनाउनुपर्ने कारण र निम्न विषयहरु संवोधन गर्नुपर्ने आवश्यकता रहेको थियो:–

१. संविधानले सङ्घीय स्वरुपको सैद्धान्तिक संरचनाको व्यवस्था गरे पनि विस्तृत व्यवस्थाको अभावमा कार्यान्वयनको अन्योलता रहेको,
२. सङ्घ, प्रदेश र स्थानीय तह बीच साझा सूचीको हकमा कुन तहले कसरी कानून निर्माण र कार्यान्वयन गर्ने भन्ने विषयमा अन्योलता रहेको,
३. एकल सूचीमा रहेका अधिकार समेत दोहोरिएका कारण अधिकारको प्रचलनमा द्विविधा रहेको,
४. राजनीतिक र कानूनी प्रकृतिको विषय कुन–कुन हुन र ती विषयहरुको निरुपण कसरी गर्ने अस्पष्ट रहेको,
५. सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्ने संयन्त्र, प्रक्रिया र कार्यविधिको अभाव रहेको,
६. सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध सञ्चालन गर्न के कस्ता कानून कसले बनाउनु पर्ने हो स्पष्टता नभएको,
७. प्रदेश र स्थानीय तह बीचको विवाद भएमा कहाँ, कसले र कसरी उजुरी दिने, त्यसको जवाफदेही को हुने जस्ता विषयहरुको अस्पष्टता रहेको।
८. समन्वयको सन्दर्भमा आवश्यक हुने सहभागिता, परामर्श तथा संयन्त्रमा हुने अन्तरवस्तु स्पष्ट नभएको, र
९. सैद्धान्तिक रुपमा सहकार्य, समन्वयको सिद्धान्तका आधारमा सङ्घीय प्रणाली अगाडि बढ्ने कुरा स्वीकार गरिए पनि त्यस अन्तर्गतको विस्तृत कानूनी, नीतिगत, संरचनागत, र प्रक्रियागत व्यवस्थाको अभावले संविधान कार्यान्वयन नै चुनौतिपूर्ण हुने सम्भावना बढ्दै गएको।

## १.५. प्रतिवेदन तयारीको लागि अवलम्बन गरिएको अनुसन्धान पद्धती

प्रस्तुत एनको विधेयकको मस्यौदा तयार गर्नका लागि यसको गांभीर्यता र संवेदनशीलतालाई ध्यानमा राखी नेपाल कानून समाजले सहजीकरण गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय (प्रधानमन्त्रीको कार्यालय), कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा संसदका सम्वन्धित समितिहरुसँग निकट्तम सम्बन्ध कायम राखी विज्ञहरुको मनोनयन र कार्यसम्पन्न गर्ने तौर तरिका निश्चित गरिएको थियो। यस क्रममा विज्ञहरुको समूह र समीक्षा समूह गरी दुई भागमा विज्ञहरुको जिम्मेवारी बाँडफाँड गरिएको थियो। विज्ञहरुको समूहमा श्री खिमलाल देवकोटा, श्री रमेश लेखक, श्री पुष्पा भुषाल, श्री मोहन आचार्य, श्री अर्जुन खड्का, श्री कृष्णमान प्रधान र श्री रेजिना भट्टराई लाई समावेश गरिएको थियो भने प्रतिवेदन समीक्षा समूहमा श्री परशुराम मेघी गुरुङ, श्री तीर्थमान शाक्य, श्री सुभाषचन्द्र नेम्वाङ, श्री माधव पौडेल, श्री परशुराम उपाध्याय र श्री प्रकृति नेपाल रहनुभएको थियो। यो समूहले मस्यौदाको रुपरेखा तयार गर्ने, विधेयकको पहिलो मस्यौदा प्रस्तुत गर्ने विज्ञहरुसँग छलफल गर्ने र प्रदेश स्तरीय परामर्शमा सहभागी हुने तथा सहजीकरण गर्ने काम गरेको थियो।

यो ऐन नेपालको सन्दर्भमा नयाँ मात्र नभएर सङ्घीयता कार्यान्वयनका सम्बन्धमा विल्कुलै अनुभव नगरिएको विषय भएका कारणले कुनै एकमात्र निकाय वा मन्त्रालयले अरु ऐन सरह विधेयकको मस्यौदा गर्ने कुरा निकै चुनौतिपूर्ण थियो। संविधानको धारा २३५ उपधारा (१) मा व्यवस्था भए वमोजिम संविधान जारी भए सँगसँगै यो ऐन पनि जारी हुनुपर्ने ऐन थियो। जसको अभावमा तीन तहका सरकारहरुका विचको समन्वय सफल हुन सक्दैन भन्ने कुरा पनि स्वतः स्पष्ट थियो। त्यसैले प्रारम्भमै नेपाल कानून समाजले यसको अवधारणापत्र तयार गरी सो उपर भएको छलफल र छलफलको निष्कर्षका आधारमा विधेयकको मस्यौदा गरी कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, प्रधानमन्त्री कार्यालय र नेपाल कानून समाजमा छुट्टा छुट्टै विधेयकको मस्यौदा तयारी गर्ने काम भएको थियो। नेपाल कानून समाजले तयार गरेको विधेयकको मस्यौदाका सम्बन्धमा विभिन्न विज्ञहरुको सहभागिता समेत रहेको थियो।

नेपाल कानून समाजद्वारा तयार पारिएको प्रारम्भिक मस्यौदा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र प्रधानमन्त्री कार्यालयमा हस्तान्तरण भएको र सबै मस्यौदाहरुलाई एकीकृत गर्दै एकल मस्यौदा तयार पारी विधेयकका रुपमा संसदमा दर्ता भएको थियो। विधेयक मस्यौदा गर्नुभन्दा पहिला नेपाल कानून समाजको तर्फबाट रणनीतिक कार्ययोजना तयार पारी पटक–पटक कार्ययोजना माथि छलफल चलाइएको थियो। त्यसरी अवधारणापत्रको तयारी र अवधारणापत्रमा विभिन्न सरोकारवालाहरुसँगको अन्तरक्रिया, छलफल र सुझाव सङ्कलनका कार्य सम्पन्न गरिएको सम्भवतः नेपालको संविधान प्रारम्भ भए पछिको यो पहिलो विधेयक थियो। यस प्रयोजनका लागि विभिन्न प्रदेशहरुमा छलफल गरी पूर्व विधायिकी चरण विधायिकी चरण हुँदै विधेयकले अन्तिम रुप धारण गरेको थियो।

पूर्व विधायिकी चरण पूरा गरी संसदमा दर्ता भए पछि पनि अवधारणगत छलफल, दफावार छफफल समेतका छलफल गरी समितिका सदस्यहरुको सुझाव समावेश भएपछि मात्र विधेयक पारित भएको थियो। अवधारणा पत्र वारे अन्तरकृया कार्यक्रम, मस्यौदा तयारी समितिको गठन, मस्यौदा उपर परामर्श र परामर्शबाट प्राप्त परिणामका रुपमा समग्र मस्यौदा नेपाल कानून समाजको काम गर्ने तौर तरिका स्थापित बनेको छ।

नेपाल कानून समाज र प्रधानमन्त्री कार्यालय गरी जम्मा दुई वटा मस्यौदा तयार भैसकेका थिए। तत् पश्चात नेपाल कानून समाजको पहलमा दुई मस्यौदालाई एकीकरण गर्ने प्रयत्न स्वरुप एकीकृत मस्यौदा तयार पारी प्रधानमन्त्री कार्यालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा प्रस्तुत गरिएको थियो। त्यसै मस्यौदाको आधारमा प्रधानमन्त्री कार्यालयले विधेयक मस्यौदालाई अन्तिम रुप दिई संसदमा दर्ता गरेको पाइन्छ।

विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङ्गको सक्रिय सहभागितामा नेपाल कानून समाजका विज्ञहरुसँगको प्रारम्भिक छलफलका आधारमा प्रतिवेदनको मस्यौदा तयार गरिएको थियो भने उक्त मस्यौदामा गरिएको छलफलका आधारमा पुनः दोस्रो मस्यौदा तयारी र उक्त मस्यौदाका आधारमा पुनः छलफल गरी तेश्रो मस्यौदा र अन्त्यमा उक्त मस्यौदा माथि समेत छलफल गरी अन्तिम मस्यौदा तयार गरी सातवटै प्रदेशमा छलफल कार्यक्रमहरु सञ्चालन गरिएका थिए। छलफलमा प्राप्त सुझावहरु समेतका आधारमा यस प्रतिवेदनलाई पूर्णता दिने कार्य भएको छ। यसर्थ प्रतिवेदन पूर्णतः द्वित्तीय तथ्याङ्क, विज्ञहरुसँगको परामर्श र सङ्घ तथा प्रदेशमा गरिएका छलफल र अन्तक्रियाका आधारमा तयार पारिएको छ। यस अन्तिम प्रतिवेदनको विशेषतालाई सङ्घ, प्रदेश र स्थानीय तहका सरोकारवालाहरुलाई जानकारी दिने उद्देश्यले २०७७ फागुन महिनामा सातवटै प्रदेशमा संवाद कार्यक्रम पनि सम्पन्न गरिएको थियो।

## १.६. प्रतिवेदनको सीमा

प्रस्तुत प्रतिवेदन संविधानको भाग २० धारा २३५ को उपधारा (१) अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध र समन्वय कायम गर्ने सम्बन्धमा संविधानको प्रावधान कार्यान्वयन गर्न एक महत्वपूर्ण ऐन निमार्ण प्रक्रियाका सम्बन्धमा भएका गतिविधिहरुमा मात्र केन्द्रित छ। प्रस्तुत ऐन तर्जुमा सन्दर्भमा नेपाल कानून समाजले तयार पारेको प्रारम्भिक कार्यपत्रको तयारी, कानूनको प्रारम्भिक मस्यौदा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समिति, प्रतिनिधि सभा अन्तर्गत राज्य व्यवस्था तथा सुशासन समिति लगायत राजनीतिक नेतृत्व, विज्ञहरुसँगको निरन्तर छलफल र अर्न्तक्रियाका आधारमा तयार पारिएका विभिन्न मस्यौदाहरु, पूर्व विधायिकी चरण र विधायिकी चरणमा काठमाण्डौ र सातवटै प्रदेशका विभिन्न स्थानहरुमा गरिएका अर्न्तक्रिया कार्यक्रमहरुबाट प्राप्त सुझावको आधारमा तयार पारिएका संशोधन प्रस्ताव र सङ्घीय संसदबाट पारित हुँदासम्मका गतिविहरुमा मात्र प्रतिवेदन केन्द्रित रहेको छ।

प्रतिवेदनमा सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध र समन्वय सम्बन्धमा संविधानमा भएका प्रावधानहरु, सङ्घीय प्रणाली अपनाएका केही मूलुकमा भएका यस सम्बन्धी अभ्यास लगायतका विषयहरु मात्र उल्लेख गरिएको छ। कार्यपत्र तयार पार्ने क्रममा प्रारम्भमा सन्दर्भ सामाग्रीको चर्चा गरिए पनि अन्तर्राष्ट्रिय अभ्यासका सम्बन्धमा विस्तृत रुपमा उल्लेख गरिएको छैन। ऐनको रुपमा विधेयक पारित हुनु अगाडि तयार पारिएका विभिन्न मस्यौदाहरु (नेपाल कानून समाजको प्रारम्भिक मस्यौदा, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मस्यौदा) को मुख्य विशेषताहरु, मस्यौदा तयार पार्ने क्रममा भएका छलफल तथा अर्न्तक्रियाहरु, राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको तर्फबाट तयार पारिएको संशोधन सहितको प्रतिवेदनका मुख्य विशेषताहरु, प्रतिनिधि सभा अन्तर्गत राज्य व्यवस्था समितिले तयार पारेको प्रतिवेदनका मुख्य विशेषताहरु, कानून निर्माण तथा कार्यान्वयनमा संलग्न उच्चस्तरीय राजनीतिक व्यक्तित्वहरुका अन्तवार्ताका मुख्य सारांश जस्ता विषयहरु समेटिएका छन्।

प्रतिवेदनको उद्देश्य नेपाल कानून समाजको सहजीकरणमा सहभागितामूलक कानून निमार्णमा नेपाल सरकार तथा सङ्घीय संसदले खेलेको भूमिका, सरोकारवालाका सुझाव तथा प्रतिक्रियाहरु, विषय विज्ञहरुका योगदान, टाउनहल बैठकमा प्राप्त भएका सुझावहरु र उक्त सुझावहरु माथि सङ्घीय संसदको प्रतिक्रिया लगायतका विषयहरु समेटने प्रयत्न गरिएको छ। प्रतिवेदनले अन्य कानूनहरुको सम्बन्धमा चर्चा गरेका छैन तर कानून निमार्णमा सहभागीतामूलक पद्धतीलाइ भने महत्वका साथ उठान गर्ने प्रयत्न गरिएको छ।

# परिच्छेद २–विधेयकको मस्यौदाको अवधारणा निर्धारणदेखि विधेयक पारित हुँदासम्म भएका गतिविधिहरू

प्रस्तुत ऐनको विधेयक मस्यौदा गर्ने र विधेयकमाथि सदनभित्र र सदनबाहिरका छलफलको प्रारम्भ गर्नुभन्दा अगाडि नै कानून निर्माणको आवश्यकता र महत्व, कानून मस्यौदा गर्दा ध्यान दिनु पर्ने अन्तरवस्तु लगायतका विषयमा घनिभूत छलफलहरु भएका थिए। छलफलहरुका आधारमा तयार भएको पहिलो मस्यौदा, मस्यौदा माथिका भएका छलफलहरु र त्यसका आधारमा तयार भएको दोस्रो मस्यौदा, संसदमा विधेयकको रुपमा प्रस्तुती, राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजद्वारा देशभर सञ्चालन गरिएका टाउनहल बैठक र छलफलहरु, विधायन व्यवस्थापन समितिको प्रतिवेदन, उक्त प्रतिवेदनका आधारमा राष्ट्रिय सभाबाट विधेयक पारित भई प्रतिनिधि सभामा सन्देश सहित सम्प्रेषण प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा भएका छलफल र प्रतिवेदन र त्यस सदनबाट समेत पारित भई राष्ट्रपतिबाट प्रमाणीकरण हुँदासम्म विभिन्न गतिविधिहरु सम्पन्न गरिएका थिए। त्यस गतिविधिका क्रममा यसले करिव दुईवर्षको अवधि लिएको थियो। कानून निर्माणका सम्बन्धमा भए गरेको गतिविधिहरु मध्ये केही महत्वपूर्ण गतिविधिहरु मात्र यहाँ चर्चा गर्ने प्रयास गरिएको छ।

## २.१. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को पूर्व विधायिकी चरण

### २.१.१. रणनीतिक योजनाको रूपमा अनुसन्धानमूलक कार्यपत्रको लेखन तथा र छलफल

नेपाल कानून समाजले प्रारम्भमा विधायन व्यवस्थापन समिति, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका अधिकारी र विभिन्न विज्ञहरुसँगको छलफलको आधारमा “अन्तर सरकारी समन्वय संयन्त्र सम्बन्धी कानून निर्माणको लागि अवधारणा पत्र” तयार पारेको थियो। विषय विज्ञको रुपमा अधिवक्ता श्री मोहनलाल आचार्यले तयार पारेको अवधारणाको कार्यपत्रको आधारमा छलफलको सुरुवात गरिएको थियो। कार्यपत्र २०७५ कार्तिकमा तयार गरी पटक–पटकका छलफलका आधारमा परिमार्जन गरिएको थियो। अवधारणा पत्रलाई प्रदेशस्तरका सरोकारवालाहरुसँग संवाद गर्ने उद्देश्यले २०७५ मंसिर ९ गते (२५ नोवेम्बर २०१८) मा जनकपुर र २०७५ मंसिर ११ गते (२७ नोवेम्बर २०१८) मा धनगढीमा कार्यक्रमहरु सम्पन्न गरी प्राप्त सुझावको आधारमा अवधारणापत्रलाई अद्यावधिक गरियो। उक्त अद्यावधिक अवधारणापत्रलाई पुनः केन्द्रीय सरोकारवालाहरुसँग २०७५ पुस २९ गते (१३ जनवरी २०१९) मा छलफल गरी अन्तिम रुप दिइयो। मस्यौदाको कार्यपत्र नै विधेयक मस्यौदाको एउटा महत्वपूर्ण आधार बनेको

थियो । अवधारणापत्रमा पृष्ठभूमि, समन्वय सम्बन्धमा नेपालको संविधानमा भएका प्रावधानहरु र कानूनको आवश्यकता, सङ्घीय मूलुकहरुले समन्वय सम्बन्धमा गरेका महत्वपूर्ण अभ्यासहरु (भारत, इथियोपिया, केन्या, बेल्जियम, दक्षिण अफ्रिका, संयुक्त राज्य अमेरिका र स्वीटजरल्याड) कानूनी व्यवस्था समेत समेटिएको थियो ।

कार्यपत्रमा सङ्घीय एकाईहरुको समन्वय सम्बन्धी कानून निर्माणको आवश्यकता र औचित्य, समन्वय सम्बन्धी कानून तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरु, प्रस्तावित कानूनले समेटेनु पर्ने विषयहरु, कानून निर्माणको अवधि र तत् पश्चात गर्नुपर्ने मुख्य कार्यहरु सहितको कार्ययोजनाको खाका समेत प्रस्तुत गरिएको थियो ।

विधेयक मस्यौदाका सन्दर्भमा गरिएको अवधारणाका आधारमा विषयवस्तुको पहिचान गरी मस्यौदाको चरणमा प्रवेश गरिएको थियो । अवधारणापत्र उपर तिनै तहका सरकारका प्रतिनिधिहरु, तिनै तहका निर्वाचित जनप्रतिनिधिहरु, विधेयकसँग सरोकार राख्ने अन्य सरोकारवालाहरु र विज्ञहरुको सक्रिय सहभागितामा छलफलहरु सम्पन्न गरिएका थिए ।

## २.१.२. अन्तरप्रदेश परिषदको बैठक र कार्यदल

सङ्घ, प्रदेश तथा प्रदेश–प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न धारा २३४ बमोजिम अन्तर प्रदेश परिषद्को बैठकको माग भइरहँदा यो विधेयकको अवधारणा तयार हुँदै गरेको थियो । सबै प्रदेश सरकार र स्थानीय सरकारले सङ्घीय सरकारले संविधान बमोजिम सङ्घले कानून बनाउनुपर्ने र सङ्घीय सरकारले समन्वय गर्नुपर्ने माग भइरहेको समयमा २०७५ मंसिर २३–२४ गते प्रधानमन्त्रीको नेतृत्वमा अन्तर प्रदेश परिषदको पहिलो बैठक काठमाण्डौ बस्यो । यो बैठक बस्नुभन्दा अगाडि नेपाल कानून समाजले सङ्घीयताको कार्यान्वयनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट समन्वय हुनुपर्ने विषयमा चरणबद्ध रुपमा विभिन्न सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरेको थियो ।

यस पहिलो बैठकमा सबै प्रदेशका मुख्यमन्त्री र सङ्घका सम्पूर्ण मन्त्री तथा सचिवहरुको सहभागिता रहेको थियो । उक्त बैठकबाट गृहमन्त्रीको संयोजकत्वमा सङ्घीयता कार्यान्वयनमा समाधानका विषयहरु पहिचान गर्न समिति गठन गरेको थियो । तत्पश्चात पुनः अन्तर प्रदेश परिषदको दोस्रो बैठक २०७५ पुस ३ गते काठमाण्डौमा बस्यो । उक्त बैठकले सङ्घीयता कार्यान्वयन सहजीकरण कार्ययोजना स्वीकृत गरी कार्यक्रम अगाडि बढायो । जस अनुसार सङ्घ, प्रदेशले आ–आफ्नो कार्यक्रम अगाडि बढाउने काम गऱ्यो ।

दुईवटा बैठक पश्चात सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वय र सहकार्यमा केही सुधार भयो भने सङ्घ, प्रदेश र स्थानीय अन्तर सम्बन्ध र समन्वयको कानून निर्माण गर्न प्रधानमन्त्रीको कार्यालय सक्रिय भयो ।

यसै क्रमलाई निरन्तरता दिने उद्देश्यले उक्त अन्तर प्रदेश परिषद्को तेस्रो बैठक २०७६ वैशाख १३ गते बस्यो । उक्त बैठकले विगतमा भएका कार्यक्रमको समीक्षा गर्नुका साथै भावि कार्यक्रमहरु तय गरेको थियो ।

आज सङ्घ, प्रदेश र स्थानीय समन्वय गर्न सरकारको प्रयासमा सङ्घीय संसदले सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ लागू गरी सहज वातावरण बनाएको अवस्था देखिन्छ ।

## २.१.३. विधेयकको प्रारम्भिक मस्यौदा तयारीः नेपाल कानून समाजको प्रयास

सरकारी निकायबाट भएको मस्यौदाको तयारी सँगै नेपाल कानून समाजले समन्वय सम्बन्धी कानून निर्माणका लागि सरकारलाई सहयोग गर्न आफ्नो तर्फबाट मस्यौदाको तयारी थालेको थियो। आरम्भमा समन्वय सम्बन्धी अवधारणापत्र तयार गरी सोको वारेमा औपचारिक छलफल आरम्भ गरिसकेको हुनाले आन्तरिक रुपमा विज्ञहरुको सूची तयार गरी विधेयकको मस्यौदा गर्ने काम थालनी सहज हुन पुग्यो।

विधेयकको मस्यौदाका लागि पृष्ठपोषण दिन नेपाल कानून समाजले श्री तीर्थमान शाक्य, श्री कल्याण श्रेष्ठ, श्री सुभाषचन्द्र नेम्वाङ्ग, श्री राधेश्याम अधिकारी, श्री माधव पौडेल, श्री टेकप्रसाद ढुङ्गाना, श्री खिमलाल देवकोटा, श्री अर्जुन कुमार खड्का र श्री परर्शुराम उपाध्याय सम्मिलित १० सदस्यीय विषय विज्ञहरुको टोली गठन गरी विधेयकको अनौपचारिक मस्यौदाको कार्य थालनी गर्‍यो। यस टोलीले विभिन्न चरणमा विभिन्न सरोकारवालाहरुसँग छलफल गरी तयार पारेको मस्यौदाले अन्तिम रुप ग्रहण गर्ने क्रममा प्रधानमन्त्री कार्यालयले मस्यौदा तयार गरेको जानकारीका आधारमा प्रधानमन्त्री कार्यालयसँग समन्वय गरी विधेयकको मस्यौदा कार्यमा संलग्न प्रधानमन्त्री कार्यालयका सचिव (कानून) श्री रमेश ढकालसँग निरन्तरको छलफल र परामर्श गर्ने काम सम्पन्न भयो। नेपाल कानून समाजले तयार गरेको मस्यौदा उपर परामर्श बैठकमा प्रधानमन्त्री कार्यालय, कानून मन्त्रालयका प्रतिनिधिहरुलाई आमन्त्रण गरी २०७५ माघ २० गते संयुक्त बैठक बस्यो। संयुक्त टोलीले चरणबद्ध रुपमा मस्यौदालाई सरोकारवाला र विज्ञहरुको बीच संवाद गर्दै विधेयकलाई अन्तिम रुप दिइयो। नेपाल कानून समाज र कानून न्याय तथा संसदीय मन्त्रालयको आपसी परामर्शमा नेपाल कानून समाजले तयार गरेको विधेयकको मस्यौदा प्रधानमन्त्री कार्यालयमा मितिः २०७५ चैत्र १८ गते (अर्थात १ अप्रिल २०१९) मा हस्तान्तरण गरिएको थियो।

मस्यौदा सहितको प्रतिवेदनको हस्तान्तरण भएको २०७६ वैशाख ६ (१९ अप्रिल २०१९) गतेका दिन प्रधानमन्त्री कार्यालयको तर्फबाट विधेयक सङ्घीय संसद समक्ष दर्ता भएको थियो।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सङ्घीय संसदमा दर्ता गरिएको विधेयक अनुसूची १ मा प्रस्तुत गरेको छ। नेपाल कानून समाजका तर्फबाट तयार पारिएको मस्यौदामा परामर्श गर्ने क्रममा आयोजना गरिएका परामर्श बैठकको विवरण देहाय बमोजिम रहेका छन्ः–

१) २०७५ फाल्गुण २२ गते बुधबार (६ मार्च, २०१९) का दिन नेपाल कानून समाजको कार्यालयमा मस्यौदाका विधेयकको परामर्शको प्रयोजनका लागि विज्ञहरुको बैठक आयोजना गरिएको थियो। उक्त बैठकमा कार्यपत्रमाथि छलफल गर्दै मस्यौदाको प्रारम्भिक खाका, उक्त विधेयकमा समावेश गर्नुपर्ने मुख्य विषयहरु लगायतमा प्रारम्भिक छलफल सम्पन्न गरिएको थियो।

२) २०७५ फाल्गुण २९ गते बुधबार (१३ मार्च, २०१९) का दिन विज्ञहरुको बैठक होटल साँग्रिलामा कार्यपत्रमाथि विस्तृत रुपमा छलफल गरी सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तर सम्बन्ध र समन्वयका आधारहरु, सहकार्यका क्षेत्रहरु, केही अन्तर्राष्ट्रिय अभ्यासहरु, मस्यौदा गर्दा ध्यान दिनु पर्ने विषयहरु, मस्यौदाले समेट्नु पर्ने आधारभूत विषयहरु लगायतमा सङ्घीय संसदका सदस्यहरु, राजनीतिक दलका नेताहरु, नागरिक समाजका अगुवाहरु र विषय विज्ञहरुका बीचमा छलफल तथा अर्न्तक्रिया कार्यक्रमको आयोजना गरी सुझाव तथा प्रतिक्रियाहरु सङ्कलन गरिएको थियो।

३) २०७५ चैत्र १ गते शुक्रबार (१५ मार्च, २०१९) का दिन होटल साग्रिंलाबाट प्राप्त सुझाव तथा सल्लाहका आधारमा कार्यपत्रमा समायोजन गरी पुनः विज्ञहरुको सल्लाह तथा सुझावको लागि

नेपाल कानून समाजमा  विज्ञहरुको बैठक आयोजना गरी थप सल्लाह र सुझावका आधारमा कार्यपत्र अद्यावधिक गरिएको थियो।

४) २०७५ चैत्र ५ गते मंगलबार (१९ मार्च, २०१९) का दिन नेपाल कानून समाजको हलमा विधेयकको प्रारम्भिक मस्यौदालाई विस्तार गर्नका लागि विज्ञहरुको बैठक आयोजना गरि विधेयकका आधारभूत पक्षहरु, विधेयकमा समेट्नु पर्ने मुख्य विषयहरु लगायतका विषयमा छलफल गरी सुझावहरु सङ्कलन गरिएको थियो।

५) २०७५ चैत्र २० गते बुधबार (३ अप्रिल, २०१९) का दिन मस्यौदाकारहरुबाट तयार पारिएको विधेयकमा विज्ञहरुको परामर्श र पृष्ठपोषणको लागि पुनः होटल साँग्रिलामा अन्तक्रिया कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा मस्यौदामा रहेका त्रुटिहरु, छुटेका विषयहरु, थप्नु वा झिक्नु पर्ने विषयहरु लगायतमा विषय विज्ञहरुले सुझावहरु दिनु भएको थियो भने मस्यौदाकारलाई उक्त सुझावका आधारमा थप परिमार्जन गर्ने जिम्मेवारी दिइएको थियो।

६) २०७५ चैत्र २४ गते आइतबार (७ अप्रिल, २०१९) सांग्रिला होटलको कार्यक्रमबाट प्राप्त सुझावहरुको समीक्षा र मस्यौदा विधेयकमा समेट्नु पर्ने विषय माथि छलफलको लागि विज्ञहरुको बैठक नेपाल कानून समाजमा आयोजना गरिएको थियो।

७) २०७६ वैशाख ३ गते मंगलबार (१६ अप्रिल, २०१९) मा मस्यौदा विधेयकलाई अन्तिम रुप दिनको लागि नेपाल कानून समाजमा विज्ञहरुको बैठकको आयोजना गरिएको थियो।

९) २०७६ वैशाख २३ गते सोमबार (६ मे २०१९) मा नेपाल कानून समाजमा विज्ञहरु बीच र २०७६ वैशाख २९ गते आइतबार (१२ मे, २०१९) गाउपालिका राष्ट्रिय महासङ्घ तथा नगरपालिका सङ्घका प्रतिनिधिहरुसँग छलफल गरी सुझाव लिने काम पनि सम्पन्न गर्‍यो । औपचारिक रुपमा संसदमा विधेयक दर्ता भैसकेको भएपनि सो मस्यौदा संसदमा दर्ता नभईसकेको अवस्था हुँदा सोही मस्यौदाका सन्दर्भमा नेपाल कानून समाजमा विज्ञहरुका बीचमा छलफल गर्ने काम जारी नै रहयो।

१०) यस प्रकार हेर्दा नेपाल कानून समाजद्वारा गठित विधेयक मस्यौदा समितिको विभिन्न ९ वटा बैठकहरु सम्पन्न गरी परामर्श गर्ने काम भएको पाइन्छ।

## २.२. सङ्घीय संसद र सम्बन्धित समितिहरूमा प्रस्तुत विधेयक उपर भएको छलफल (विधायिकी चरण): संक्षिप्त चर्चा

विधायिकी चरण अन्तर्गत राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति र प्रतिनिधि सभाको राज्य व्यवस्था समितिमा यस विधेयक उपर व्यापक छलफल र परामर्श भएका थिए। समितिभित्र सञ्चालन भएका छलफल तथा अर्न्तक्रिया र समिति बाहिर समेत नेपाल कानून समाजसँगको सहकार्यमा समितिमा विधेयक विचाराधीन रहेको चरणमा व्यापक छलफलको लागि मूलुकका सातवटै प्रदेशहरुमा दुई चरणमा टाउनहल बैठकहरु सम्पन्न भएका थिए। यस शीर्षक अन्तर्गत विधेयक उपर हुने छलफको संवैधानिक तथा कानूनी व्यवस्था तथा विधि, समितिहरुको योगदान, राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समिति, नेपाल कानून समाजको संयुक्त रुपमा सञ्चालन गरिएका कार्यक्रमहरु लगायतका विषयमा चर्चा गर्ने प्रयास गरिएको छ।

## २.२.१. विधेयक उपर हुने छलफलको संवैधानिक तथा कानूनी व्यवस्था तथा विधि

अन्य मूलुकमा जस्तै नेपालमा कानून निर्माण गर्ने सन्दर्भमा व्यवस्थापिकाको महत्वपूर्ण भूमिका रहन्छ। संविधानको धारा १११ तथा प्रतिनिधि सभा नियमावली, २०७५ र राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम यस सम्बन्धी कार्यविधि निर्धारण भएको छ। नेपालको संविधान बमोजिम सङ्घीय संसदको एक सदनले पारित गरेको विधेयक यथाशिघ्र अर्को सदनमा पठाइने र सो सदनले पारित गरेपछि प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्ने व्यवस्था रहेको पाइन्छ। प्रतिनिधि सभाले पारित गरेको अर्थ विधेयक राष्ट्रिय सभामा पठाइने तथा राष्ट्रिय सभाले विधेयकमा छलफल गरी विधेयक प्राप्त गरेको पन्ध्र दिनभित्र कुनै सुझाव भए सुझाव सहित प्रतिनिधि सभामा फिर्ता पठाउनु पर्ने व्यवस्था रहेको छ। सुझाव सहित फिर्ता आएको विधेयकमा प्रतिनिधि सभाले छलफल गरी उचित देखेको सुझाव समावेश गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। अर्थ विधेयक भए प्राप्त गरेको पन्ध्र दिन भित्र राष्ट्रिय सभाले विधेयक फिर्ता नगरेमा प्रतिनिधि सभाले प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्न सक्ने व्यवस्था रहेको छ। यसका अतिरिक्त, राष्ट्रिय सभामा पठाएको अर्थ विधेयक बाहेक अन्य विधेयक राष्ट्रिय सभाले आफू समक्ष प्राप्त भएको दुई महिनाभित्र पारित गरी वा सुझाव सहित फिर्ता पठाउनु पर्ने व्यवस्था रहेको र दुई महिनाको समयावधिभित्र राष्ट्रिय सभाले विधेयक फिर्ता नगरेमा प्रतिनिधि सभाले तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यहरूको निर्णयबाट सो विधेयक पारित गरी प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्न सकिने संवैधानिक व्यवस्था रहेको छ।

संवैधानिक प्रावधान बमोजिम अर्थ विधेयक बाहेक अन्य विधेयक कुनै सदनले पारित गरेको अन्य विधेयक अर्को सदनले अस्वीकृत गरेमा वा संशोधन सहित पारित गरेमा सो विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउनु पर्नेछ। तर राष्ट्रिय सभाबाट अस्वीकृत भई वा संशोधन सहित प्रतिनिधि सभामा फिर्ता आएको विधेयक उपर विचार गरी प्रतिनिधि सभाको तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यहरूले प्रस्तुत रूपमा वा संशोधन सहित पुनः पारित गरेमा सो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिने संवैधानिक व्यवस्था रहेको छ।

प्रतिनिधि सभाबाट संशोधन सहित राष्ट्रिय सभामा फिर्ता आएको विधेयक राष्ट्रिय सभाले पनि तत्काल कायम रहेको सदस्य संख्याको बहुमत सदस्यले त्यस्तो संशोधन सहित पुनः पारित गरेमा प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गरिने व्यवस्था रहेको छ। तर कतिपय विधेयकहरु दुबै सदनको संयुक्त बैठकमा प्रस्तुत गर्नुपर्ने र संयुक्त बैठकले विधेयकलाई प्रस्तुत रूपमा वा संशोधन सहित पारित गरेमा विधेयक उत्पत्ति भएको सदनले प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पेश गर्नुपर्ने संवैधानिक व्यवस्था भएको पाइन्छ।

## २.२.२. संसदीय समितिहरूमा भएका छलफल

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ पारित गर्ने क्रममा लामो छलफल, अन्तरक्रिया र अन्तर सम्वादबाट विभिन्न सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता र विज्ञहरुको रायको आधारमा अन्तिम रुप दिई विधेयक पारित गर्नका लागि राष्ट्रिय सभाको विधायन व्यवस्थापन समिति तथा प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिले महत्वपूर्ण भूमिका खेलेका थिए।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ निर्माण गर्दा के कस्ता कार्यविधि तथा पद्धतीको अवलम्बन भएको थियो सो सन्दर्भमा यस प्रतिवेदनमा विस्तृत रुपमा उल्लेख गर्ने गरिएको छ।

प्रस्तुत विधेयक राष्ट्रिय सभामा प्रस्तुत हुनासाथ सो सभामा सैद्धान्तिक छलफल पूरा नहुँदै यो विधेयक उपर सरोकारवाला र नागरिक समाजका प्रतिनिधिसँग परामर्शको थालनी भएको थियो । सोही सभाको विधायन व्यवस्थापन समितिको आयोजनामा यो विधेयक उपर साते प्रदेशका सरोकारवालाहरुसँग परामर्श गरी सुझावहरु सङ्कलन गरेको थियो।

## २.२.३. विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त आयोजनामा भएका प्रथम चरणका कार्यक्रमहरू

नेपाल कानून समाजले नेपालको संविधान निर्माणको क्रममा तथा तत् पश्चात नेपालको संविधान निर्माण भएपछि यसको कार्यान्वयन र सङ्घीय संसदबाट पारित हुने कुनै पनि विधेयकमा संवाद गरी नागरिकको कानून निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने उद्देश्यले सातवटै प्रदेश (१ नं. प्रदेशको विराटनगर, २ नं. प्रदेशको जनकपुर, वागमती प्रदेशको हेटौडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूर पश्चिम प्रदेशको धनगढी) मा नागरिक संवाद केन्द्र (Civic Initiative Center) स्थापना गरी सङ्घीय संसद र प्रदेश सभाका सदस्यहरु र सरोकारवाला बीच संवाद/छलफल कार्यक्रम गर्दै आएको छ। यसै क्रममा राष्ट्रियसभा विधायन व्यवस्थापन समितिमा विचाराधीन रहेको सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा प्रदेशस्तरका सरोकारवालाहरुसँग संवाद गरी विधेयकको बारेमा जानकारी दिने र सुझाव सङ्कलन गरी सरोकारवालाहरुको कानून निर्माण प्रक्रियामा सहभागी गराउने उद्देश्यले एन.डि.आइ.को सहयोगमा सातवटै प्रदेशमा एक दिवसीय “टाउनहल मिटिङ (संवाद) कार्यक्रमहरु” सम्पन्न भएका थिए। प्रारम्भिक चरणमा गरिएका छलफल तथा अर्न्तक्रियाको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

### सहभागी समूह

टाउनहल मिटिङमा सङ्घीय संसदको विधायन व्यवस्थापन समितिका सदस्यहरु, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेशसभाका सभामुख, उपसभामुख, सदस्यहरु, गाउँपालिका, नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, नेपाल सरकारको कर्मचारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कानून व्यवसायी, नागरिक समाजका अगुवाहरु, बुद्धिजीविहरु र अन्य सरोकारवाला समूहहरु गरी करिव ७३० जना सरोकारवालाहरु सहभागी रहेका थिए।

### कार्यक्रमको सारांश

क) इटहरी, प्रदेश नं. १

नेपाल कानून समाज र नागरिक संवाद केन्द्र विराटनगरले प्रदेश नं. १ अन्तर्गत मोरङ, सुनसरी र धनकुटा जिल्लाका सरोकारवालाहरुलाई समावेश गरी प्रस्तुत विधेयकमा संवाद गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले २०७६ जेष्ठ ६ गते इटहरीमा आयोजना गरेको टाउनहल मिटिङ राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङको अध्यक्षतामा सम्पन्न भएको र उक्त कार्यक्रममा वरिष्ठ अधिवक्ता तथा संविधानसभा सदस्य श्री खिमलाल देवकोटाले विधेयकको विशेषता र चुनौतिको बारेमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको शुरुमा अधिवक्ता श्री मोहन कोइरालाले सहभागीहरुलाई स्वागत गर्नु भएको थियो भने संवाद केन्द्रका प्रमुख तथा वरिष्ठ अधिवक्ता श्री सुरेशलाल श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको

थियो। करिव १०० जना सहभागी रहेको उक्त कार्यक्रममा प्रदेश नं. १ का प्रदेश सभामुख श्री प्रदिप कुमार भण्डारीले कार्यक्रमको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो। सहभागीहरुको तर्फबाट विधेयकका विभिन्न दफामा छलफल गरी सुझाव दिने काम भयो। कार्यक्रमको अन्तमा सभापति श्री परशुराम मेघी गुरुङ र सदस्य श्री हरिशरण सीवाकोटीले समूहगत छलफलबाट उठेका प्रश्न र सुझावलाई स्वागत गर्दै विधेयकमा संशोधन प्रक्रियाबाट अद्यावधिक गर्ने विचार राख्नुभयो।

ख) जनकपुर, प्रदेश नं. २

नेपाल कानून समाज र नागरिक संवाद केन्द्र जनकपुरको आयोजनामा प्रदेश नं. २ जनकपुरका विभिन्न सरोकारवालाहरुसँग प्रस्तुत विधेयकमा संवाद गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले जनकपुरमा टाउनहल मिटिङ २०७६ वैशाख १४ गते जनकपुरमा आयोजना गरिएको थियो। राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिका सभापति श्री परशुराम मेघी गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता अधिवक्ता श्री दिपेन्द्र झाले विधेयकको विशेषता र चुनौतिको बारेमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रमको शुरुमा नेपाल कानून समाजको कोषाध्यक्ष तथा वरिष्ठ अधिवक्ता श्री सुनीता रेग्मीले सम्पूर्ण सहभागीहरुलाई स्वागत गर्नुभएको थियो भने अधिवक्ता तथा नागरिक संवाद केन्द्रका प्रमुख श्री रेखा झाले टाउनहल मिटिङको उद्देश्य र कार्यक्रमबारे प्रकाश पार्नु भएको थियो। विभिन्न समूहको सरोकारवालाहरु गरी ७८ जनाको सहभागी रहेको उक्त कार्यक्रममा राष्ट्रिय सभाका सदस्य श्री सिंहबहादुर विश्वकर्मा र समितिका उप–सचिव श्री नागेन्द्रप्रसाद चौधरीले समितिको गतिविधि र विधेयकका बारेमा जानकारी दिनु भएको थियो। कार्यक्रममा अधिकांश सहभागीहरुले विधेयकको अन्तरवस्तुको स्वागत गर्दै विधेयक लोकतान्त्रिक र नेपालको संविधानको भावना बमोजिम बन्नुपर्ने कुरामा जोड दिनुभयो। समितिको सभापति श्री परशुराम मेघी गुरुङले सरोकारवालाहरुको सुझावलाई विधेयकमा समावेश गर्ने प्रतिबद्धता जाहेर गर्नुभयो।

ग) सिन्धुपाल्चोक, बागमती प्रदेश

नेपाल कानून समाज र नागरिक संवाद केन्द्र, हेटौडाको आयोजनामा बागमती प्रदेश अन्तर्गत सिन्धुपाल्चोक जिल्लाका सरोकारवालाहरुसँग विधेयकमा संवाद गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले २०७६ जेष्ठ ३ गते चौतारामा टाउनहल मिटिङ आयोजना गरिएको थियो। विधायन व्यवस्थापन समितिका सदस्य श्री ठगेन्द्र प्रकाश पुरीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा वरिष्ठ अधिवक्ता तथा पूर्व मन्त्री श्री रमेश लेखकले विधेयकको विशेषता र चुनौतिको बारेमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। नेपाल कानून समाजका श्री ज्ञानेन्द्र तिमिल्सिनाले कार्यक्रममा स्वागत मन्तव्य राख्नु भएको थियो भने संवाद केन्द्रका प्रमुख तथा अधिवक्ता श्री रघुनाथ खरालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। कार्यक्रममा करिव ६५ जना सहभागी थिए। सहभागीहरुलाई समूहगत विभाजन गरी विधेयकको विभिन्न दफामा छलफल गराइएको थियो। छलफलपछि संविधान सभाका सदस्य श्री कमला विश्वकर्मा, विधायन व्यवस्थापन समितिका सदस्य श्री अनिता देवकोटा र श्री सिंहबहादुर विश्वकर्माले विधेयक बारे आ–आफ्नो धारणा राख्नु भएको थियो। कार्यक्रमको अन्तमा कार्यक्रमका अध्यक्ष राष्ट्रिय सभाको सदस्य श्री ठगेन्द्रप्रकाश पुरीले कार्यक्रममा उठेका प्रश्न र सुझावलाई विधेयकमा संशोधन प्रक्रियाबाट अद्यावधिक गर्ने आफ्नो धारणा राख्नुभयो।

घ) पोखरा, गण्डकी प्रदेश

प्रस्तुत विधेयकमा गण्डकी प्रदेशका सरोकारवालाहरुसँग संवाद तथा छलफल गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले २०७६ वैशाख १३ गते पोखरामा टाउनहल मिटिङ आयोजना गरिएको थियो। नेपाल कानून समाज र नागरिक संवाद केन्द्र, पोखराले आयोजना गरेको उक्त कार्यक्रममा विधायन व्यवस्थापन समितिका सदस्यहरु श्री बृषेशचन्द्र लाल, श्री प्रकाश पन्थ र श्री उदया शर्मा पौडलको सहभागिता थियो।

समितिका सदस्य श्री वृषेश चन्द्र लालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नागरिक संवाद केन्द्र, पोखराका प्रमुख तथा अधिवक्ता श्री जुना कुमारी गुरुङले सहभागीहरुलाई स्वागत गर्दै केन्द्रको गतिविधि बारे जानकारी गराउनु भएको थियो। नेपाल कानून समाजको सह–सचिव तथा वरिष्ठ अधिवक्ता श्री उषा मल्ल पाठकले टाउनहल मिटिङको उद्देश्य र प्रक्रियाको बारेमा जानकारी दिनु भएको थियो। अधिवक्ता तथा सहप्राध्यापक श्री तेजमान श्रेष्ठले विधेयकको विशेषता र चुनौतिको बारेमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। विभिन्न सरोकारवालाहरु गरी ८२ जना सहभागीलाई ५ वटा विभिन्न समूहमा विभाजन गरी विधेयकको विस्तृत रुपमा छलफल गरी समूहगत प्रतिवेदन पेश गर्‍यो। प्रतिवेदन पेश भएपछि समितिका सदस्यहरुले समितिको गतिविधि र विधेयकको महत्वको बारेमा प्रकाश पार्नुभयो भने कार्यक्रमका अध्यक्ष तथा सदस्य श्री वृषेशचन्द्र लालले सहभागीहरुले दिएको सुझाव व्यावहारिक र संविधानको भावना बमोजिम भएको हुँदा विधेयकमा समावेश गर्ने विश्वास दिलाउनु भयो।

ङ) बुटवल, लुम्बिनी प्रदेश

प्रस्तुत विधेयकका अन्तरवस्तुको विषयमा प्रदेश र जिल्ला स्तरका सराकोरवालाहरुसँग परामर्श गर्ने र सुझाव सङ्कलन गर्ने उद्देश्यले नेपाल कानून समाज तथा नागरिक संवाद केन्द्र बुटवलले २०७६ वैशाख १४ गते लुम्बिनी प्रदेशको बुटवलमा टाउनहल मिटिङ आयोजना गरेको थियो। विधायन व्यवस्थापन समितिका सदस्य श्री शेरबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा लुम्बिनी प्रदेशका नेपाल कानून आयोगका सदस्य तथा नेपाल कानून समाजका सदस्य श्री खुमाकान्त पौडेलले स्वागत गर्नुभयो भने नागरिक संवाद केन्द्रका प्रमुख श्री हेमा न्यौपानेले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभयो। प्रतिनिधिसभाका सदस्य तथा नेपाल कानून समाजको उपाध्यक्ष श्री पुष्पा भुषालले विधेयकको प्रमुख सवालहरुमा प्रकाश पार्नुभयो। करिव ८८ जना सहभागी रहेको उक्त कार्यक्रममा विधेयकलाई विस्तृत रुपमा छलफल गराई सुझाव सङ्कलन गर्ने उद्देश्यले विभिन्न चारवटा समूहमा विभाजन गरी छलफल भएको थियो। उक्त छलफल कार्यक्रममा समितिका सदस्यहरु माननीय श्री रामलखन चमार र समितिका कर्मचारी श्री कृष्णप्रसाद पाण्डेले सहजीकरण गर्नुभयो। विभिन्न समूहगत प्रतिवेदनको प्रस्तुती पछि सदस्य श्री शेरबहादुर कुँवरले प्रतिवेदनलाई ग्रहण गर्दै प्राप्त सुझावहरुलाई विधेयकमा समावेश गर्ने प्रतिबद्धता जाहेर गर्नु भएको थियो।

च) नेपालगञ्ज, लुम्बिनी प्रदेश

नेपाल कानून समाज र नागरिक संवाद केन्द्र, बुटवलको आयोजनामा लुम्बिनी प्रदेशको बाँके जिल्लाका सरोकारवालाहरुसँग प्रस्तुत विधेयकमा संवाद गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले बाँकेमा टाउनहल मिटिङ २०७६ जेष्ठ २ गते आयोजना गरिएको थियो। विधायन व्यवस्थापन समितिका सदस्य श्री जितेन्द्र नारायण देवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल कानून समाजका

उपाध्यक्ष तथा वरिष्ठ अधिवक्ता श्री पुष्पा भुषालले विधेयकको विशेषता र महत्वको बारेमा आफ्नो कार्यपत्र पेश गर्नु भएको थियो । कार्यक्रममा नेपाल कानून समाजका सदस्य श्री पदम पाण्डेले स्वागत मन्तव्य राख्नु भएको थियो भने नागरिक संवाद केन्द्र, बुटवलका प्रमुख श्री हेमा न्यौपानेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो। करिव ८८ जना विभिन्न सरोकारवालाहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा सहभागीहरुलाई ५ वटा समूहमा विभाजन गरी विधेयकको विभिन्न दफामा छलफल गराइएको थियो । छलफल पश्चात राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिका सदस्य श्री उदया शर्मा पौडेलले विधेयकको महत्व बारे प्रकाश पार्नुभयो । अन्तमा, कार्यक्रमको अध्यक्ष श्री जितेन्द्र नारायण देवले छलफलबाट प्राप्त सुझावलाई विधेयकमा संशोधन प्रक्रियाबाट स्थान दिने विचार राख्नुभयो।

छ) सुर्खेत, कर्णाली प्रदेश

नेपाल कानून समाज र नागरिक संवाद केन्द्र, सुर्खेतले विधेयकको सम्बन्धमा कर्णाली प्रदेशका सरोकारवालाहरुसँग संवाद गर्ने उद्देश्यले २०७६ वैशाख १५ गते टाउनहल मिटिङ सुर्खेतमा आयोजना गरेको थियो। नेपाल कानून समाजका सदस्य तथा प्रदेश सभाका सदस्य श्री धर्मराज रेग्मीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा अधिवक्ता श्री मोहन आचार्यले विधेयकको दफावार विशेषतामा प्रकाश पार्नुभयो । कार्यक्रमको शुरुमा नागरिक संवाद केन्द्रका प्रमुख श्री रामबाबु विसीले स्वागत गर्नु भएको थियो भने नेपाल कानून समाजका वरिष्ठ कार्यक्रम अधिकृत श्री प्रेमा थापाले टाउनहल मिटिङको उद्देश्य र प्रक्रियाको बारेमा प्रकाश पार्नु भएको थियो । विधेयकको विशेषताको बारेमा जानकारी गराएपछि विस्तृत रुपमा छलफल गराउने उद्देश्यले सहभागीहरुलाई विभिन्न ५ वटा समूहमा विभाजन गरिएको थियो। समूहको प्रतिवेदन प्रस्तुति पछि राष्ट्रियसभाका सदस्य श्री नन्दा चपाई र श्री मीना बुढाले समितिको गतिविधि र विधेयकको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो। कार्यक्रमको अन्तमा सहभागीहरुबाट उठेका प्रश्नहरुलाई सोही सभाका सदस्य श्री ठगेन्द्र प्रकाश पुरीले सहजीकरण गर्दै सुझावलाई विधेयकमा समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो।

ज) महेन्द्रनगर, सुदूरपश्चिम प्रदेश

नेपाल कानून समाज र नागरिक संवाद केन्द्र, धनगढीको आयोजनामा सुदूरपश्चिम प्रदेश अन्तर्गत महेन्द्रनगर जिल्लाका विभिन्न सरोकारवालाहरुको सहभागितामा विधेयकमा संवाद गरी सुझाव सङ्कलन गर्ने उद्देश्यले २०७६ जेष्ठ २ गते महेन्द्रनगरमा सञ्चालन भएको टाउनहल मिटिङमा राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिका सदस्य श्री शेरबहादुर कुँवरको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल कानून समाजका सदस्य तथा अधिवक्ता श्री मिलन श्रेष्ठले विधेयकको विशेषता र महत्वका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यक्रमको शुरुमा समाजका सदस्य श्री उमेश विष्टले स्वागत मन्तव्य राख्नु भएको थियो। समाजका वरिष्ठ कार्यक्रम अधिकृत श्री प्रेमा थापाले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । करिव १०८ जना विभिन्न सरोकारवालाहरु सहभागी रहेको उक्त कार्यक्रममा  ५ वटा समूहमा विभाजन गरी विधेयकको विभिन्न दफामा छलफल गराई प्रतिवेदन पेश गरेको थियो। छलफल पश्चात माननीय श्री मिना बुढाले विधेयकको महत्व बारे प्रकाश पार्नु भएको थियो भने कार्यक्रमको अन्तमा कार्यक्रमका अध्यक्ष राष्ट्रिय सभाका सदस्य श्री शेरबहादुर कुँवरले छलफलबाट प्राप्त सुझावलाई विधेयकमा स्थान दिने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

विभिन्न प्रदेशमा भएका टाउनहल मिटिङ्गका सहभागीहरुबाट विधेयकका सम्बन्धमा सैद्धान्तिक, नीतिगत तथा दफाबार सुझाव प्राप्त भएका थिए। उक्त सुझाव यस प्रतिवेदनको अनुसूची २ मा दिइएको छ। प्राप्त सुझावको आधारमा पुनः विधेयकलाई अद्यावधिक गर्ने काम भयो।

## २.२.४. विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त आयोजना, सहकार्य तथा संयोजनमा भएका दोस्रो चरणको औपचारिक परामर्श बैठकहरूः संक्षिप्त चर्चा

विधायन व्यवस्थापन समितिको निर्णय बमोजिम सातवटै प्रदेशमा विधायन व्यवस्थापन समिति, प्रदेश सभा र नेपाल कानून समाजको संयुक्त आयोजनामा सातवटै प्रदेशमा औपचारिक सुझाव सङ्कलन गर्ने काम भयो । जस अनुसार विधेयकउपर दोस्रो चरणको परामर्श कार्यक्रमका लागि ५ जना विज्ञहरुलाई नियुक्त गरिएको थियो। नियुक्ति भएका विज्ञहरु श्री खिमलाल देवकोटा, श्री रमेश लेखक, श्री लक्ष्मण लाल कर्ण, श्री कृष्ण प्रसाद सापकोटा र श्री काशीराज दाहाल हुनुहुन्थ्यो। विज्ञहरु र विधायन व्यवस्थापन समिति बीच पटक–पटकको परामर्श बैठक सम्पन्न भएका थिए। २०७६ आषाढ ५, ८ र ११ गते (२०, २३, २६ जुन, २०१९) तथा २०७६ आषाढ १७, १९, २७ र श्रावण १, ३, ५ र १० गते अर्थात (२, ४, १०, १७, १९, २१ र २६ जुलाई, २०१९ मा गरी जम्मा ११ परामर्श बैठकमा विधेयकलाई अद्यावधिक गर्ने काम सम्पन्न भएको थियो। श्रावण १० गते (२६ जुलाई) मा विज्ञहरुको बैठक वसी विधेयक वारेमा अवधारणापत्र तथा त्यसको व्याख्यात्मक विवरण सहितको प्रतिवेदन विधायन व्यवस्थापन समितिलाई हस्तान्तरण गरिएको थियो।

अवधारणापत्र तथा व्याख्यात्मक विवरण हस्तान्तरण हुनुअघि राष्ट्रियस्तरमा २०७६ श्रावण ११ गते होटल हिमालयमा एक परामर्श बैठक सम्पन्न भएको थियो। उक्त परामर्श बैठकबाट विधायन व्यवस्थापन समितिको तर्फबाट औपचारिक परामर्श सम्पन्न गर्न विधेयक उपर छानिएका बुँदाहरु तयार गर्ने, सोही बुँदाका आधारमा समूह विभाजन गरी बुँदागत सुझाव सङ्कलन गर्ने, सातै प्रदेशमा परामर्श बैठक/टाउनहल मिटिङ्ग संचालन गर्ने र विधायन व्यवस्थापन समितिका सभापति सातै प्रदेशमा उपस्थित हुने निर्णय गएिको थियो। त्यस्ता बैठकमा आवश्यकतानुसार समितिका सदस्यहरुको उपस्थिति रहने र विज्ञहरुबाट परामर्श कार्यक्रमको सहजीकरण गर्ने समझदारी भए वमोजिम विभिन्न मितिमा विभिन्न प्रदेशमा परामर्श कार्यक्रमहरु सम्पन्न गरिएका थिएः–

विधायन व्यवस्थापन समितिको बैठकबाट औपचारिक रुपमा अवधारणापत्र र छलफलका सवालहरुका विषयलाई पारित गरेपछि विधायन व्यवस्थापन समिति, नेपाल कानून समाज र जनसंख्या र विकासको लागि सांसदहरुको राष्ट्रिय मञ्चसँग संयुक्त रुपमा सातवटै प्रदेशका सरोकारवालाहरुसँग संवाद कार्यक्रम भयो। उक्त कार्यक्रमहरु २०७६ साउन १६ गते शुरु गरी भाद्र ३ गते सम्पन्न भएको थियो। करिव ५९५ जना प्रदेश स्तरका सरोकारवालाहरु – राष्ट्रिय सभाका अध्यक्ष, विधायन व्यवस्थापन समितिका सदस्यहरु, प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरु, सभामुख, सांसदहरु, गाउँ/नगरका निर्वाचित पदाधिकारीहरु, नागरिक समाजका अगुवाहरु, कानून व्यवसायी र पत्रकार सहभागी रहेका थिए।

उक्त प्रदेशस्तरको संवाद कार्यक्रम सम्पन्न भएपछि समितिका सदस्यहरु, नेपाल कानून समाजका विज्ञहरु बीच पटक–पटक छलफल गरी विधेयकको संशोधन प्रस्तावको रुपमा समितिको प्रतिवेदनको मस्यौदा तयार गर्ने काम भयो। उक्त मस्यौदामा सुझाव लिने क्रममा काठमाण्डौमा २०७६ भाद्र १२ गते होटल साङ्ग्रीलामा विभिन्न सरोकारवालाहरुसँग छलफल कार्यक्रम भयो । छलफलबाट प्राप्त सुझावको आधारमा समितिको प्रतिवेदनलाई अद्यावधिक गर्ने काम भयो।

विधायन व्यवस्थापन समितिमा सातवटै प्रदेशमा भएका छलफलका आधारमा पेश गरिएको प्रतिवेदन अनुसूची ३ मा रहेको छ।

## २.३. विधेयक पारित गर्ने क्रममा भएका विभिन्न निकायको भूमिकाः

### २.३.१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसागको सहकार्य

राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको समन्वयमा उक्त विधेयकलाई अन्तिम रुप दिन करिव तीन महिना चरणबद्ध रुपमा छलफल कार्यक्रम गरियो। विधेयकलाई नमूनाको रुपमा छलफल गरी सबै सरोकारवालाहरुको सुझावलाई समावेश गरी पूर्ण बनाउने उद्देश्यले उक्त विधेयकलाई सम्पूर्ण दफामा आवश्यकता अनुसार छलफल गरी संशोधन गर्नका लागि सम्माननीय सभामुख र सम्माननीय अध्यक्षबाट प्राप्त सहमतिको आधारमा खुल्ला छलफल कार्यक्रम अगाडि बढाइयो । जस अनुसार सरकारले पनि विधेयक फिर्ता लिन नपर्ने र समितिका सदस्यहरुले पनि संशोधन प्रस्ताव पुगे नपुगेको विचार गर्न नपर्ने गरी सहमति गरियो। यस कार्यलाई सरकारको तर्फबाट प्रधानमन्त्रीको कार्यालय र कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, संसदको तर्फबाट विधायन व्यवस्थापन समिति र विज्ञको तर्फबाट नेपाल कानून समाजका विज्ञहरु समावेश भएको समूह गठन गरी प्रतिवेदन तयार गरियो। जसमा प्रधानमन्त्रीको कार्यालयका तर्फबाट सचिव श्री डिल्लीराज घिमिरे, कानून, न्याय तथा संसदीय मन्त्रालयको तर्फबाट सह–सचिव श्री धनराज ज्ञवाली र उपसचिव श्री सुवास भट्टराई, संसदको तर्फबाट श्री परशुराम मेघी गुरुङ, सभापति विधायन व्यवस्थापन समिति, सदस्यहरु श्री ठगेन्द्र प्रकाश पुरी र श्री शेरबहादुर कुँवर, श्री राधेश्याम अधिकारीको सहभागिता रह्यो भने नेपाल कानून समाजको तर्फबाट श्री तीर्थमान शाक्य, श्री खिमलाल देवकोटा, श्री रमेश लेखक, श्री कल्याण श्रेष्ठ र श्री मोहनलाल आचार्य रहनु भएको थियो।

यस संयुक्त समितिका सदस्यहरुले चरणबद्ध रुपमा छलफल गरी प्रतिवेदनलाई अन्तिम रुप दिई विधायन व्यवस्थापन समितिमा बुझाउने काम भयो।

### २.३.२. नेपाल कानून आयोगको सहभागिता

विधायन व्यवस्थापन समितिको नेतृत्वमा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय विधेयकलाई अगाडि बढाउने क्रममा शुरुदेखि नै नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेललाई सहभागिता र सहयोगको लागि अनुरोध गरियो। समितिको अनुरोधमा संलग्न अध्यक्ष पौडेलले समितिको विज्ञहरुसँग सहकार्य गरी अवधारणा पत्र बनाउन सहयोग गर्नुभयो। अवधारणापत्रलाई सातवटै प्रदेश स्तरको संवाद कार्यक्रम गरी प्राप्त सुझावलाई पुनः समितिको प्रतिवेदन तयार गर्ने कार्यमा बौद्धिक सहयोग गर्नुभयो। करिव एकवर्ष निरन्तर रुपमा आयोगको अध्यक्षको रुपमा समितिको प्रतिवेदन तयार गर्ने काममा सहयोग गर्नुभयो।

## २.४. विधायन व्यवस्थापन समितिले सञ्चालन गरेका गतिविधिहरू

राष्ट्रिय सभामा दर्ता भएको प्रस्तुत विधेयक उपर राष्ट्रिय सभाका १९ जना सदस्यले विभिन्न ७२ संशोधन प्रस्तावको सूचना दिनु भएको थियो। संशोधनको सूचनालाई विधायन व्यवस्थापन समितिमा छलफल गर्नु

पूर्व समिति र समाजको संयुक्त प्रयासमा सबै प्रदेशमा विधेयक उपर छलफल गर्नको लागि कार्ययोजना निर्माण गरी अगाडि बढ्ने सहमति भए अनुरुप योजनाबद्ध रुपमा कार्यहरुको थालनी गरिएको थियो। साथै, छलफलमा सहजीकरण गर्ने अभिप्रायले नेपाल कानून समाजको सहयोगमा समितिले सो विधेयकको सन्दर्भमा विभिन्न कोणबाट विभिन्न प्रश्नावली तयार गरी सबै प्रदेशमा छलफल गरेको थियो। समितिले तयार गरेका मुख्य–मुख्य प्रश्नहरु देहाय बमोजिम रहेका थिए:

१) नेपालको संविधानको साझा अधिकारको सूचीमा रहेका विषयमा कानून बनाउँदा के कस्तो विधि र प्रक्रिया अवलम्बन गर्न उपयुक्त हुन्छ ?

२) नेपालको संविधान बमोजिम जरिवानाको अधिकार प्रदेश र स्थानीयतहले प्रयोग गर्ने व्यवस्था गर्न सकिने वा नसकिने ?

३) एक भन्दा बढी तहको एकल अधिकारमा परेको विषयलाई साझा अधिकार मानी सो बमोजिम कानून बनाउने वा छुट्टा छुट्टै कानून बनाउने ?

४) नेपालको संविधानमा नै व्यवस्था भएका विषयमा अधिकारहरु दोहोरिएका कारण दोहोरिएका विषयहरु के कसरी सम्बोधन गर्ने ?

५) सम्बन्धित विषयको संगतिका दृष्टिले उपयुक्त देखिए पनि संविधानमै व्यवस्था भएका विषय ऐनमा उल्लेख गर्ने वा नगर्ने ?

६) कानून निर्माणको क्रममा कुन अवस्थामा एक अर्कासँग परामर्शको अभ्यास गर्ने ?

७) नेपाल सरकारले कानून तर्जुमा गर्दा प्रदेश र स्थानीय तहसँग परामर्श गर्ने वा संसद आफैले गर्ने ?

८) प्रस्तावित विधेयकमा समन्वय समिति र विषयगत समितिको आवश्यकता पर्ने नपर्ने ?

९) त्यसको औचित्यता र प्रभावकारितालाई कसरी परिभाषित गर्ने ?

१०) प्रदेश तथा स्थानीय तहबीचको विवाद समाधानको विषयलाई विधेयकमा सम्बोधन गर्न उपयुक्त हुने वा नहुने ? आदि विषयहरु प्रश्नावलीमा समावेश गरिएको थियो।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐनको विधेयक, २०७५ लाई सम्वृद्ध बनाउनको लागि विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त तत्वाधानमा मूलुकका सात प्रदेशमा बृहद तथा गहन छलफल सञ्चालन गरिएका थिए। माथि उल्लिखित विषयहरुमा सहभागीहरु– स्थानीय तहका पदाधिकारी, प्रदेश सभा सदस्य तथा प्रदेशका मन्त्रीहरुसँग छलफल भई विभिन्न गहन सुझावहरु प्राप्त भएको थियो। छलफलबाट प्राप्त हुन आएका सुझावलाई विधायन व्यवस्थापन समितिले गम्भीरताका साथ मनन गरी त्यस्ता सुझावलाई विधेयकमा समावेश गर्न आवश्यक प्रतिवेदनमा तयार गरिएको थियो।

विधायन व्यवस्थापन समितिबाट विभिन्न परामर्शका आधारमा नेपाल सरकारले पेश गरेको विधेयकमा समितिमा छलफल गरी आवश्यक परिमार्जन गरी विधेयकलाई समितिबाट पारित गरियो। उक्त प्रतिवेदन राष्ट्रिय सभाको पूर्ण सभाबाट पारित गरियो। राष्ट्रिय सभाबाट पारित प्रतिवेदन अनुसूची ४ मा दिइएको छ।

## २.५. प्रतिनिधि सभाको राज्य व्यवस्था समितिबाट विधेयकमा गरिएको परिमार्जन

राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम पारित भई प्रतिनिधि सभामा प्राप्त भएको प्रस्तुत विधेयकलाई प्रतिनिधि सभा नियमावली, २०७५ को प्रावधान बमोजिम प्रतिनिधि सभामा छलफल गरिएको थियो।

प्रतिनिधि सभामा सामान्य छलफल पश्चात विधेयकमा संशोधनको सूचना प्राप्त भई सूचनालाई मध्यनजर गर्दै विधेयकलाई प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा पठाईएको थियो। यस समितिमा मुख्य गरेर नेपाल सरकार मन्त्रिपरिषदका पदाधिकारी तथा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका पदाधिकारीसँग छलफल भएको भएता पनि सम्बन्धित सरोकारवाला नागरिक समाज तथा स्थानीय तथा प्रदेश सभासँग छलफल र अन्तरक्रिया भने हुन सकेन। राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिले अनुसन्धानकै रुपमा प्रश्नावली तयार गरी लामो र विस्तृत छलफल भएको कारणबाट प्रतिनिधि सभाको उक्त समितिले त्यस्तो प्रक्रिया पुनः गर्न नचाहेको देखिन्छ।

समितिलाई विज्ञहरुको सल्लाह आवश्यक पर्ने ठानी नेपाल कानून समाजको तर्फबाट विज्ञहरु मनोनयन गरिएको थियो। विज्ञका रुपमा विधायन व्यवस्थापन समितिका सभापति श्री परशु राम मेघी गुरुङ, श्री रमेश लेखक र श्री खिमलाल देवकोटालाई मनोनयन गरिएको थियो। २०७६ फागुन २२ मा विज्ञहरु सहित विधायन व्यवस्थापन समितिमा तयारी बैठक पनि सम्पन्न भएको थियो। उक्त बैठक पश्चात सङ्घीय संसदका महासचिव श्री मनोहर प्रसाद भट्टराईसँग सोही विषयमा पटक–पटक बैठक सम्पन्न गरिएको थियो र विधायन व्यवस्थापन समितिका सभापति र राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिका बीचमा पनि सोही विधेयकका वारेमा २०७६ फागुन २८ मा बैठक सम्पन्न भयो। २०७६ चैत्र ७ मा विधायन व्यवस्थापन समिति र विज्ञहरुका विचमा बैठक सम्पन्न भयो र २०७७ असार २ मा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशी श्रेष्ठसँग बैठक सम्पन्न गरी विधेयकको प्रमुख विषयमा जानकारी गराउने काम भयो।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले उक्त विधेयकलाई समितिमा चरणबद्ध रुपमा छलफल गराई अन्तिम रुप दिइयो। राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिले करिव दुईवर्ष निरन्तर काम गरेको उक्त विधेयकमा यस समितिले सैद्धान्तिक केही विषयहरु सामान्य परिवर्तन गरी प्रतिवेदन पारित गर्ने काम गर्‍यो। राज्य व्यवस्था तथा सुशासन समितिका सदस्य तथा संशोधनको सूचना दिने सदस्यहरु बीच छलफल भई समितिले उक्त विधेयक उपर ६ पेजमा विभाजित १७ वटा बुदाँहरु समावेश भएको संशोधन प्रतिवेदन प्रतिनिधि सभामा पेश गरेको थियो।

राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भई प्राप्त संशोधन प्रस्ताव बमोजिम विधेयकमा भएका संशोधनको विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ।

## २.६. सङ्घीय संसदको दुबै सदनबाट विधेयक पारित

राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिले दिएको प्रतिवेदको आधारमा नै राष्ट्रिय सभाबाट २०७६ साल माघ ६ गते विधेयक पारित गरिएको थियो। राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा संदेश सहित पठाइएको विधेयकमा प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन बमोजिम परिमार्जन भई आएको विधेयकलाई नै प्रतिनिधि सभाको २०७७ साल जेष्ठ ७ गतेको बैठकले पारित गरेको थियो। यसरी पारित भए पछि प्रतिनिधि सभा नियमावली, २०७५ को व्यवस्था बमोजिम राष्ट्रिय सभामा पठाईएको थियो। राष्ट्रिय सभाको नियमावली, २०७५ बमोजिम प्रतिनिधि सभाले संशोधन सहित पारित गरेको विधेयकलाई

सोही सभाको नियमावली बमोजिम २०७७ साल असार १८ गतेको बैठकबाट प्रतिवेदको संशोधनलाई स्वीकार गरी पारित गरियो। विधेयक पारित भई ऐनको रुप धारण गरेको मिति निम्नानुसार भएको देखिन्छः

| | |
|---|---|
| राष्ट्रिय सभाबाट पारित भएको | : २०७६ माघ ६ गते |
| प्रतिनिधि सभाबाट पारित भएको | : २०७७ असार ९ गते |
| राष्ट्रिय सभाबाट पुनः पारित भएको | : २०७७ असार १८ गते |
| राष्ट्रपति प्रमाणीकरण गरी ऐनको रुप धारण गरेको | : २०७७ साउन १३ गते |
| नेपाल राजपत्रमा प्रकाशन भएको | : २०७७ साउन १३ गते |

नेपाल राजपत्रमा प्रकाशित उक्त ऐन अनुसूची ६ मा दिइएको छ।

# परिच्छेद ३ – विधेयकमा रहेका मुख्य विशेषताहरूः तुलनात्मक अध्ययन

विधेयकको मस्यौदाको अवधारणा तयारीदेखि विधेयक पारित हुँदा सम्मको अवधिमा मूलतः दुई वटा विधेयकहरु मस्यौदा भई अगाडि बढेका थिए। नेपाल कानून समाजले अवधारणापत्र, रणनीति र विधेयकका आधारहरु तयार पारी पटक पटकका छलफलका लागि आधारमा तयार गरेको थियो। प्रारम्भिक मस्यौदा र त्यसपछिका मस्यौदाका आधारमा भएका छलफल तथा परामर्श र त्यस्तो मस्यौदा विधेयकको जगमा टेकेर प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट तयार भएको विधेयक सङ्घीय संसदमा दर्ता भएकोमा दुबै विधेयकका मुख्य विशेषताहरु, राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिको प्रतिवेदनका विशेषता, प्रतिनिधि सभा राज्य व्यवस्था समितिको प्रतिवेदनका मुख्य विशेषताहरु र विधेयक पारित भए पश्चात उक्त ऐनको विशेषताहरु यस परिच्छेदमा उल्लेख गर्ने प्रयास गरिएको छ।

## ३.१. नेपाल कानून समाजले तयार पारेको मस्यौदा विधेयकका विशेषताहरू

नेपाल कानून समाजले तयार गरेको प्रारम्भिक मस्यौदामा मूलभूत रुपमा निम्न विषय रहेका थिएः

१) सङ्घ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध तथा समन्वयका आधारहरु, सिद्धान्तहरु र मापदण्डका सम्बन्धमा स्पष्ट व्यवस्था प्रस्ताव गरिएको,

२) राष्ट्रिय समन्वय परिषद्, परिषदको कार्यसमिति र विषयगत समितिको गठन तथा काम, कर्तव्य र अधिकारका वारेमा व्यवस्था गरिएको,

३) राष्ट्रिय समन्वय परिषदमा गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति महासङ्घहरुको कानूनी मान्यता र प्रतिनिधित्वको व्यवस्थाको साथै समावेशी सहभागिताको सुनिश्चितता गरेको,

४) कानून, नीति, योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्ने विधि र मोडालिटीका वारेमा उल्लेख गरिएको,

५) संविधानको सूचीमा रहेका विषयमा कानून बनाउने वारेमा स्पष्ट पार्न खोजिएको,

६) साझा अधिकारको सूचीमा रहेका विषयमा कानून बनाउने तरिका र अधिकारका वारेमा उल्लेख गरिएको,

७) समन्वय तथा परामर्श गर्ने सम्बन्धमा विधि र प्रक्रिया समेत उल्लेख गरिएको,

८) निर्देशन दिनसक्ने र ध्यानाकर्षण गराउन सक्ने भन्ने नेपालको संविधानकै व्यवस्थालाई थप स्पष्ट पार्ने प्रयास गरिएको,

९) विविध परिच्छेद अन्तर्गत भएका प्रगतीहरुका सम्बन्धमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने, अधिकार प्रत्यायोजन सम्बन्धी स्पष्ट व्यवस्था, सार्वजनिक दस्तावेजको राष्ट्रिय अभिलेख राख्नुपर्ने विषय, समन्वय गर्न सक्ने आधार, नेपाल सरकारसँग सम्पर्कका आधारहरु प्रचलित कानून बमोजिम हुने जस्ता विषयहरु राखी एउटा सम्पूर्ण विधेयकको रुपमा व्यवस्था गरिएको छ।

## ३.२. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रस्तुत भएको मस्यौदा विधेयकको विशेषताहरू

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्रस्तुत भएको विधेयकको मस्यौदाका विशेषताहरु निम्न बमोजिम रहेका छन्ः

१) प्रदेश तथा स्थानीय तह र अन्तर स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारहरु वारेमा विधेयकमा स्पष्ट रुपमा उल्लेख गरिएको,

२) विभिन्न सङ्घीय इकाईहरुले कानून, नीति तथा योजना तर्जुमा गर्दा विचार पुऱ्याउनुपर्ने विषयहरु विधेयकमा उल्लेख गरिएको,

३) सङ्घीय कानूनबाट व्यवस्थित हुने विषयहरुका वारेमा विस्तृत व्यवस्था गरिएको,

४) एकल र साझा अधिकारका विषयहरुलाई थप स्पष्ट पारिएको,

५) समन्वय र परामर्श गर्ने विधि तथा आधारहरु वारेमा प्रष्ट व्यवस्था गरिएको,

६) समन्वय परिषदको गठन, काम, कर्तव्य र अधिकारका विषयहरु उल्लेख गरिएको,

७) कानूनको प्रकाशन तथा अभिलेख राख्ने सम्बन्धमा व्यवस्था गरिएको,

८) निर्देशन दिने, ध्यानकर्षण गराउने र सहयोग गर्नुपर्ने कुराहरुको सम्बन्धमा विधि र प्रक्रिया स्पष्ट रुपमा उल्लेख गरिएको,

९) विवाद समाधानका विषयहरुमा थप स्पष्ट पार्दै विधि र प्रक्रियाका वारेमा पनि चर्चा गरिएको,

१०) विशेष समिति र विषयगत समितिको गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको,

११) परिषदले सङ्घीय संसदमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको,

१२) नेपाल कानून समाजद्वारा प्रस्तुत गरिएको मस्यौदामा राष्ट्रिय समन्वय परिषदमा प्रधानमन्त्रीको अध्यक्षतामा ७५३ वटै स्थानीय तहको पालै पालो प्रतिनिधित्व हुने र समावेशी पनि हुने वन्दोवस्त सहितको व्यवस्था गरिएकोमा प्रधानमन्त्री कार्यालयको मस्यौदामा सानो र छोटो छरितो परिषदको परिकल्पना गरिएको।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट तयार भएको विधेयक अनुसूची १ मा राखिएको छ।

## ३.३. राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा उल्लिखित मुख्य विशेषताहरू

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११५ बमोजिम सो समितिले नेपाल सरकार, विभिन्न सरोकारवाला निकाय, विषय विज्ञ एवं नेपाल कानून समाज, नागरिक समाज लगायत अन्य पदाधिकारीसँग लामो छलफल तथा विचार विर्मश गरी समितिको तर्फबाट विधेयक उपर १६ पृष्ठको प्रतिवेदन तयार गरिएको थियो । प्रतिवेदनमा नेपाल सरकारले प्रस्तुत गरेका विधेयकको प्रायजसो सबै दफाहरुमा संशोधन भएको थियो । कतिपय महत्वपूर्ण दफा संशोधन गरिएको थियो । राष्ट्रिय समन्वय परिषदको गठन सम्बन्धी व्यवस्थामा संशोधन गरिएको थियो भने अन्य कतिपय दफाहरु थप गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ को व्यवस्थालाई खारेज गरिएको र विधेयकको नाम समेत परिवर्तन गरिएको थियो।

विधेयकको लामो नाममा परिमार्जन गरेको छ भने प्रस्तावना र संक्षिप्त नाम र प्रारम्भ समेतमा आवश्यक परिमार्जन गरिएको छ। प्रतिवेदनमा रहेका मुख्य–मुख्य विषयवस्तुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छः

१) प्रतिवेदनले अन्तरसम्बन्धका आधारमा परिमार्जन गर्दै व्यावहारिक बनाउने प्रयत्न गरेको,

२) सङ्घीय कानूनबाट व्यवस्थित हुने एकल र साझा अधिकारका विषयहरुमा प्रष्ट पार्ने काम गरेको,

३) प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने विषय नयाँ दफाका रुपमा थपेर प्रष्ट पार्ने काम भएको,

४) कसुरको अनुसन्धान तथा मुद्दा दायरी सहित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्ने व्यवस्था थप गरिएको,

५) समन्वय र परामर्श गर्ने कानूनको प्रकाशन तथा अभिलेख राख्ने व्यवस्था गरेको,

६) अयोजना तर्जुमा र कार्यान्वयन भन्ने विषय नयाँ थप गरिएको,

७) निर्देशन दिन सक्ने भन्ने विषयमा सहकार्य गर्न सक्ने भन्ने राखी परिमार्जन गरिएको,

८) सङ्घ, प्रदेश र स्थानीय कानूनको अध्ययन नेपाल सरकारले तोकेको निकायले गर्ने गरी गर्ने भन्ने विषय थप गरिएको,

९) परिषदको गठनमा परिमार्जन गरी स्थानीय सङ्घ, महासङ्घको प्रतिनिधित्व र समावेशी प्रतिनिधित्वको व्यवस्था गरिएको र ध्यानाकर्षण गर्न सक्ने भन्ने विषय झिकिएको,

१०) प्रतिवेदन अध्ययन छलफल गर्न सिफारिस गर्न सक्ने विषय नयाँ थप गरिएको,

११) प्रदेश समन्वय परिषदलाई स्थानीय सरकार संचालन ऐनबाट हटाई यस विधेयकमा ल्याउने काम गरेको। (समितिको प्रतिवेदन अनुसूची ४ मा दिइएको छ।)

## ३.४. प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनका रहेका मुख्य विशेषताहरू

राज्य व्यवस्था तथा सुशासन समितिले मूलभूत रुपमा राष्ट्रिय सभा, विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा आधारित भएर आफ्नो परिमार्जन र सुझाव सहितको प्रतिवेदन पारित गरेको थियो। प्रतिवेदनमा रहेका मुख्य विशेषताहरु यस प्रकार छन्ः

१) प्रस्तावनामा "वहुलवादमा आधारित प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक" भन्ने वाक्यांश थप गरेको,

२) "यो ऐन आठौ दिनमा लागू हुनेछ" भन्ने व्यवस्थालाई परिमार्जन गरी "तुरुन्त प्रारम्भ हुनेछ" भन्ने व्यवस्था राखेको,

३) आयोजना तर्जुमा गर्ने काममा सांसदहरुको परामर्शकारी भूमिका रहने व्यवस्था थप गरेको,

४) राष्ट्रिय समन्वय परिषद र प्रदेश समन्वय परिषदको संख्या र कार्यादेश दुबै घटाएको छ भने प्रतिपक्षी दलको नेता वा नेताले तोकेको सांसदलाई पनि सदस्यका रुपमा राखेको छ।

(समितिको प्रतिवेदन अनुसूची ५ मा दिइएको छ)

## ३.५. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तर सम्बन्ध) ऐन, २०७७ का प्रमुख विशेषताहरू

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तर सम्बन्ध) ऐन, २०७७ को प्रमुख विशेषतालाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः–

१) प्रस्तुत ऐनले संविधानमा रहेका कैयौं अस्पष्टतालाई स्पष्ट पारी प्रत्येक सङ्घीय एकाईका जिम्मेवारीलाई कार्यान्वयन गर्ने विधि निर्धारण गरेको छ। यस अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले एकल वा साझा अधिकारको विषयमा नीति वा कानून बनाउँदा विचार गर्नुपर्ने विषय स्पष्ट रुपमा दफा ४ मा उल्लेख गरेको छ।

२) सङ्घ, प्रदेश र स्थानीय तहले आफ्नो जिम्मेवारी पूरा गर्दा पालना गर्नुपर्ने मापदण्ड र सीमा उल्लेख गरी एक–अर्काको अस्तित्व बोध गर्नुपर्ने, एक अर्कामा समन्वय गर्नुपर्ने र एक–अर्काको अधिकारमा हस्तक्षेप वा अतिक्रमण गर्न नहुने व्यवस्था गरेको छ। यस व्यवस्थाबाट समन्वयन र सहकारीतामा आधारित नेपालको सङ्घीय प्रणाली सुदृढ हुने अपेक्षा गरिन्छ।

३) ऐन बमोजिम एकल अधिकार वा साझा अधिकारको कार्यान्वयनका कार्यक्षेत्र र त्यसको प्रयोगलाई स्पष्ट गरिएको छ। एउटै विषयमा विभिन्न एकाइको अधिकार रहेको साझा अधिकारको विषयलाई दफा ६ बमोजिम स्पष्ट गरी सीमा निर्धारण गरिएको छ।

४) प्रस्तुत ऐनले सङ्घीय कानून बमोजिम नियमन हुने, प्रदेश वा स्थानीय तहबाट कानून बनाई कार्यान्वयन हुने विषय स्पष्ट गरेको छ। यस अनुसार सङ्घीय सूचीमा परेका विषय, फौजदारी कसुर कायम गर्ने र सजाय निर्धारण विषय, अदालत र न्यायाधीकरणको स्थापना वा क्षेत्राधिकार हेरफेर गर्ने विषय र अवशिष्ट अधिकारको प्रयोग सङ्घीय कानून बमोजिम व्यवस्थित हुने गरी दफा ७ मा स्पष्ट गरिएको छ।

५) नेपाल सरकार वादी भई चलाउने फौजदारी कसुरको अनुसन्धान सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी वा प्रदेश स्तरको कुनै निकायले गर्ने सङ्घीय कानून बमोजिम अभियोजन गरी मुद्दा दायर गर्न सकिने व्यवस्था स्पष्ट गरिएको छ।

६) नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तहसँग विभिन्न विषयमा नीति बनाउँदा वा कानून निर्माण गर्दा समन्वय वा परामर्श गर्नुपर्ने र परामर्शको प्रारुप तय गरिएको छ। यसबाट सङ्घको अधिकार कार्यान्वयन गर्दा प्रदेश र स्थानीय तहको सरोकार सम्बोधन हुन सक्ने तथा एक–अर्कामा समन्वयन र सहकार्य हुने संभावना रहन्छ। त्यसरी नै प्रदेश र स्थानीय तहले पनि आफ्नो अधिकार क्षेत्र प्रयोग गरी नीति वा कानून बनाउँदा सङ्घ वा प्रदेशको विषयगत मन्त्रालय मार्फत समन्वय र परामर्श गर्नुपर्ने व्यवस्था गरिएकोले सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य, सहकारीता र समन्वय तथा अन्तर सम्बन्ध व्यवहारमा नै कार्यान्वयन गर्न सहज हुने देखिन्छ।

७) एकभन्दा बढी प्रदेशभित्र कार्यान्वयन हुने, राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका वा जटिल प्राविधिक क्षमता वा ठूला लगानी आवश्यक पर्ने आयोजना सङ्घले तर्जुमा गरी कार्यान्वयन गर्ने, प्रदेशभित्र कार्यान्वयन गर्ने आयोजना प्रदेश सरकारले तर्जुमा गर्ने र यस्ता आयोजना तर्जुमा गर्दा सङ्घीय आयोजना भए सङ्घीय संसद र प्रदेश आयोजना भए प्रदेश सभाका सदस्यहरुको परामर्शकारी भूमिका रहने व्यवस्था प्रस्तुत ऐनमा उल्लेख भई आयोजना तर्जुमामा सङ्घीय संसद र प्रदेश सभाका सदस्यहरुको भूमिका पहिचान गर्ने व्यवस्था रहेको छ।

८) प्रस्तुत ऐन बमोजिम परिकल्पना गरिएको सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय र अन्तर सम्बन्ध व्यवस्थापन गर्न प्रधानमन्त्रीको अध्यक्षतामा सङ्घ, प्रदेश र स्थानीय तहका पदाधिकारी रहेको राष्ट्रिय समन्वय परिषदको गठन हुने व्यवस्था भई त्यसको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। परिषद्ले आवश्यकता अनुसार विषयगत समिति गठन गर्न सक्ने र विषयगत समितिले कार्य सम्पादन गर्ने विषय पनि ऐन बमोजिम उल्लेख गरिएको छ। त्यसरी नै प्रदेश स्तरमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी रहेको प्रदेश समन्वयन परिषद गठन हुने र त्यसको काम, कर्तव्य अधिकार निर्धारण गरिएको छ।

९) संविधानमा उल्लिखित जिल्ला समन्वय समितिको भूमिकालाई प्रस्तुत ऐनमा पहिचान गरी दफा २६ बमोजिम यसले समन्वयन गर्ने काम र त्यसको कार्यविधि तय गरिएको छ।

१०) नेपालको संविधानको धारा १३७ बमोजिम सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रलाई प्रतिकूल असर नपर्ने गरी सङ्घ र प्रदेश बीच, प्रदेश–प्रदेश बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधानका उपायहरुको प्रारुप ऐनको दफा २८ मा निर्धारण गरिएको छ।

(ऐनको विस्तृत विवरण <u>अनुसूची ६</u> मा दिइएको छ)

## ३.६. ऐनका सीमाहरू

यस ऐनका थुप्रै सबल पक्षहरु रहेका भए तापनि केही सीमाहरु समेत रहेको देखिन्छ, जसलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छः

१) ऐनमा कतिपय दफाहरु नेपालको संविधानमा उल्लेख भएकै कुराहरु अनावश्यक रुपमा पुनरावृत्ति गरी राखिएको,

२) ऐनको दफा १६ मा व्यवस्था भएको राष्ट्रिय समन्वय परिषदको गठन प्रक्रियामा समावेशी हुन नसकेको र केन्द्रको वर्चस्व रहेको तथ्य स्थानीय तहको समुचित प्रतिनिधित्व हुन नसकेको,

३) प्रदेश तथा स्थानीय तहलाई भन्दा नेपाल सरकारलाई बढी अधिकार दिएको,

४) सङ्घ प्रदेश र स्थानीय तहका केही अधिकारहरुको बाँडफाँडमा अझै पनि स्पष्ट गर्न नसकेको,

५) नेपालको संविधान बमोजिम साझा सूचीको विषयमा कानून निर्माणको विषयमा स्पष्ट दिशा निर्देश दिन नसकेको।

## ३.७. प्रमुख सरोकारवालाहरूको अभिमत र अन्र्तवार्ता

विधायन व्यवस्थापन समितिको सक्रियता र नेतृत्वमा नेपाल सरकार – समितिका सदस्यहरु र विज्ञहरु बीच समन्वय गरी नमूनाको रुपमा तयार भएको सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ पारित भएको छ। उक्त विधेयक पारित गर्ने चरणहरुमा विभिन्न सरोकारवालाहरु सक्रिय सहभागिता हुँदै यो विधेयकको निर्णय प्रक्रिया र विषयहरुमा आ–आफ्नो धारणा र सुझाव दिनु भएको छ। उक्त अभिमत र अन्र्तवार्ता अनुसूची ७ मा दिइएको छ।

# परिच्छेद ४
# मुख्य उपलब्धि, चुनौती, निष्कर्ष तथा सुझाव

## ४.१. मुख्य उपलब्धिहरू

संसदीय काम कारवाहीलाई वास्तविकतामा परिणत गर्ने र जीवन्त बनाउने माध्यम नै संसदीय समितिहरु हुन। संसदीय समितिहरु स्थायी प्रकृतिका संगठनको रुपमा रहेका हुन्छन्। संसदको अधिवेशन बसेको समयमा मात्र यिनीहरुको सक्रियता बढ्ने होइन। समितिहरु आ–आफ्नो विषयगत कार्यक्षेत्रमा निरन्तर सक्रिय रहन्छन्। समितिका विधायकहरुले व्यवस्थापिकाको कार्यकालसम्म स्वतन्त्रपूर्वक काम गर्दछन्। तथापि, विधेयकको सन्दर्भमा अन्तिम निर्णय लिने स्थान भनेको सम्बन्धित सभा नै हो। सम्बन्धित सभाले आफ्नो अधिकार प्रयोग गरेर राष्ट्रिय सभा तथा प्रतिनिधि सभाबाट पारित भएको सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले मुख्य गरेर मूलुकले अङ्गीकार गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा कार्यान्वयन गर्ने अभिप्राय रहेको छ। यस ऐनमा ६ वटा परिच्छेद र ३५ दफा रहेका छन्।

यो ऐन पूर्णरुपमा सहभागीतामूलक ढंगबाट निर्माण भएको थियो। सम्बन्धित मन्त्रालय, सङ्घीय संसद, नागरिक समाज र सरोकारवालाहरुको संलग्नता र सहभागीतामा बनेको ऐनको महत्व आफैमा अतुलनीय रहेको हुन्छ। यसकारण पनि यसको विशेष महत्वको छ। मस्यौदाको चरणमा संलग्न जनशक्ति, समय र परामर्शको गहिराई र महत्व, पूर्वविधायिकी चरणमा संलग्न जनशक्ति समय र परामर्शमा व्यक्त भएको योजनाबद्ध प्रतिबद्धता र विधायिकी चरण संलग्न जनशक्ति समय र परामर्श सहित समितिका सदस्यहरुको लगनशिलता रुचि र चासो अतुलनीय छ। यसका आधारमा अबका दिनमा उत्तर विधायिकी चरणलाई पनि सोही स्तरको संलग्न जनशक्ति समय र परामर्शको व्यवस्थापन गर्ने चुनौति थपिएको छ।

सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ निर्माणका लागि अवलम्बन गरिएको अनुभवबाट मूलतः निम्न उपलब्धिहरु हासिल भएका छनः

क) पूर्ण सहभागीतामूलक ढंगबाट ऐन अत्यन्त सम्बृद्ध ऐनको निर्माण भएकोले आगामी दिनमा यस किसिमको प्रक्रिया र अभ्यास अवलम्बन गर्नको लागि मार्गदर्शन र उत्साह प्राप्त भएको,

ख) सङ्घीय संसदको समितिभित्र प्रवेश गरेको यस विधेयकलाई सरल तथा सहज रुपमा निर्णायक मोडमा लैजानको लागि दुबै सदनबाट गम्भीर छलफल र अर्न्तक्रियाका आधारमा प्रतिवेदन तयार भई सरकारले पेश गरेको विधेयकमा पहिलो पटक करिव

६० प्रतिशत विषयहरु संशोधन गरिएको छ। यस किसिमको अभ्यासले संसदको गरिमा बढाउने र आगामी दिनका लागि यसले एउटा उदाहरणीय आधार श्रृजना गरेको छ।

ग) शक्ति पृथकीकरणको सिद्धान्त एवं नियन्त्रण र सन्तुलनको भावनालाई समुचित व्यवस्था गरी सङ्घीय संसदले नेपाल सरकारले पेश गरेको विधेयकमा धेरै व्यवस्थाहरुलाई परिमार्जन, संशोधन तथा थपघट गरेका कारण सिद्धान्ततः संसद आफ्नो कार्यमा प्रभावकारीता देखाउन अत्यन्त सफल भएको छ।

घ) कानून निर्माणको प्रक्रियामा पारदर्शी रुपमा छलफल र विचार विर्मश भएका कारण आगामी दिनमा पनि कसैबाट हस्तक्षेप नहुने कुराको संकेत प्राप्त भएको छ।

ङ) विधेयकसँग सम्बन्धित सबै सरोकारवाला जस्तै नागरिक समाज, विषय विज्ञ लगायत आम जन समुदायको प्रतिनिधित्व हुने गरी गैर सरकारी सङ्घ संस्थाका प्रतिनिधि एवं पत्रकार आदि समावेश गरी राष्ट्रिय सभा अन्तर्गतको विधायन व्यवस्थापन समितिले सर्वपक्षीय र सर्वस्वीकार्य रुपमा छलफल चलाएका कारण ऐनको बारेमा नागरिक शिक्षा सञ्चालन गर्ने तथा समितिका सभापति तथा सदस्यहरुको नेतृत्वमा सञ्चालन गरिएका टाउनहल बैठक मार्फत नेता तथा सरोकारवाला एक आपसमा प्रत्यक्ष सम्बाद गर्ने अवसर प्राप्त गरेका र यसबाट विधेयक परिमार्जन गर्न मद्दत मिलेको छ।

च) सहभागीतामूलक कानून निर्माण प्रक्रियाको अवलम्बन भएका कारण कानून कार्यान्वयनका लागि अपनत्वको भावनाको विकाश भई त्यसको आधार तयार भएको छ।

छ) जनप्रतिनिधिहरु कानून निर्माणको सन्दर्भमा मूलुकभर भ्रमण गरी विधेयकका सम्बन्धमा चलाएका छलफलका कारण कानून निर्माण गर्ने प्रक्रियामा आफ्ना नेताहरु प्रति जन विश्वास थप बलियो भएको छ।

ज) नेपाल कानून समाजको सहजीकरण तथा एशिया फाउन्डेसन तथा एन.डि.आई.को सहयोगमा कार्यक्रम सञ्चालन गरिएकाले सरकार, संसद र नागरिक समाज बीच सहकार्यको वातावरण निर्माण गर्ने सम्बन्धमा उदाहरणीय कार्य भएको छ।

झ) व्यवस्थापिकीय पक्षलाई सन्तुलित र व्यवस्थित हैसियतमा समाधान गरी विधेयकलाई अन्तिम रुप दिइएको छ।

ङ) विधेयकमा रहेका अस्पष्ट र विवादित विषयहरु सौहार्दपूर्ण वातावरणमा छलफलको माध्यम मार्फत समाधान गरी परिमार्जन गरिएको छ।

ट) केही अस्पष्ट र विवादित विषयमा छलफलबाट समाधान गरी सहमति कायम गरिएकोले सबै पक्षको भावना समावेश भएको अनुभूति गरेको र विधेयकको माध्यमबाट नेपालमा सङ्घीय संसदले असल संसदीय अभ्यासको शुरुवात गर्न खोजेको सन्देश दिएको छ।

## ४.२. केही चुनौतीहरू

कानून मस्यौदा गर्ने विषय आफैमा चुनौतीपूर्ण काम हो। त्यसमा पनि नयाँ कानून मस्यौदा र नेपालको सन्दर्भमा विगतमा अभ्यास नगरिएको सङ्घीय संरचना र सङ्घीय इकाईहरुका बीच आपसमा समन्वय कायम गर्ने कानूनी प्रबन्ध गर्ने कुरा आफैमा चुनौतिपूर्ण थियो। प्रस्तुत विधेयकको आधारशिला र श्रोत के हुनसक्छ भन्ने विषयमा

निकै ठूलो वहस र छलफल अन्तिम सम्म पनि कायम रहयो । यसका विषयवस्तुका वारेमा पनि वहस र छलफल हुने नै भयो । नेपाल कानून समाजको मस्यौदा र एक्लो प्रयास मात्र पर्याप्त थिएन ।उक्त मस्यौदा नेपाल सरकारले स्वीकार गर्ने, सङ्घीय संसदले मान्यता दिने र नेपालको संविधानको मर्म वमोजिम समन्वय कायम गर्न सक्ने खालको हुन जरुरी थियो । नेपाल कानून समाज भित्रै एकमत कायम गर्ने कुरा, कानून मन्त्रालयबाट सहमति हुने कुरा र प्रधानमन्त्री कार्यालयमा समेत समझदारी कायम गर्ने कुरा सङ्घीय संसदको समितिको सहमतिको कुरा विभिन्न सरोकारवालाहरु र विज्ञहरुका राय सुझावहरुलाई समाहित गर्ने कुरा र सबैका लागि स्वीकारयोग्य बनाउने कुरा निकै चुनौतिपूर्ण थियो । यो चुनौतिलाई निरन्तर भएको छलफल, अध्ययन र अन्तराष्ट्रिय अनुभवहरुको आधारमा मस्यौदा गरेको र समाजको सङ्घीय प्रदेश र स्थानीय स्तरमा सरोकारवालाहरुको सञ्जाल, विश्वसनीयताले गर्दा यो कार्य सहज हुन गएको थियो ।

नेपाल सरकारको तर्फबाट नयाँ विधेयक संसदमा पेश गर्दा विधेयकको मस्यौदा गर्नु पूर्व नै सम्बन्धित मन्त्रालयले नेपाल सरकार मन्त्रिपरिषदबाट नयाँ निर्माण गर्ने विधेयकको सन्दर्भमा सैद्धान्तिक सहमति लिनुपर्ने अभ्यास रहेको छ। सैद्धान्तिक सहमति लिंदा सम्बन्धित मन्त्रालयले नयाँ ऐनको आवश्यक किन परेको हो र के कस्ता आधारमा नयाँ ऐन निर्माण गर्न लागिएको हो ? नयाँ ऐन निर्माण भए पछि नेपाल सरकारलाई के, कति, आर्थिक दायित्व थप पर्ने वा नपर्ने हो ? जस्ता कुराहरु समावेश भएको अवधारणा पत्र तयार गर्नुपर्ने र अवधारणापत्रलाई अध्ययन गरी नेपाल सरकार मन्त्रिपरिषदले नयाँ ऐनको सैद्धान्तिक सहमति दिने वा नदिने निर्णय लिन सक्ने अभ्यास रहेको छ। प्रस्तुत सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐनको विधेयक, निर्माण गर्ने कार्यको लागि उक्त अवधारणापत्र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नेपाल सरकार मन्त्रिपरिषदमा पेश भई सैद्धान्तिक सहमति प्राप्त भएको र सैद्धान्तिक सहमतिको आधारमा शुरुका दिनमा त्यस मन्त्रालयबाट प्रारम्भिक मस्यौदा तयार गरिएको थियो। केही समय पछि मन्त्रिपरिषदबाट नै विधेयकको मस्यौदाको सम्बन्धमा कार्य सम्पादन भएको पाइन्छ। यहाँ एक उल्लेखनीय कुरा के छ भनी नेपाल कानून समाजले पनि आफ्नै पहलमा उक्त विधेयकको मस्यौदा तयार गर्नको लागि एक विज्ञ समूह तयार गरी मस्यौदा तयार गरेको र उक्त मस्यौदा उपर विभिन्न सरोकारवाला (स्थानीय तह, प्रदेश तथा सङ्घीय संसदका सदस्यहरु लगायत अन्य विषय विज्ञ, नागरिक समाज तथा सरकारी तथा गैर सरकारी निकायमा कार्यरत पदाधिकारी) सँग विभिन्न चरणमा धेरै पटक छलफल र अन्तक्रिया कार्यक्रम गरेको यस अघि नै उल्लेख गरिएको छ। यो विधेयकको मस्यौदा गर्न त्यति सहज रहेको अवस्था थिएन, किनकि यो विधेयक नेपालको सन्दर्भमा पूर्ण रुपमा नयाँ प्रकृतिको हो। यसैले पनि यो ऐनले बिशेष महत्व राख्दछ।

यसअघि उल्लेख गरिएका कतिपय छलफल तथा अन्तक्रिया कार्यक्रममा तत्कालीन कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालको निरन्तर उपस्थिति रहेको थियो । नेपाल कानून समाजले यसरी छलफल तथा अन्तक्रियाबाट तयार गरेको मस्यादौलाई अन्तिम रुप दिई नेपाल सरकार मन्त्रिपरिषद, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय तथा अन्य निकाय समक्ष पेश गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन सचिव (कानून) श्री रमेश ढकाल लगायत सो कार्यालयका अन्य पदाधिकारी बीच अनौपचारिक रुपमा छलफल पनि भएको थियो। सोही छलफललाई समेत आधार बनाई विधेयकमा कतिपय व्यवस्थाहरु थप घट गरी समाजले पेश गरेका मस्यौदामा उल्लेखित कतिपय कुराहरुलाई समावेश गरी नेपाल सरकार मन्त्रिपरिषदबाट विधेयकको मस्यौदालाई अन्तिम रुप दिई सङ्घीय संसद अन्तर्गत राष्ट्रिय सभामा मिति २०६७ वैशाख ४ मा दर्ता गरिएको थियो।

यो विधेयक मस्यौदाका चरणदेखि नै विभिन्न सरोकारवालाहरुको आ–आफ्नै सोच थियो। विभिन्न व्यक्तिको फरक–फरक बुझाई रहेको थियो। सबैको एकैथरी चिन्तन र बुझाई थिएन। यसकारण सबैलाई मान्य हुने गरी यसको परिमार्जन गर्ने चुनौति थियो। उल्लेख गर्नै पर्ने हुन्छ प्रधानमन्त्री कार्यालय र कानून मन्त्रालयकै विचमा एक मत कायम हुन सकेको थिएन। अन्य सरोकारवालाहरुको मत झन भिन्न थियो। यस्तो कठीन समयमा पनि नेपाल कानून समाजले सबैका मतहरुलाई सम्मान गर्दै सबैलाई सहभागी बनाउदै र समन्वयको बुँदा विकास गर्दै समन्वय र सहकार्य गर्दै विभिन्न सरोकारवालाको धारणालाई व्यवस्थापन गरी निरन्तर अगाडि बढ्यो। यो विधेयकमा सहजीकरण गर्ने कार्यमा नेपाल कानून समाज अत्यन्त सफल रहेको महसूस गर्दछ। साथै, सहजीकरणलाई सहजै स्वीकार गर्न नेपाल सरकार, सङ्घीय संसदका दुबै सदन, विधायन व्यवस्थापन समिति, राज्य व्यवस्था तथा सुशासन समिति, विधायन व्यवस्थापन समितिका सदस्यहरु, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरु, विज्ञहरु, नेपाल सरकारका पदाधिकारीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुले नेपाल कानून समाजको विज्ञता र नेतृत्वको स्वीकार गर्नु नै महत्वपूर्ण उपलब्धीको रुपमा लिएको छ।

## ४.३. निष्कर्ष

मूलुकको भौगोलिक अवस्थिति, राज्यको संरचना, इतिहास, परम्परा, आर्थिक सामाजिक र सांस्कृतिक पृष्ठभूमि, जनताको सोच र सचेतता नै राज्यका नीति निर्माणको मूल आधार हुन। राज्यले अङ्गीकार गरेको आफ्नो मूलभूत राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक उद्देश्य अनुरुप संविधानको प्रावधानको अधीनमा रही कानून निर्माण गर्नुपर्ने भएकोले नेपालको संविधानको भाग ५ मा उल्लिखित राज्यको संरचना र राज्यशक्तिको बाँडफाँडको विषय र खास गरी संविधानको भाग २० अन्तर्गत व्यवस्था भएको सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धको विषयमा केन्द्रित रही संविधानको धारा २३२, २३३ तथा २३४ लाई मूल आधार मानी प्रस्तुत ऐनको निर्माण गर्नु पर्ने र यस्तो प्रकृतिको ऐन नेपालको सन्दर्भमा अत्यन्त नयाँ प्रकृतिको रहेको छ। ऐन पूर्ण नहुन पनि सक्दछ। यो ऐन नेपालको पहिलो प्रयास भएकोले यसमा थुप्रै कमी, कमजोरी पनि हुन सक्छन्। यसमा भएका कमी कमजोरीलाई ऐन कार्यान्वयनको क्रममा आगामी दिनमा परिमार्जन गर्दै जान सकिने नै हुन्छ। अहिले जे जस्तो रुपमा यो ऐन निर्माण भएको सङ्घीय संरचना प्रति रुचि राख्ने जो कोहीको लागि पनि यसप्रति ध्यान आकृष्ट हुने नै छ। यो ऐन निर्माणमा संलग्न रही सहजीकरणको भूमिका निर्वाह गर्न पाएकोमा नेपाल कानून समाज सम्बन्धित सबैप्रति आभारी र ऋणि छ।

अन्त्यमा, यो ऐन सहभागितामा आधारित कानून निर्माण प्रक्रियाको एक उत्कृष्ट उदाहरण हो। यसले मूलुकमा सहभागीमूलक कानून निर्माणमा एउटा नयाँ अध्याय सिर्जना गरेको छ भने आगामी दिनमा सङ्घ, प्रदेश र स्थानीय तहबाट विधेयकको मस्यौदा तर्जुमा वा पारित गर्दा यसरी नै सम्बन्धित सरोकारवालाहरुसँगको व्यापक संलग्नता, परामर्शका आधारमा सरकार, संसद र नागरिक समाजको सहकार्य भए कानून निर्माण सहज हुने यसले मार्ग प्रशस्त गरेको छ।

## ४.४. केही सुझावहरू (उत्तर विधायिकी चरण)

विभिन्न चरणमा भएका छलफल र परामर्शका आधारमा विधेयकले सङ्घीय संसदको दुबै सदनबाट पारित हुँदै राष्ट्रपतिबाट भएको प्रमाणीकरण भएको यो ऐन राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा आइसकेको छ।

कार्यान्वयनको चरणमा प्रवेश गरिसके पछिको यस उत्तर विधायिकी चरणमा निम्न विषयमा ध्यान दिन जरुरी देखिएको छः–

१) ऐनले सम्प्रेषण गरेका विषयमा सरोकारवालाले एकरुपको समझदारीको विकास गरी कार्यान्वयन गर्नुपर्ने,

२) ऐन कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावलीको यथासीघ्र तर्जुमा गर्नुपर्ने,

३) सम्भव भएसम्म नियमावली तर्जुमा गर्दा सरोकारवालासँग परामर्श गर्नुपर्ने,

४) यस ऐनका कारणले खारेज भएका वा निश्क्रिय भएका र नयाँ बनाउन पर्ने कानूनहरुको पनि लेखा जोखा गरी आगामी दिनमा आवश्यक रणनीति बनाई कार्यान्वयन गर्ने,

५) ऐन कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत संरचना तथा जनशक्तिको व्यवस्थापन गर्नुपर्ने,

६) ऐन कार्यान्वयनका लागि आवश्यक मानवस्रोतलाई तालिम तथा प्रशिक्षण दिई मानवस्रोतको क्षमता विकास गर्ने,

७) ऐन कार्यान्वयन गर्न आवश्यक आर्थिक श्रोत र साधनको वन्दोवस्त गर्ने, र

८) आगामी दिनमा तीनवटै तहबाट बन्ने कानूनहरु यसैगरी सहभागिमूलक ढंगबाट निर्माण हुने कुराको सुनिश्चितता गर्ने ।

९) यस ऐनको प्रभावकारिता र ऐन प्रारम्भ भए पछि हासिल भएका उपलब्धीको मापन गर्न ऐन प्रारम्भ भएको तीन वर्ष पूरा भएपछि छ महिनाभित्र नेपाल सरकारले एक समिति गठन गरी अध्ययन गराउनुपर्ने र सो समितिको अध्ययन प्रतिवेदनको आधारमा नेपाल सरकारले कार्यान्वयन र प्रभाव मूल्याङ्कनको प्रतिवेदन सङ्घीय संसदमा पेश गर्नुपर्ने व्यवस्था प्रस्तावित नियमावलीमा हुनुपर्ने ।

# सन्दर्भ सामाग्री


- नेपालको संविधान, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून किताव व्यवस्था समिति, बबरमहल।
- प्रतिनिधिसभा नियमावली, २०७५ सङ्घीय संसद सचिवालय, सिंहदरवार
- राष्ट्रियसभा नियमावली, २०७५, सङ्घीय संसद सचिवालय, सिंहदरवार
- सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७, नेपाल राजपत्र भाग, खण्ड, ७०, अतिरिक्ताङ्क २४, २०७७ साउन १३।
- प्रतिनिधिसभा राज्य व्यवस्था तथा सुशासन समितिको मिति २०७७ असार ४ गतेको प्रतिवेदन।
- राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिको मिति २०७६ पुष २८ गतेको प्रतिवेदन
- सातै प्रदेशमा सञ्चालन गरिएको सरोकारवालाहरुसँगको संवाद प्रतिवेदन
- विविध

# अनुसूचीहरू

**अनुसूची १**
सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने
सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक ........................................................ ३६

**अनुसूची २**
नेपाल कानून समाज र एन.डि.आई.को आयोजनामा आयोजित टाउन हल मिटिङको
सरोकारवालाहरुबाट प्राप्त सुझाव (२०७७ वैशाख/जेष्ठ) .................................... ५२

**अनुसूची ३**
विधायन व्यवस्थापन समिति (राष्ट्रियसभा)
सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा
बनेको विधेयकमाथि औपचारिक छलफल कार्यक्रमको प्रतिवेदन ............................ ५५

**अनुसूची ४**
सङ्घीय संसद/राष्ट्रिय सभा/विधायन व्यवस्थापन समिति
राष्ट्रिय सभामा उत्पन्न सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन)
विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन .............................................................. ६८

**अनुसूची ५**
सङ्घीय संसद/प्रतिनिधि सभा/राज्य व्यवस्था तथा सुशासन समिति
सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५
सम्बन्धमा समितिको प्रतिवेदन ...................................................................... ७९

**अनुसूची ६**
सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ....................... ८३

**अनुसूची ७**
सङ्घ प्रदेश र स्थानीय तह बीच (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ का
वारेमा प्राप्त अभिमत तथा अन्तर्वार्ताहरु ........................................................ ९७

# सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः मुलुकले अङ्गीकार गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा व्यवस्थित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अन्तर प्रदेश परिषद" भन्नाले संविधानको धारा २३४ बमोजिमको अन्तर प्रदेश परिषद सम्झनु पर्छ।

(ख) "परिषद" भन्नाले दफा १६ बमोजिमको राष्ट्रिय समन्वय परिषद सम्झनुपर्छ।

(ग) "प्रदेश" भन्नाले संविधान बमोजिम गठन भएको प्रदेश सम्झनुपर्छ।

(घ) "प्रदेश समन्वय परिषद" भन्नाले दफा २२ बमोजिमको प्रदेश समन्वय परिषद सम्झनुपर्छ।

(ङ) "विषयगत समिति" भन्नाले दफा २० बमोजिमको विषयगत समिति सम्झनुपर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

## परिच्छेद–२ सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारहरू

३. **सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारः** सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्धका आधार देहाय बमोजिम हुनेछन्–

(क) मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय स्वाभिमान, राष्ट्रिय हित, राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ख) सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोग,

(ग) बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणमा क्रियाशीलता,

(घ) मानव अधिकार तथा मौलिक हक र कानूनी राज्यको सम्मान, संरक्षण र परिपूर्तिमा क्रियाशीलता,

(ङ) बहुलता, समानता र सामाजिक न्यायमा आधारित समतामूलक समाज निर्माणमा क्रियाशीलता,

(च) उद्यमशीलता, मर्यादा र अनुशासनमा आधारित सामाजिक सांस्कृतिक मूल्यहरुको विकास र प्रवर्द्धनमा क्रियाशीलता,

(छ) प्राकृतिक, भौतिक, वित्तीय तथा मानवस्रोतको अधिकतम तथा दीगो उपयोग गरी लोकतन्त्रका लाभहरुको न्यायोचित वितरण गर्ने पद्धति सहितको लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा क्रियाशीलता,

(ज) बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहअस्तित्व, सहिष्णुता र सद्भावको संरक्षण तथा प्रवर्द्धनमा क्रियाशीलता,

(झ) दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय आकाङ्क्षाको कार्यान्वयनमा क्रियाशीलता,

(ञ) संविधानले निर्दिष्ट गरेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयनमा क्रियाशीलता,

(ट) संविधानको अधीनमा रही सङ्घीय इकाईहरुको कार्यगत स्वतन्त्रताको सम्मान र संस्थागत सुदृढीकरण,

(ठ) सबै तहका सरकारबाट प्रदान गरिने सेवा प्रवाहमा नेपाली नागरिक बीचमा अविभेदको सिद्धान्तको अवलम्बन,

(ड) सङ्घीय इकाइ बीच जिम्मेवारी, स्रोत साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार,

(ढ) कानून तथा नीति कार्यान्वयनमा एक आपसमा समन्वय र सहयोग,

(ण) साझा सरोकार र हितका विषयमा सूचना आदानप्रदान, परामर्श, आपसी समन्वय र सहयोग।

४. **अन्तर प्रदेश सम्बन्धका आधारहरूः** दफा ३ मा उल्लिखित आधारका अतिरिक्त प्रदेशहरु बीचको अन्तरसम्बन्धका आधारहरु देहाय बमोजिम हुने छनः–

(क) पारस्परिकताको आधारमा न्यायिक वा प्रशासनिक निर्णयको कार्यान्वयन र आपसी सहयोग,

(ख) एक अर्को प्रदेशका बासिन्दालाई सम्मान, समान व्यवहार र सुरक्षा,

(ग) संविधानको अनुसूची –६ मा उल्लिखित अन्तर प्रदेशलाई प्रभाव पार्ने प्रकृतिको विषयमा कानून, नीति, योजना तर्जुमा तथा कार्यान्वयन गर्दा आपसी समन्वय, परामर्श र सूचना आदान प्रदान,

(घ) एक प्रदेशबाट अर्को प्रदेशको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध नहुने वा कुनै कर, शुल्क, दस्तुर वा महशुल नलगाउने वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव नहुने सुनिश्चितता,

(ङ) साझा हित र सरोकार रहेको विषयमा सूचना आदान प्रदान र सहकार्य।

५. **प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तह बीचको अन्तरसम्बन्धः** (१) दफा ३ र ४ मा उल्लिखित आधारहरुको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी आवश्यक हेरफेर सहित (मुटाटिज मुटान्डिज) त्यस्तो आधारप्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तह बीचको अन्तरसम्बन्ध र समन्वयको सम्बन्धमा समेत लागू हुनेछ।

(२) प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तह बीचको अन्तरसम्बन्ध र समन्वय सम्बन्धी कानून बनाउँदा प्रदेशले दफा ३ र ४ लाई समेत आधार मान्नु पर्नेछ।

## परिच्छेद–३ कानून, नीति तथा योजना तर्जुमा

६. **कानून, नीति तथा योजना तर्जुमा गर्दा विचार गर्नु पर्नेः** सङ्घ, प्रदेश र स्थानीय तहले कानून, नीति तथा योजना तर्जुमा गर्दा देहायका विषयलाई विचार गर्नु पर्नेछः:–

(क) संविधान बमोजिम आफूसँग सम्बन्धित अधिकार सूचीका अतिरिक्त अर्को तहको अधिकार सूचीमा उल्लिखित विषय,

(ख) संविधानको अनुसूचीमा रहेका अधिकार सूचीका विषयहरु बीचको अन्तरसम्बन्ध, अन्तरनिर्भरता र सीमा,

(ग) संविधानमा रहेका अधिकार सूचीका अतिरिक्त संवैधानिक व्यवस्थाहरुको समग्रता,

(घ) संविधानका व्यवस्थाहरु प्रतिको सामन्जस्यतापूर्ण दृष्टिकोण,

(ङ) संवैधानिक उद्देश्य, मान्यता, भावना र मर्म,

(च) आफूसँग सम्बन्धित अधिकार सूचीमा परेको विषयमा अर्को तह वा समान तहको अधिकार।

७. **प्रदेश तथा स्थानीय तहले कानून तथा नीति तर्जुमा गर्दा लिनुपर्ने आधारः** (१) प्रदेशले कानून तथा नीति बनाउँदा देहायका विषयलाई आधार मान्नुपर्नेछः–

(क) संविधान,

(ख) सङ्घीय कानून,

(ग) राष्ट्रिय नीति तथा प्राथमिकता,

(घ) सर्वाङ्गिण राष्ट्रिय हित तथा स्वार्थ,

(ङ) कानूनको स्वच्छता, उपयुक्तता र तर्कसङ्गतता,

(च) कानून र न्यायका मान्य सिद्धान्त तथा कानून शास्त्रका स्थापित मान्यताहरु

(छ) सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तहरु,

(ज) अन्तर्राष्ट्रिय स्तरमा मुलुकले व्यक्त गरेको प्रतिबद्धता,

(झ) सम्बन्धित प्रदेशले निर्माण गरेका अन्य नीति तथा कानूनहरुसँगको तादात्म्यता,

(ञ) सिमाना जोडिएका अन्य प्रदेशको साझा चासो, सरोकार र हितका विषय,

(ट) साझा अधिकार तथा आर्थिक अधिकारको विषयमा कानून तथा नीति बनाउँदा सङ्घबाट जारी भएका आधारभूत नीति तथा मापदण्ड,

(ठ) अन्य प्रदेशको कानून तथा नीतिसँगको तादात्म्यता र एकरुपता,

(ड) संविधानको अनुसूची– ९ मा उल्लिखित विषयमा कानून बनाउदा स्थानीय तहको समेत भूमिका र जिम्मेबारी स्पष्ट गर्ने।

(२) स्थानीय तहले कानून तथा नीति बनाउँदा उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (ट) मा उल्लिखित विषयका अतिरिक्त देहायका विषयलाई समेत आधार मान्नुपर्नेछः–

(क) प्रदेश कानून तथा नीति,

(ख) सिमाना जोडिएका अन्य स्थानीय तहको साझा चासो, सरोकार र हितका विषय,

(ग) साझा अधिकारको विषयमा कानून तथा नीति बनाउँदा सम्बन्धित प्रदेश तहबाट जारी भएका आधारभूत नीति तथा मापदण्ड।

८. **सङ्घीय कानूनबाट व्यवस्थित हुनेः** (१) देहायका कार्यहरु सङ्घीय कानूनबाट व्यवस्थित हुनेछन् :–

(क) कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गरी कैद सजायको व्यवस्था गर्ने,

(ख) नेपाल सरकारवादी हुने फौजदारी कसूरको अनुसन्धान गर्ने,

(ग) फौजदारी कसूरमा संलग्न व्यक्ति उपर राज्यको तर्फबाट मुद्दा चलाउने,

(घ) संविधानको धारा १५२ बमोजिमको विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्ने वा त्यस्तो अदालत, न्यायिक निकाय तथा न्यायाधिकरणको क्षेत्राधिकारमा हेरफेर गर्ने,

(ङ) संविधान बमोजिम सङ्घीय कानूनबाट व्यवस्थित तथा निरुपण हुने अन्य कार्य।

(२) उपदफा (१) को खण्ड (ख) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहाय बमोजिम हुनेछः–

(क) सङ्घीय कानूनले प्रदेश प्रहरी वा प्रदेश स्तरको कुनै निकाय वा अधिकारीबाट अनुसन्धान हुने भनी तोकेका फौजदारी कसूरको अनुसन्धान सङ्घीय कानून बमोजिम त्यस्तो निकाय वा अधिकारीबाट हुने,

(ख) खण्ड (क) बमोजिम प्रदेश तहबाट अनुसन्धान भएको नेपाल सरकार वादी हुने मुद्दा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिल वा सङ्घीय कानून बमोजिमको अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष नेपाल सरकारको नामबाट दायर गर्ने,

(ग) संविधान बमोजिम आफ्नो अधिकार सूचीमा पर्ने विषयमा कानून बनाउँदा विवाद समाधानको लागि वैकल्पिक उपाय अवलम्बन गर्न वा मुद्दा हेर्ने वा पुनरावेदन सुन्ने निकाय वा अधिकारीको व्यवस्था गर्न वा जिल्ला अदालत वा उच्च अदालतमा मुद्दा वा पुनरावेदन लाग्न सक्ने गरी सम्बन्धित प्रदेश तहको कानूनबाट व्यवस्था गर्न सकिने,

तर जिल्ला अदालत वा उच्च अदालतको अधिकार क्षेत्र सिर्जना गर्दा न्याय प्रशासन सम्बन्धी प्रचलित सङ्घीय कानूनको सिद्धान्त र व्यवस्था प्रतिकूल नहुने गरी गर्नुपर्नेछ।

(घ) जरिवाना गर्ने लगायतका प्रशासनिक तथा देवानी दायित्वको सिर्जना र कार्यान्वयन सम्बन्धित प्रदेश वा स्थानीय तहको कानूनबाट गर्न सकिने।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम जिल्ला अदालत तथा उच्च अदालतमा मुद्दा चल्ने वा पुनरावेदन लाग्ने गरी कानून बनाउनु अघि नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मार्फत न्याय परिषदको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश वा स्थानीय तहबाट सञ्चालन तथा प्रशासन हुने कुनै विषयलाई फौजदारी कसूर कायम गरी कैदको सजाय गर्नु पर्ने भएमा फौजदारी कसूर कायम गरी सजाय गर्ने सम्बन्धी व्यवस्था सङ्घीय कानून बमोजिम हुनेछ र त्यस्तो कसूरको अनुसन्धान तथा तहकिकात प्रदेश तहबाट हुने गरी व्यवस्था गर्नु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश र स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउनु हुँदैनः–

(क) मौलिक हक, संवैधानिक हक वा सङ्घीय कानून बमोजिमका अन्य कानूनी हकमा प्रतिबन्ध लगाउने गरी वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने गरी,

(ख) सङ्घीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो कार्य गर्न नपाउने गरी वा सङ्घीय कानूनले कुनै काम कसैले गर्न नपाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउने गरी,

(ग) संविधान वा सङ्घीय कानून विपरित हुने गरी।

९. **एकल अधिकारको सूचीमा रहेका विषयमा कानून बनाउनेः** (१) संविधानको अनुसूची–५ मा उल्लिखित विषयमा सङ्घले कानून बनाउने छ।

(२) संविधानको अनुसूची–६ मा उल्लिखित विषयमा प्रदेशले कानून बनाउनेछ।

(३) संविधानको अनुसूची–८ मा उल्लिखित विषयमा स्थानीय तहले कानून बनाउनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम प्रदेश तथा स्थानीय तहले कानून बनाउँदा संविधान तथा सङ्घीय कानून विपरीत नहुने गरी तथा अन्य तहमा निहित रहेको अधिकारमा प्रतिकूल असर नपर्ने गरी बनाउनु पर्नेछ।

१०. **साझा अधिकारको सूचीमा रहेका विषयमा कानून बनाउनेः** (१) संविधानको अनुसूची–७ र ९ मा उल्लिखित विषयमा सङ्घले कानून बनाउनेछ र सङ्घले बनाएको कानूनको अधीनमा रही प्रदेश र स्थानीय तहले कानून बनाउने छन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विषयमा सङ्घको कानून नबनेको अवस्थामा संविधान प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहले कानून बनाउन सक्ने छन।

(३) उपदफा (२) मा उल्लिखित विषयमा सङ्घीय कानून बनेमा वा सङ्घीय कानूनमा संशोधन भएमा प्रदेश र स्थानीय तहले समेत सो अनुकूल हुने गरी कानून बनाउनु वा परिमार्जन गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम सङ्घले कानून बनाउँदा सामान्यतया देहायका मान्यताबाट निर्देशित हुनु पर्नेछः।

(क) साझा अधिकारको सूचीमा रहेका विषयमा सम्भव भएसम्म सङ्घ, प्रदेश वा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गर्ने गरी कानूनी बन्दोबस्त गर्ने,

(ख) राष्ट्रिय मापदण्ड वा गुणस्तर निर्धारण गर्नु पर्ने वा व्यापक राष्ट्रिय सरोकारको विषयमा सङ्घीय कानूनबाट व्यवस्था गर्ने,

(ग) प्रदेश र स्थानीय तहको सक्षमता अभिवृद्धि गर्दै जाने,

(घ) प्रदेश वा स्थानीय तहबाटै नियमन तथा कार्यान्वयन हुने प्रकृतिका विषयमा तथा प्रदेश वा स्थानीय तहको विशिष्टता र आवश्यकता प्रतिबिम्बित हुनुपर्ने विषयमा सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई कानून बनाउन सहयोग गर्ने,

(ङ) सङ्घबाट पूर्ण नियमन गर्नु पर्ने विषयमा सङ्घीय कानूनबाट नियमनको व्यवस्था गरी कार्यान्वयनमा प्रदेश र स्थानीय तहको अधिकतम सहभगी सुनिश्चित गर्ने,

(च) नागरिकलाई सेवा प्राप्त गर्न सहज र सरल तथा आर्थिक रुपले कम लागत पर्ने गरी सम्बन्धित सरकारबाट सम्पादन हुने गरी व्यवस्था मिलाउने,

(छ) समष्टिगत स्थिरता कायम गर्ने तथा राष्ट्रिय प्राथमिकताको क्षेत्रमा सङ्घीय भूमिका रहने,

(ज) प्रदेश र स्थानीय तहले कुनै विषयमा कानून बनाउनु अघि सङ्घले सो सम्बन्धमा कुनै नीति वा मापदण्ड बनाउनु पर्ने रहेछ भने त्यस्तो नीति वा मापदण्ड बनाई प्रदेश र स्थानीय तहलाई कानून बनाउन सहजता प्रदान गर्ने,

(झ) संविधानको अनुसूची –७ मा उल्लिखित विषयको हकमा नीति निर्माण, मापदण्ड, गुणस्तर निर्धारण तथा नियमनको कार्य सङ्घबाट र विकास, स्थानीय नियमन र सेवा प्रवाह सम्बन्धी कार्य प्रदेश तहबाट हुने,

(ङ) संविधानको अनुसूची–९ मा उल्लिखित विषयको हकमा नीति निर्माण, मापदण्ड, गुणस्तर निर्धारण तथा नियमनको कार्य सङ्घबाट, विकास तथा स्थानीय नियमनको कार्य प्रदेश तहबाट र सेवा प्रवाह सम्बन्धी कार्य स्थानीय तहबाट हुने ।

(५) सङ्घले संविधान बमोजिमको साझा अधिकारको सूचीका विषयमा आफूले कानून बनाउने तथा प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्ने प्रयोजनको लागि देहायको प्रकृतिको आधारमा वर्गीकरण गरी कार्यान्वयन गर्न सक्ने छः–

(क) सङ्घले पूर्ण रुपमा नियमन गर्नुपर्ने विषय,

(ख) सङ्घले आंशिक रुपमा मात्र नियमन गर्नुपर्ने विषय,

(ग) सङ्घले आधारभूत मापदण्ड, सिद्धान्त र आधार तय गरी संरचनागत कानूनी बन्दोबस्त गर्नुपर्ने विषय,

(घ) सङ्घले सामान्य रुपमा मार्गदर्शन, सहजीकरण वा अनुगमन गर्नुपर्ने विषय,

(ङ) कार्यान्वयन र नियमनको मुख्य दायित्व प्रदेश वा स्थानीय तहको हुने र सङ्घले सहयोग र समन्वय गर्नुपर्ने विषय,

(च) प्रदेश वा स्थानीय तहले कार्यान्वयनको मुख्य अभिभारा वा जिम्मेवारी लिनुपर्ने विषय,

(छ) प्रदेश र स्थानीय तह दुबैको भूमिका र जिम्मेवारी रहने विषय ।

११. **समन्वय र परामर्श गर्नेः** (१) नेपाल सरकारले देहायका विषयमा प्रदेश सरकारसँग समन्वय र परामर्श गर्नु पर्नेछः:

(क) संविधानको अनुसूची–७ मा उल्लिखित साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा,

(ख) दुई वा दुई भन्दा बढी प्रदेशहरुको अनुरोधमा संविधानको अनुसूची–६ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा,

(ग) राष्ट्रिय महत्वका ठूला परियोजना, अन्तर प्रदेशस्तरीय परियोजना वा कार्यक्रम सञ्चालन गर्दा,

(घ) प्रदेशले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा,

(ङ) अन्तर प्रदेशमा सञ्चालन हुने राष्ट्रिय सडक, विद्युतीय प्रसारण लाइन तथा अन्तर प्रदेशस्तरीय सिंचाइ वा यस्तै प्रकृतिका योजना सञ्चालन गर्दा,

(च) प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा,

(छ) नेपाल सरकारले उपयुक्त ठह्र्याएको अन्य विषय।

(२) नेपाल सरकारले देहायका विषयमा स्थानीय तहसँग आवश्यकता अनुसार समन्वय र परामर्श गर्न सक्नेछ :–

(क) स्थानीय तहले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा,

(ख) नेपाल सरकारले उपयुक्त ठह्र्याएको अन्य विषय।

(३) नेपाल सरकारले देहायका विषयमा आवश्यकता अनुसार प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्न सक्नेछः–

(क) संविधानको अनुसूची–९ मा उल्लिखित साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा,

(ख) राजश्वको बाँडफाँड तथा नयाँ कर प्रणाली लागू गर्ने क्रममा सो को नीतिगत विषयमा,

(ग) प्राकृतिक स्रोत तथा त्यसको लाभको बाँडफाँड गर्दा।

(४) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त नेपाल सरकारले प्रदेश सरकारको सरोकार जोडिएका विषयमा कानून बनाउँदा र संविधानको धारा ५८ बमोजिमको अवशिष्ट अधिकारको विषयमा प्रदेश सरकारसँग आवश्यकता अनुसार परामर्श र समन्वय गर्नसक्नेछ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषय हेर्ने मन्त्रालयले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित नीति, योजना वा कानूनको मस्यौदा सम्बन्धमा प्रदेश सरकारको हकमा सम्बन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय र स्थानीय तहको हकमा स्थानीय तहको प्रतिनिधिहरुको प्रचलित कानून बमोजिमको संस्थासँग परामर्श गर्नेछ।

(६) उपदफा (५) को प्रयोजनको लागि परामर्श गर्ने सम्बन्धी अन्य प्रकृया यस ऐन अन्तरगत बनेको नियममा तोकिए बमोजिम हुनेछ।

(७) प्रदेशले अनुसूची–७ र ९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय वा निकायसँग समन्वय र परामर्श गर्नु पर्नेछ।

(८) अनुसूची–९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा स्थानीय तहले कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकायसँग समेत समन्वय र परामर्श गर्नु पर्नेछ।

(९) प्रदेशले संविधानको अनुसूची–९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा आफ्नो प्रदेश भित्रका स्थानीय तहसँग समन्वय र परामर्श गर्नु पर्नेछ।

(१०) दफा ३ को खण्ड (ख) र (ग) मा लेखिएको कुनै कुराले संविधान बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको अधिकार क्षेत्रमा प्रतिकूल असर पारेको मानिने छैन।

(११) यस दफा बमोजिम कुनै काम कारवाहीको सम्बन्धमा परामर्श माग गर्दा परामर्श उपलब्ध नगराएकोमा त्यस्तो काम कारवाही अघि बढाउन बाधा परेको वा परामर्श बमोजिम कार्य नभएको कारणले मात्र कुनै काम कारवाहीको वैधानिकतामा प्रतिकूल असर पुऱ्याएको मानिने छैन।

१२. **कानूनको प्रकाशन तथा अभिलेखः** (१) प्रदेशले बनाएको ऐन, नियमावली र गठन आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) स्थानीय तहले बनाएको ऐन र नियमावली स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(३) प्रदेश तथा स्थानीय तहले बनाएको नीति, निर्देशिका र कार्यविधि सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले बनाएको ऐन र नियमावलीको प्रमाणीकरणप्रति सम्बन्धित तहले सुरक्षित रुपमा अभिलेख गरी राख्नुपर्नेछ।

(५) उपदफा (१) र (२) बमोजिमको ऐन, नियमावली र गठन आदेशको प्रमाणित प्रति सम्बन्धित प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) स्थानीय तहले बनाएको ऐन, नियमावली तथा अन्य कानूनको एक प्रति प्रदेश सरकारलाई समेत पठाउनु पर्नेछ।

(७) सङ्घ, प्रदेश र स्थानीय तहबाट संविधान तथा प्रचलित कानून बमोजिम पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

१३. **सहयोग गर्नुपर्नेः** (१) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्नेछ।

(२) स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्नेछ।

(३) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई कानून बनाउनको लागि नमूना कानूनको मस्यौदा बनाई उपलब्ध गराउन सक्नेछ।

(४) सङ्घले बनाएका कानून, नीति तथा योजना कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले आवश्यक सहयोग गर्नु पर्नेछ।

(५) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा प्रदेश र स्थानीय तहले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नु पर्नेछ।

१४. **निर्देशन दिन सक्नेः** (१) संविधान, यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्दा नेपाल सरकारले राष्ट्रिय महत्व तथा प्राथमिकता वा प्रदेशहरु बीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) संविधान, यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्दा नेपाल सरकारले आफैं वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका तथा नगर कार्यपालिकालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तह बीच समन्वय कायम गर्न तथा सङ्घीय र प्रदेश कानूनको कार्यान्वयनमा प्रभावकारिता ल्याई सार्वजनिक हित कायम गर्न प्रदेश मन्त्रिपरिषदले गाउँ कार्यपालिका तथा नगर कार्यपालिकालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको निर्देशन पालना गर्नु सम्बन्धित तहको कर्तव्य हुनेछ।

१५. **ध्यानाकर्षण गराउन सक्नेः** (१) प्रदेश तथा स्थानीय तहले बनाएको कानून संविधान तथा अन्य सङ्घीय कानून विपरीत भएमा नेपाल सरकारले त्यस्तो कानूनलाई संविधान तथा सङ्घीय कानून अनुकूल हुने गरी तत्काल परिमार्जन गर्न सम्बन्धित प्रदेश तथा स्थानीय तहको ध्यानाकर्षण गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम ध्यानाकर्षण भएमा सो बमोजिम कानून परिमार्जन गर्नु सम्बन्धित प्रदेश तथा स्थानीय तहको कर्तव्य हुने छ।

## परिच्छेद–४ परिषद तथा समिति

१६. **परिषदको गठनः** (१) सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्न देहाय बमोजिमको राष्ट्रिय समन्वय परिषद रहनेछः–

| | |
|---|---|
| (क) प्रधानमन्त्री | अध्यक्ष |
| (ख) नेपाल सरकारको अर्थमन्त्री | सदस्य |
| (ग) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्री | सदस्य |
| (घ) नेपाल सरकारको गृह मन्त्री | सदस्य |
| (ङ) नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | सदस्य |
| (च) सबै प्रदेशका मुख्य मन्त्रीहरु | सदस्य |
| (छ) राष्ट्रिय योजना आयोगका उपाध्यक्ष | सदस्य |
| (ज) गाउपालिका महासङ्घ, नगरपालिका सङ्घ तथा जिल्ला समन्वय समिति महासङ्घबाट सबै प्रदेशबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त अनुरुप प्रधानमन्त्रीले मनोनयन गरेका कम्तिमा दुई महिला सहित सात जना | सदस्य |

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम मनोनति सदस्यको पदावधी तीन वर्षको हुनेछ।

तर सम्बन्धित स्थानीय तहको निजको पद कायम नभएमा वा कुनै कारणले रिक्त भएमा मनोनित सदस्यको पद रिक्त भएको मानिनेछ।

(३) परिषदको बैठकमा विषयगत मन्त्री तथा सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(४) परिषदको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(५) परिषदको बैठकको मिति, समय, स्थान र छलफलका विषयहरु परिषदको अध्यक्षले तोके बमोजिम हुनेछ।

(६) परिषदको बैठक बस्नको लागि अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(७) परिषदको बैठकको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ।

(८) कुनै प्रदेश वा स्थानीय तहले परिषदको बैठकमा कुनै विषयमा छलफल गर्नको लागि अनुरोध गरी परिषदको सचिवालयमा प्रस्ताव पेश गर्न सक्नेछ। त्यसरी प्राप्त हुन आएका प्रस्ताव परिषदको सचिवले अध्यक्ष समक्ष पेश गर्नु पर्नेछ।

(९) उपदफा (७) बमोजिम पेश भएको कुनै प्रस्ताव परिषदमा छलफल गर्नु पर्ने देखिएमा अध्यक्षले सो प्रस्ताव परिषदको बैठकमा पेश गर्न परिषदको सचिवलाई निर्देशन दिन सक्नेछ।

(१०) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवले परिषदको सचिवको रुपमा कार्य गर्नेछ।

(११) परिषदको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **परिषदको काम, कर्तव्य र अधिकारः** परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय गर्ने,

(ख) प्रदेश तथा स्थानीय स्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएको विषयमा समन्वय गर्ने,

(ग) राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने,

(घ) अन्तर प्रदेश तथा स्थानीय तहलाई प्रभाव पर्ने कानून, नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने,

(ङ) अन्तर प्रदेशस्तरमा सञ्चालित विकासका ठूला आयोजनाहरुको कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने,

(च) शिक्षा, स्वास्थ्य, रोजगारी लगायतको विषयमा गुणस्तर र एकरुपता कायम गर्न आधारभूत मापदण्ड निर्धारण गर्ने विषयमा समन्वय गर्ने,

(छ) सङ्घीयता कार्यान्वयनको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट बनेका नीति, कानून तथा योजनाको समीक्षा तथा विश्लेषण गर्ने, गराउने,

(ज) सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामन्जस्यता कायम गर्न आवश्यक कार्य गर्ने,

(झ) कानून निर्माण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई सुझाव दिने,

(ञ) नेपाल सरकार, मन्त्रिपरिषद, विषयगत समिति र प्रदेश समन्वय परिषदबाट छलफलको लागि पठाएका विषयमा आवश्यकता अनुसार छलफल तथा समन्वय गर्ने।

१८. **सचिवालय तथा जनशक्तिः** (१) परिषदको सचिवालय नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको सचिवालयलाई आवश्यक बजेट तथा जनशक्ति नेपाल सरकारले व्यवस्था गर्नेछ।

१९. **विशेष समिति गठन गर्न सक्नेः** (१) परिषदले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यकता अनुसार विशेष समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने विशेष समितिको संरचना, काम, कर्तव्य र अधिकार परिषदले तोकेबमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विशेष समितिको बैठक तथा निर्णय सम्बन्धी व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **विषयगत समितिः** (१) सङ्घ र प्रदेशका सम्बन्धित विषय हेर्ने मन्त्रालय तथा स्थानीय तह बीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन देहाय बमोजिमका विषयगत समिति रहनेछन् –

| | |
|---|---|
| (क) नेपाल सरकारको सम्बन्धित विषय हेर्ने मन्त्री | अध्यक्ष |
| (ख) प्रदेश सरकारका सम्बन्धित विषय हेर्ने मन्त्री | सदस्य |
| (ग) अध्यक्षले तोकेको स्थानीय तहको एक जना प्रमुख वा अध्यक्ष | सदस्य |

(२) विषयगत समितिको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ।

(३) विषयगत समितिको बैठकको मिति, समय, स्थान तथा छलफलको सूची सो समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

(४) विषयगत समितिको बैठक बस्नको लागि सो समितिको अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(५) विषयगत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(६) विषयगत समितिले आवश्यकता अनुसार विषयविज्ञ एवं सरोकारवाला निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) विषयगत समितिको सचिवालय नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा रहनेछ।

(८) विषयगत समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२१. **विषयगत समितिको काम, कर्तव्य र अधिकारः** विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने,

(ख) क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एक रुपता, निरन्तरता एवं गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाको लागि परिषदलाई सुझाव दिने,

(घ) परिषदको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ङ) परिषदले तोकेका अन्य कार्य गर्ने।

२२. प्रदेश समन्वय परिषदको गठनः प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न प्रदेश कानून बमोजिम एक प्रदेश समन्वय परिषदको गठन हुनेछ।

२३. प्रदेश समन्वय परिषदको काम, कर्तव्य र अधिकारः (१) प्रदेश समन्वय परिषदको काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुनेछ।

(२) प्रदेश समन्वय परिषदले गरेको निर्णय प्रदेश सरकार र प्रदेशभित्रका स्थानीय तहले पालना र कार्यान्वयन गर्नु पर्नेछ।

(३) परिषदले प्रदेश समन्वय परिषदलाई आवश्यक निर्देशन दिन सक्नेछ र परिषदले दिएको त्यस्तो निर्देशन पालना गर्नु प्रदेश समन्वय परिषदको कर्तव्य हुनेछ।

२४. जिल्ला समन्वय समितिको भूमिकाः (१) सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न जिल्ला समन्वय समितिले संविधानको धारा २२० को उपधारा (७) बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्नेछ।

(२) प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्ने सम्बन्धमा जिल्ला समन्वय समितिले प्रदेश कानूनमा उल्लेख भए बमोजिमको कार्य गर्नेछ।

(३) सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वयलाई प्रभावकारी बनाउन नेपाल सरकार,परिषद, विषयगत समिति तथा प्रदेश समन्वय परिषदले जिल्ला समन्वय समितिलाई आवश्यक जिम्मेवारी प्रदान गर्न सक्नेछन्।

## परिच्छेद–५ विवाद समाधान

२५. विवाद नआउने गरी कार्यसम्पादन गर्नु पर्नेः सङ्घ, प्रदेश र स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रको कार्यसम्पादन गर्दा विवाद नआउने गरी सम्पन्न गर्नु पर्नेछ।

२६. सङ्घ, प्रदेश तथा अन्तर प्रदेश बीचको विवादः (१) अन्तर प्रदेश परिषदले सङ्घ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी अन्तर प्रदेश परिषदले देहायको विवादहरुलाई समाधान गर्नेछः–

(क) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट प्रदेशको अधिकार सूची वा कार्य जिम्मेवारीमा प्रतिकूल असर परेको कारणबाट उत्पन्न विवाद,

(ख) प्रदेश सरकार वा प्रदेश सरकारको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट सङ्घको अधिकार सूची वा कार्य जिम्मेवारीमा प्रतिकूल असर परेको कारणबाट उत्पन्न विवाद,

(ग) एक वा एकभन्दा बढी प्रदेशबाट भएको निर्णय वा काम कारवाहीबाट अर्को प्रदेशको अधिकार सूची वा कार्य जिम्मेवारीमा प्रतिकूल असर परेको कारणबाट उत्पन्न विवाद।

(३) उपदफा (२) बमोजिमको कुनै विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पन्ध्र दिन भित्र विवादको कुनै पक्षले त्यस्तो विवादको सम्बन्धमा अन्तर प्रदेश परिषदको सचिवालयमा लिखित सूचना दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएमा अन्तर प्रदेश परिषदको सचिवालयले सो परिषदको अध्यक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (१) को प्रयोजनको लागि अन्तर प्रदेश परिषदले देहायको कार्य गर्नेछः–

(क) विवादित प्रश्न वा विषय पहिचान गर्ने,

(ख) विवादको प्रकृति निर्धारण गर्ने,

(ग) विवादको कारण पहिचान गर्ने,

(घ) विवाद समाधानका उपाय वा विकल्पहरुको खोजी गर्ने,

(ङ) अन्तर प्रदेश परिषदले मनासिब ठानेका अन्य कार्य गर्ने।

(६) उपदफा (५) बमोजिमको कार्य गर्नको लागि अन्तर प्रदेश परिषदले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको उपसमिति वा कार्यदलको संरचना, कार्यादेश, कार्यावधि र कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत अन्तर प्रदेश परिषदले निर्धारण गरे बमोजिम हुनेछ।

(८) उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा अन्तर प्रदेश परिषदले वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवादको समाधान गर्नेछ।

(९) अन्तर प्रदेश परिषदले उपदफा (३) बमोजिम विवादको सूचना प्राप्त भएको मितिले तीन महिना भित्र विवाद समाधान गरिसक्नु पर्नेछ।

(१०) उपदफा (८) बमोजिम विवाद समाधान नभएमा त्यस्तो विवाद समाधानको लागि अन्तर प्रदेश परिषदले उपयुक्त निर्णय गर्न सक्नेछ।

(११) उपदफा (१०) बमोजिम भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(१२) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभामा विचाराधीन विषयसँग सम्बन्धित विवादमा उपदफा (१०) बमोजिम अन्तर प्रदेश परिषदले कुनै निर्णय गर्ने छैन।

तर त्यस्तो विषयमा निहित राजनीतिक विवाद समाधान गर्नको लागि राजनीतिक सहजीकरण गर्न बाधा परेको मानिने छैन।

(१३) अन्तर प्रदेश परिषदको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(१४) अन्तर प्रदेश परिषदको सचिवको रुपमा नेपाल सरकारको मुख्य सचिवले कार्य गर्नेछ।

२७. प्रदेश तथा स्थानीय तह र अन्तर स्थानीय तह बीचको विवादः (१) प्रदेश तथा स्थानीय तह बीच तथा अन्तर स्थानीय तह बीचको राजनीतिक विवादको समाधान प्रदेश सभाले गर्नेछ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी प्रदेश सभाले देहायको विवादहरुलाई समाधान गर्नेछः–

(क) प्रदेश सरकार वा प्रदेश सरकारको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट स्थानीय तहको अधिकार सूची वा कार्य जिम्मेवारीमा प्रतिकूल असर परेको कारणबाट उत्पन्न विवाद,

(ख) स्थानीय तहको कुनै निकायबाट भएको निर्णय वा काम कारवाहीबाट प्रदेशको अधिकार सूची वा कार्य जिम्मेवारीमा प्रतिकूल असर परेको कारणबाट उत्पन्न विवाद,

(ग) एक वा एकभन्दा बढी स्थानीयतहबाट भएको निर्णय वा काम कारवाहीबाट अर्को स्थानीय तहको अधिकार सूची वा कार्य जिम्मेवारीमा प्रतिकूल असर परेको कारणबाट उत्पन्न विवाद।

(३) उपदफा (२) बमोजिमको कुनै विवाद समाधान गर्नको लागि प्रदेश सभाले राजनीतिक विवाद समाधान समिति गठन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको समितिको संरचना प्रदेश सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (४) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी उपदफा (३) बमोजिमको समितिमा प्रदेश सभाले तोकेका प्रदेश सभाका सदस्यका अतिरिक्त विवादसँग सम्बन्धित प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको मन्त्री, विवादसँग सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुख तथा सम्बन्धित जिल्ला समन्वय समितिको प्रतिनिधिलाई समेत समावेश गर्नु पर्नेछ।

(६) उपदफा (२) बमोजिम कुनै विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पन्ध्र दिन भित्रमा विवादको कुनै पक्षले त्यस्तो विवादको सम्बन्धमा प्रदेश सभाको सचिवालयमा लिखित सूचना दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सूचना प्राप्त भएमा प्रदेशसभा सचिवालयले प्रदेश सभाको सभामुखलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(८) उपदफा (१) को प्रयोजनको लागि उपदफा (३) बमोजिमको राजनीतिक विवाद समाधान समितिले देहायको कार्य गर्नेछः–

(क) विवादित प्रश्न वा विषय पहिचान गर्ने,

(ख) विवादको प्रकृति निर्धारण गर्ने,

(ग) विवादको कारण पहिचान गर्ने,

(घ) विवाद समाधानका उपाय वा विकल्पहरुको खोजी गर्ने,

(ङ) सो समितिले उपयुक्त ठानेका अन्य कुनै कार्य गर्ने।

(९) उपदफा (२) बमोजिमको विवादको सम्बन्धमा वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवादको समाधान गर्नु पर्नेछ।

(१०) उपदफा (८) बमोजिमको कार्य गर्नको लागि उपदफा (३) बमोजिमको राजनीतिक विवाद समाधान समितिले विषय विज्ञ समेत समावेश गरी प्राविधिक समिति वा कार्यदल गठन गर्न सक्नेछ।

(११) उपदफा (१०) बमोजिमको प्राविधिक उपसमिति वा कार्यदलको संरचना, कार्यदिश, कार्यावधि र कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत उपदफा (३) बमोजिमको राजनीतिक विवाद समाधान समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(१२) उपदफा (३) बमोजिमको राजनीतिक विवाद समाधान समितिले उपदफा (६) बमोजिम विवादको सूचना प्राप्त भएको मितिले तीन महिना भित्र विवाद समाधान गरिसक्नु पर्नेछ।

(१३) यस दफा बमोजिम विवाद समाधान नभएमा त्यस्तो विवाद समाधानको लागि प्रदेश सभाले उपयुक्त निर्णय गर्न सक्नेछ।

(१४) यस दफा बमोजिम भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(१५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसदमा विचाराधीन विषयसँग सम्बन्धित विवादमा यस दफा बमोजिम कुनै निर्णय गरिने छैन।

(१६) यस दफा बमोजिम विवाद समाधान गर्ने अन्य प्रक्रिया र कार्यविधि प्रदेश कानून बमोजिम हुनेछ।

२८. संवैधानिक इजलासको अधिकार क्षेत्रमा प्रतिकूल असर नपर्नेः (१) यस परिच्छेदमा लेखिएको कुनै कुराले संविधानको धारा १३७ बमोजिमको सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकार क्षेत्रमा प्रतिकूल असर परेको मानिने छैन।

(२) संवैधानिक इजलासले सङ्घ, प्रदेश तथा स्थानीय तह बीचको विवाद समाधान गर्दा कुनै विवादको प्रकृतिबाट त्यस्तो विवादको कुनै विषय आपसी वार्ता, परामर्श र मेलमिलापबाट समाधान गर्नु उपयुक्त देखिएमा सो को लागि आवश्यकता अनुसार सम्बन्धित पक्षलाई उचित मौका दिन र प्रोत्साहन गर्न सक्नेछ।

## परिच्छेद–६ विविध

२९. प्रतिवेदन पेश गर्नु पर्नेः यस ऐन बमोजिम आफूले सम्पादन गरेका काम कारवाहीका सम्बन्धमा प्रदेश समन्वय परिषद र विषयगत समितिले परिषदमा र परिषदले सङ्घीय संसदमा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

३०. प्रचलित कानून बमोजिम हुनेः यस ऐनमा लेखिए जति विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३१. नियम बनाउने अधिकारः यो ऐन कार्यान्वयन गर्न  परिषदसँग परामर्श गरी नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

# नेपाल कानून समाज र एन.डि.आई. को आयोजनामा आयोजित टाउन हल मिटिङको सरोकारवालाहरूबाट प्राप्त सुझाव (२०७७ वैशाख/जेष्ठ)

## सुझावहरू

### प्रमुख सुझावहरू

- सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्न विधेयक आउनु सकारात्मक रहेको तर संविधानको परिकल्पना बमोजिम स्थानीय तह र प्रदेशलाई जिम्मेवार बनाउने गरी ल्याउनुपर्ने,
- विधेयक धेरै लामो र अनावश्यक व्यवस्था र शब्दहरु भएको हुँदा त्यसलाई मिलाउनुपर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तह तीनवटै सरकारको संयुक्त छलफल गरी विधेयक पारित गरेमा कार्यान्वयन गर्न सहज हुने,
- विधेयकका धेरै स्थानमा स्थानीय सरकारलाई इकाइ शब्दको प्रयोग गरेको हुँदा आपति रहेको,
- समन्वय गर्नुपर्ने कानून बनाउँदा समन्वय गरी गरेमा कार्यान्वयन गर्न सहज हुने,
- समन्वय गर्ने र गराउने सबै समूह नागरिकप्रति जवाफदेही हुनुपर्ने,
- विधेयक सबैले बुझ्ने र सरल भाषामा हुनुपर्ने,
- कानून कार्यान्वयन प्रक्रियामा कसैले उल्लङ्घन गरेमा कारवाहीको व्यवस्था गरिनुपर्ने,

### दफावार सुझावहरू

- विधेयकलाई सङ्घ, प्रदेश र स्थानीय तहका सरोकारवालाहरुसँग संवाद गरेर मात्र पारित गर्नुपर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्धका आधारहरुलाई सिमित गरिनु हुँदैन र सरल बनाइनु पर्ने,
- विधेयकको दफा ७ बमोजिम आधारहरु संविधान र कानूनले व्यवस्था गरेको हुँदा यस विधेयकमा राख्न आवश्यक नहुने,
- दफा १४ बमोजिम सङ्घले प्रदेशलाई र प्रदेशले स्थानीय तहलाई निर्देशन दिने व्यवस्था संविधान बमोजिम नभएको हुँदा यसलाई मिलाउनुपर्ने,
- दफा १५ बमोजिम ध्यानाकर्षण गराउने व्यवस्था संविधानको मर्म बमोजिम बनाउनुपर्ने,
- दफा १६ बमोजिम गठन हुने राष्ट्रिय समन्वय परिषदमा "ज" को व्यवस्थालाई संशोधन गरी गाउँपालिका, नगरपालिकाबाट ७/७ जना प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष मध्येबाट गाउँपालिका र नगरपालिका महासङ्घले मनोनित गरेका १५ जना र जिल्ला समन्वय समितिबाट महासङ्घले मनोनित गरेका ३ जना रहनुपर्ने,
- दफा १९ बमोजिम गठन हुने विशेष समितिहरुलाई स्थायी रुप दिई नियमित रुपमा विवादलाई संकलन गर्ने र समाधानका लागि पहल गर्ने व्यवस्था गरिनुपर्ने,
- दफा ३१ बमोजिम नियम बनाउने अधिकार परिषदलाई नै दिनुपर्ने,

- विवादहरु प्रष्ट भएपछि विज्ञहरुको सहभागितामा विषयगत समितिले विवादलाई निरुपण गर्ने गरी प्रतिवेदन तयार गरी परिषदमा पेश गर्ने व्यवस्था गरिनुपर्ने,
- विधेयक धेरै लामो छ र यसमा धेरै जटिल शब्दहरुको प्रयोग गरेको छ,
- यो विधेयक सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरोकारवालाहरुसँग छलफल गरिनुपर्छ। यसले गर्दा विधेयकको कार्यान्वयनमा सहयोग पुग्छ,
- समन्वय गर्ने सबै जिम्मेवारी समूहहरु जनताप्रति उत्तरदायी हुनुपर्छ,
- यदि कुनै पक्षले आफ्नो जिम्मेवारी पूरा नगर्दा त्यस्तो स्थितिमा सजायको प्रावधान हुनुपर्दछ,
- दफा ३, ४ र ५ सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वयका आधारहरु सिमित वा कुन्ठित हुनु हुँदैन,
- दफा १४, सङ्घबाट प्रदेश र प्रदेशबाट स्थानीय तह निर्देशिकाका प्रावधानहरु संविधान विपरित छ,
- दफा १९, विवादहरु र तिनको निपटारा गर्न नियमित रुपले हेर्नको लागि विशेष समितिलाई स्थायी रुप दिनुपर्ने। कुनै उजुरी आएमा यस समितिले विज्ञहरुबाट सुझाव लिएर प्रतिवेदन तयार पार्नुपर्ने र सो प्रतिवेदन राष्ट्रिय समन्वय परिषदलाई बुझाउनुपर्ने,
- प्रस्तावित विधेयकमा कार्यकारिणी समन्वयको व्यवस्था छ तर विधायिकी समन्वयको संरचना छैन। यो आवश्यक हो वा होइन ? थप छलफल गर्नुपर्ने,
- कार्यकारिणी र विधायिकी संरचनाहरुको फरक–फरक प्रावधानहरु भए राम्रो हुने,
- एकल अधिकारको अनुसूची बाहेक साझा सूचीमा सङ्घीय सरकारको समन्वय गर्ने भूमिका हुनुपर्ने,
- एकल अधिकारको सूची स्वायत्तता र स्वशासन जस्ता संवैधानिक सिद्धान्तमा आधारित छन्, तसर्थ यी अधिकारहरु सहकारीता र समन्वयमा आधारित हुनुपर्दछ,
- सङ्घ र प्रदेशको सांसदहरु समावेशी सिद्धान्तको आधारमा समावेश गरिनु पर्दछ,
- विधायकी संरचनाको यस विधेयकमा आवश्यकता छैन। किनभने संविधानमा एकल अधिकार सूची र साझा अधिकार सूची सम्बन्धी स्पष्ट लेखिएको छ। संविधानले सहकार्य, समन्वय र सहकारीताको सिद्धान्तलाई आत्मसात गरेको छ।
- प्रस्तावित संयन्त्रहरुमा कर्मचारी नियुक्ति गर्न आवश्यक छ,
- राष्ट्रिय समन्वय परिषदमा नेपाल सरकारको मुख्य–सचिवलाई सदस्य सचिवको रुपमा मनोनयन गर्न उपयुक्त देखिन्छ,
- प्रदेश समन्वय परिषदमा संसदीय सचिवको रुपमा प्रदेशको मुख्य–सचिव सदस्य रहने गरी मनोनयन गर्ने उपयुक्त देखिन्छ,
- विज्ञहरुको संलग्नता जरुरी छ र तिनलाई आवश्यकता अनुसार समावेश गरिनु पर्दछ, यो प्रक्रिया सरल र सजिलो हुनु पर्दछ,
- जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउन ऐनमा स्पष्ट व्यवस्था राखिनु पर्दछ,
- अनुगमन मूल्याङ्कन र अभिलेख तथा जवाफदेहीता सम्बन्धी प्रावधान ऐनमा स्पष्ट हुनु पर्दछ,
- प्रस्तावित सचिवालयको संरचना प्रचलनमा रहेको संरचनात्मक कार्यविभाजन र पद्धतिमा आधारित रहेको छ, यसमा ६–६ महिनामा बैठक बस्ने प्रावधान छ, यसमा राजनीतिक हस्तक्षेप हुनसक्ने

सम्भावना छ, तसर्थ यसलाई हटाइ नागरिकका गुनासोहरुलाई निरन्तर समावेश गरिनु र विज्ञहरुलाई पनि समावेश गर्नुपर्ने संरचना बनाइनु पर्दछ, यो सचिवालय समावेशी र सरल संरचनामा आधारित हुनु पर्दछ,

- प्रदेश सरकारले स्थानीय सरकारसँग समन्वय गरी प्रधानमन्त्री समक्ष नाम सिफारिस गर्नु पर्दछ,
- समितिमा दलित सदस्य अनिवार्य रहने गरी समावेशीको सिद्धान्तलाई अवलम्बन गर्नु पर्दछ,
- प्रत्येक प्रदेशमा भएका नगरपालिका, गाउँपालिका निर्वाचित, नगर प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्षहरुका प्रत्यक्ष सहभागिता गराई निर्वाचन वा निर्विरोध रुपमा छनौट गरी समावेशी सिद्धान्तमा आधारित महिला अनिवार्य हुने गरी मनोनयन गर्ने व्यवस्था हुनुपर्ने,
- प्रत्येक प्रदेश समन्वयबाट स्थानीय तहका निर्वाचित नगरप्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष मध्ये महिला अनिवार्य हुने गरी दुई जना सिफारिस गर्ने र सो नाम मन्त्रिपरिषदको बैठकबाट अनुमोदन हुनुपर्ने,
- प्रमुख प्रतिपक्ष दलका नेता परिषदमा रहनुपर्ने व्यवस्था गर्नुपर्ने,
- स्थानीय तह र प्रदेश सरकारको साझा अधिकारका आधारमा अन्तर सरकार विद्यायन समन्वय समितिलाई समन्वय गर्ने अधिकार हुनुपर्ने, यो प्रावधान विधेयकमा हुनु पर्दछ,
- एकल अधिकारका सम्बन्धमा सङ्घले विभिन्न ऐन कानून निर्माण जस्ता कामहरुमा तथा शिक्षा, स्वास्थ्य र कर्मचारी व्यवस्थापनमा हस्तक्षेप गर्न नपाइने व्यवस्था राख्नु पर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तह बीच कुनै विषयमा विवाद भएमा सबैको प्रतिनिधित्व हुने गरी विवाद समाधान गर्नुपर्ने,
- प्रदेश र स्थानीय तहको समन्वयका लागि प्रदेश मुख्यमन्त्रीको नेतृत्वमा प्रदेश समन्वय समिति गठन गरिनुपर्ने,
- प्रदेश र स्थानीय तह बीचको समन्वयमा समस्या भएमा दुबै तहको प्रतिनिधित्व हुने गरी समावेशी संयन्त्र बनाई समस्या समाधान गरिनुपर्ने,
- साझा अधिकारको सूचीको कानून तत्काल सङ्घीय संसदबाट बनाइनुपर्ने,
- कानून मन्त्रीहरुलाई पनि परिषदमा आमन्त्रण गर्नुपर्ने आदि ।

# विधायन व्यवस्थापन समिति (राष्ट्रिय सभा)
# सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयकमाथि औपचारिक छलफल कार्यक्रमको प्रतिवेदन

## १. भूमिका

राष्ट्रियसभा विधायन व्यवस्थापन समितिमा विचाराधीन रहेको सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयकमा सरोकारवालाहरुको सुझाव संकलन गरी लोकतान्त्रिक र समावेशी विधेयक बनाउने उद्देश्यले नेपाल कानून समाज र विधायन व्यवस्थापन समितिको संयुक्त रुपमा २०७६ साल वैशाख र जेठ महिनामा जिल्ला स्तरको अन्तरक्रिया कार्यक्रम गऱ्यो । सातवटा प्रदेश अन्तर्गत आठवटा जिल्लामा ७३० सरोकारवालाहरुको सहभागितामा सम्पन्न अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझावको आधारमा विधायन व्यवस्थापन समितिका सदस्यहरुले विधेयकमाथि संशोधन प्रस्ताव राख्नुभयो। विधायन व्यवस्थापन समितिले यस विधेयकलाई सातवटै प्रदेशमा प्रदेशस्तरको विधायन तथा प्रदेश मामिला समिति मार्फत औपचारिक छलफल गरी सुझाव संकलन गर्ने निर्णय भए बमोजिम सात वटै प्रदेशमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

नेपाल कानून समाज र जनसंख्या र विकासको लागि सांसदहरुको राष्ट्रिय मञ्चको संयुक्त पहलमा द एशिया फाउण्डेसनको आर्थिक सहयोगमा र विधायन व्यवस्था समिति (राष्ट्रिय सभा) को अगुवाइमा ७ वटा प्रदेश (प्रदेश नं. १ को विराटनगर, प्रदेश नं. २ को जनकपुर, प्रदेश नं. ३ को काठमाण्डौ, गण्डकी प्रदेशको पोखरा, प्रदेश नं. ५ को बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदुरपश्चिमको धनगढी) मा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्ध व्यवस्थित गर्न बनेको विधेयक माथि छलफल कार्यक्रम सञ्चालन गरिएको थियो। सङ्घीयताको कार्यान्वयनका लागि सो विधेयक अत्यन्त महत्वपूर्ण रहेको हुदाँ यसलाई अझ पूर्णता दिन विधायन व्यवस्था समितिले सो कार्यक्रमहरु आयोजना गरेको हो।

२०७६ साउन ११ गते काठमाण्डौको हिमालय होटलमा विधायन व्यवस्थापन समिति र प्रदेश सभाका विधायन तथा प्रदेश मामिला समितिबाट ३/३ जना सदस्य बीच छलफल कार्यक्रम आयोजना गरिएको थियो। सो कार्यक्रममा विधायन तथा प्रदेश मामिला समिति, प्रदेश सभाको अगुवाइमा प्रत्येक प्रदेशमा सबै सरोकारवालासगँ उक्त विधेयकमा छलफल गर्ने निर्णय गरिएको थियो।

## २. कार्यक्रमको विस्तृत विवरण

| क्र.सं. | प्रदेश | मिति | कार्यक्रम स्थान | सहभागी | सहयोगी संस्था |
|---|---|---|---|---|---|
| १ | प्रदेश नं. १ | २०७६ साउन २० | बिग होटेल, विराटनगर | ७१ | जनसंख्या र विकासको लागि सांसदहरुको राष्ट्रिय मञ्च |
| २ | प्रदेश नं. २ | २०७६ साउन १७ | होटेल सीतासरण, जनकपुर | ९७ | नेपाल कानून समाज |
| ३ | प्रदेश नं. ३ | २०७६ साउन २९ | होटल हिमालय, काठमाण्डौ | ७४ | नेपाल कानून समाज |
| ४ | गण्डकी प्रदेश | २०७६ साउन २५ | होटेल ल्यान्डमार्क, पोखरा | १०६ | नेपाल कानून समाज |
| ५ | प्रदेश नं. ५ | २०७६ साउन १८ | होटेल एभिन्यु, बुटवल | ६७ | जनसंख्या र विकासको लागि सांसदहरुको राष्ट्रिय मञ्च |
| ६ | कर्णाली प्रदेश | २०७६ भाद्र ०३ | होटेल सिद्धार्थ सुर्खेत | १२७ | नेपाल कानून समाज |
| ७ | सुदुरपश्चिम प्रदेश | २०७६ साउन १६ | होटेल लोरा, धनगढी | ५३ | जनसंख्या र विकासको लागि सांसदहरुको राष्ट्रिय मञ्च |
| | जम्मा सहभागी | | | ५९५ | |

## ३. सहभागी समुह

राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिका सदस्यहरु, प्रदेशका मुख्यमन्त्रि, मन्त्री, प्रदेश सभाका सदस्यहरु, सङ्घीय संसद सचिवालय तथा प्रदेश संसद सचिवालयका कर्मचारीहरु, गाउँपालिका, नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, राजनीतिक दलका प्रतिनिधिहरु, कानून व्यवसायी, नागरिक समाजका अगुवाइहरु र बुद्धिजीविहरु

## ४. कार्यक्रम सञ्चालन पद्धती

सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयक सातवटै प्रदेशमा छलफल कार्यक्रम आयोजन गरिएको थियो। विज्ञहरु श्री काशीराज दाहाल, श्री खिमलाल देवकोटा, श्री रमेश लेखक, श्री कृष्णप्रसाद सापकोटा र श्री लक्ष्मणलाल कर्णले विधेयकमा आधारित अवधारणापत्र तयार पारेका थिए।

कार्यक्रमलाई प्रभावकारी बनाउने उद्देश्यले प्रदेश मामिला समितिका सभापतिको अध्यक्षतामा कार्यक्रम सञ्चालन गरिएको थियो । प्रदेश विधायन समितिका सदस्य वा विपक्षी दलको नेताले स्वागत गरेका थिए भने सहयोगी संस्थाबाट उद्देश्यमाथि प्रकाश पारिएको थियो । विज्ञहरु मार्फत विधेयकको विशेषता

र अवधारणापत्रका बुँदाहरुमा प्रकाश पारिएको थियो । प्रश्नावलीको आधारमा सहभागीहरुलाई चारवटा समूहमा विभाजन गरी छलफल गराइएको थियो। सहभागीहरुले समूहगत प्रतिवेदन प्रस्तुत गरेपछि विधायन व्यवस्थापन समितिका सभापति तथा सदस्यहरुले सहजीकरण र मन्तव्य राखेका थिए।

# ५. कार्यक्रम सारांश

## ५.१. विराटनगर, प्रदेश नं. १

न्याय प्रशासन तथा विधायन समितिको अगुवाइमा प्रदेशसभाका सदस्य लगायत सभामुख, कानून मन्त्री तथा गाँउपालिका र नगरपालिका जनप्रतिनिधिहरु, जिल्ला समन्वय समितिका पदाधीकारीहरुसगँ सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयकमा २०७६ साउन २० गते छलफल कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा विधायन व्यवस्था समितिका सदस्यहरु तथा सङ्घीय संसद सचिवालयका कर्मचारीहरु पनि सहभागी भएका थिए। विज्ञहरु श्री काशीराज दाहाल तथा श्री कृष्णप्रसाद सापकोटाद्वारा विधेयकको विशेषता र अवधारणापत्रको बुँदाहरुमा प्रकाश पारिएको थियो।

कार्यक्रमको अध्यक्षता न्याय प्रशासन तथा विधायन समितिका सभापति श्री इन्द्रमणी पराजुलीले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा सभामुख माननीय श्री प्रदिप कुमार भण्डारी रहनु भएको थियो। छलफल कार्यक्रमको सहजीकरण विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री पर्शुराम मेघी गुरुङले गर्नु भएको थियो । विज्ञहरुको प्रस्तुतिपछि चार समूहमा विभाजन गरी विधेयकमा छलफल गरिएको थियो । समूहगत छलफलको प्रस्तुतिपछि विधायन समितिका माननीय सदस्यद्वय श्री हरिचरण सिवाकोटी र श्री मिना बुढाले आ–आफ्नो मन्तव्य राख्नु भएको थियो।

## ५.२. जनकपुर, प्रदेश नं. २

प्रदेश मामिला समितिको आयोजनामा प्रदेशसभाका सदस्य लगायत कानून मन्त्री तथा गाँउपालिका र नगरपालिका जनप्रतिनिधिहरु, जिल्ला समन्वय समितिका पदाधिकारीहरुसगँ सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयकमा २०७६ साउन १७ गते छलफल कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा विधायन व्यवस्था समितिका सदस्यहरु तथा सङ्घीय संसद सचिवालयका कर्मचारीहरु पनि सहभागी भएका थिए। श्री खिमलाल देवकोटा तथा श्री कृष्णप्रसाद सापकोटा विज्ञका रुपमा कार्यक्रममा सहभागी भई विधेयक विशेषता बारे प्रस्तुति गर्नु भएको थियो।

प्रदेश मामिला समितिका सभापती माननीय श्री अशोक कुमार यादवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेश नं. २ का माननीय श्री प्रल्हाद गिरीले स्वागत गर्नु भएको थियो । राष्ट्रिय सभा सदस्य माननीय श्री वृषेश चन्द्रलालले उद्देश्यमाथि प्रकाश पार्नु भएको उक्त कार्यक्रममा विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री पर्शुराम मेघी गुरुङले सहजीकरण गर्नु भएको थियो। कार्यक्रममा सबै सहभागीहरुले समितिले तयार गरेको प्रश्नावलीको आधारमा बुँदागत सुझावहरु दिनुभएको थियो । कार्यक्रमको अन्तमा सहभागीहरुबाट उठेका जिज्ञासा र सुझावलाई विधेयकमा समावेश गर्न आवश्यक पहल गर्ने विचार सभापति गुरुङले राख्नुभयो।

## ५.३. काठमाण्डौ, प्रदेश नं. ३

प्रदेश नं. ३, प्रदेश मामिला समितिको आयोजनामा २०७६ साउन २९ गते सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयकमा छलफल कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा प्रदेश मामिला समितिका सभापति माननीय श्री माधव पौडेलले अध्यक्षता गर्नु भएको थियो। प्रदेशसभा विपक्षी दलका नेता माननीय श्री इन्द्र बहादुर बाँनियाले स्वागत मन्तव्य राख्नु भएको थियो भने नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्ण मान प्रधानले उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । विज्ञ श्री खिम लाल देवकोटा र श्री रमेश लेखकद्वारा विधेयकको र छलफलको बुँदाहरुको विशेषताको बारेमा प्रस्तुति गर्नु भएको थियो। राष्ट्रिय सभाका अध्यक्ष सम्माननीय श्री गणेश प्रसाद तिमिल्सिना कार्यक्रममा प्रमुख अतिथिको रुपमा सहभागी भई कार्यक्रममा सम्पूर्ण सहभागीहरुलाई विधेयकको दफावार अध्ययन गरी दफावार सुझाव दिनको लागि अनुरोध गर्नुभयो। सुझाव प्रदान गर्दा स्थानीय तह र प्रदेश सरकारले हाल भोगी रहेका समस्यालाई पनि मनन गर्न अनुरोध गर्नुभयो। त्यसैगरी माननीय सभामुख श्री सानु श्रेष्ठले विशेष अतिथिको रुपमा सहभागी भई प्रदेश सभा र सरकारको प्रतिनिधित्व हुने गरी राष्ट्रिय समन्वय परिषद गठन गरिनुपर्ने र प्रदेश समन्वय परिषद र जिल्ला समन्वय समितिको पनि संस्थागत प्रतिनिधित्व हुने गरी परिषदको गठन गरिनुपर्ने, कानून निर्माण गर्न तीनैवटा तहलाई सहज हुने गरी यो विधेयक बनाउनु उचित हुने विचार राख्नु भयो।

विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री पर्शुराम मेघी गुरुङद्वले सहभागीहरुलाई समूहमा विभाजन गर्नुभन्दा अगाडि विशेष गरी चारवटा विषयमा केन्द्रित रहन अनुरोध गर्नुभयो। जसमा सङ्घ, प्रदेश र स्थानीय तहले कानून निर्माण गर्दा पालना गर्नुपर्ने आधारहरु, राष्ट्रिय समन्वय परिषदको गठन विधि र सदस्यहरुको प्रतिनिधित्वको व्यवस्थापन, विषयगत समितिहरुको गठन र कार्यक्षेत्र र सचिवालयको व्यवस्थापनको बारेमा केन्द्रित रहन अनुरोध गर्नुभयो । उक्त छलफलमा चार समुहमा विभाजन गरी कार्यक्रम संचालन गरिएको थियो। कार्यक्रममा राष्ट्रिय सभा, प्रदेश सभाका सदस्यहरु, गाँउपालिका राष्ट्रिय महासङ्घ तथा जिल्ला समन्वय समिति महासङ्घ र नगरपालिका सङ्घको सक्रिय सहभागिता रहेको थियो।

## ५.४. गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश विधायन तथा प्रदेश मामिला समितिको आयोजनामा संविधानको सफल कार्यान्वयनका लागि संविधानको व्यवस्था बमोजिम कानून निर्माण कार्य अगाडि बढाउने क्रममा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयकको विषयमा २०७६ साउन २५ मा एक दिवसीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा प्रदेश सरकारका सदस्यहरु र स्थानीय सरकारका प्रमुख तथा उपप्रमुखहरु, सरकारी कर्मचारीहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेश विधायन समितिका सभापति माननीय श्री मोहन प्रसाद रेग्मीले अध्यक्षता गर्नु भएको थियो र कार्यक्रमको सहजीकरण श्री रमेश लेखक र श्री कृष्णप्रसाद सापकोटाले गर्नु भएको थियो।

विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री परशुराम मेघी गुरुङको सहजीकरणमा भएको उक्त छलफल कार्यक्रममा विभिन्न सहभागीहरुले चार समूहमा विभाजन गरी समितिले तयार गरेको प्रश्नावली बमोजिम छलफल गराइयो। समूहगत प्रतिवेदन प्रस्तुतीपछि विधायन समितिका माननीय सदस्यहरु श्री प्रकाश पन्थ, श्री युटोल तामाङले आ–आफ्नो मन्तव्य राखेका थिए। कार्यक्रमको अन्तमा गण्डकी प्रदेश विधायन समितिका माननीय श्री मोहन प्रसाद रेग्मीले सहभागीहरुलाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो।

## ५.५. बुटवल, प्रदेश नं. ५

प्रदेश नं. ५ को प्रदेश मामिला तथा कानून समितिको आयोजनामा प्रदेशसभाका सदस्य लगायत सभामुख, कानून मन्त्री तथा गाँउपालिका, नगरपालिका जनप्रतिनिधिहरु, जिल्ला समन्वय समितिका पदाधीकारीहरु, पत्रकार, नागरिक समाज, कानून व्यवसायीसँग सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयकमा २०७६ साउन १८ गते छलफल कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा विधायन व्यवस्थापन समितिका सदस्यहरु तथा सङ्घीय संसद सचिवालयका कर्मचारीहरु पनि सहभागी भएका थिए। विज्ञहरु श्री काशीराज दाहाल र माननीय श्री लक्ष्मणलाल कर्णले विधेयकको विशेषता र छलफलका बुँदाहरुमा प्रकाश पार्नु भएको थियो।

कार्यक्रमको अध्यक्षता प्रदेश मामिला तथा कानून समितिका सभापती माननीय श्री दामा शर्माले गर्नु भएको थियो भने प्रमुख अतिथि सभामुख माननीय श्री पूर्ण बहादुर घर्ती रहनु भएको थियो। विज्ञहरुको प्रस्तुति पछि चार समुहमा विभाजन गरी विधेयकमा छलफल गरिएको थियो। कार्यक्रमको अन्तमा विधायन समितिका माननीय सदस्यहरु श्री अनिता देवकोटा, श्री उदय शर्मा पौडेल, श्री राम लखन चमारबाट सहभागीको सुझाव ग्रहण गर्दै विधेयकमा समावेश गर्ने विचार व्यक्त गर्नुभएको थियो।

## ५.६. सुर्खेत, कर्णाली प्रदेश

विधायन व्यवस्थापन समितिमा विचाराधीन अन्तर सम्बन्ध सम्बन्धी विधेयकलाई सातवटै प्रदेशमा प्रमुख सरोकारवालाहरुको सुझाव संकलन गर्ने उद्देश्यले प्रदेश स्तरको अन्तरक्रिया गर्ने क्रममा कर्णाली प्रदेशको सुर्खेतमा २०७६ साल भाद्र ३ गते सम्पन्न भयो। उक्त कार्यक्रममा राष्ट्रियसभाका अध्यक्ष, विधायन समितिका सदस्यहरु, कर्णाली प्रदेशका सदस्यहरु, सुर्खेत जिल्लाका स्थानीय तहका पदाधिकारीहरु, विज्ञहरु र नागरिक समाजका अगुवाहरुको सहभागिता गरी करिव १२७ जनाको सहभागिता रहेको थियो।

कर्णाली प्रदेश विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय श्री पदम बहादुर रोकायको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा विपक्षी दलका नेता माननीय श्री जीवन बहादुर शाहीले स्वागत गर्नु भएको थियो। शाहीले स्वागत गर्ने क्रममा विधेयकलाई सबै प्रदेशका सरोकारवालाहरुसँग छलफल गरी सुझाव संकलन गर्ने क्रममा कर्णाली प्रदेशमा पनि अध्यक्षको अगुवाइमा आयोजित यस कार्यक्रममा समूहगत छलफलमा सक्रिय सहभागी भई बुँदागत सुझाव दिन अनुरोध गर्नुभयो।

नेपाल कानून समाजका कार्यकारी निर्देशक श्री कृष्णमान प्रधानले विगत ४० वर्षदेखि नेपाल कानून समाजले प्रजातान्त्रिक, लोकतान्त्रिक र समावेशी कानून निर्माण गर्न निरन्तर सहयोग गर्दै आएको र यस विधेयकमा पनि बौद्धिक सहयोग पुऱ्याउने उद्देश्यले सातवटै प्रदेशमा औपचारिक छलफल कार्यक्रम समितिकै आयोजनामा गरेको व्यहोरा जानकारी गराउनु भयो।

विधेयकको अवधारणापत्र बारे विज्ञ श्री रमेश लेखकले बुँदागत रुपमा विधेयकको विशेषता, व्यवस्था, चुनौति र छलफलका विषयमा प्रकाश पार्नुभयो।

विधेयकको प्रस्तुती पश्चात मन्तव्य व्यक्त गर्ने क्रममा कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री श्री नरेश भण्डारीले तीनवटै तहको सरकारको सरोकारको विधेयक भएको हुँदा यसमा ध्यानपूर्ण छलफल गरी पारित गरिनु पर्दछ। यस विधेयकले कानून निर्माणको आधारहरु, परिषदको प्रभावकारी हुने गरी गठन र विषयगत समितिहरुको प्रभावकारिताको बारेमा व्यापक छलफल हुनुपर्ने विचार राख्नुभयो।

प्रतिनिधिसभाका सदस्य माननीय श्री लक्ष्मी परियारले यो विधेयकले स्थानीय सरकार र प्रदेश सरकारले कानून निर्माण गर्दा सहज हुने वातावरणको सिर्जना गर्नुपर्ने र यसको संस्थागत संरचनामा महिला र दलितको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिनुभयो।

विधायन समितिका माननीय सदस्य श्री जितेन्द्र नारायण देवले विधेयकले धेरै विषय समावेश गर्न कोशिश गरेको छ। यसलाई संविधानको भावना र सङ्घीय संरचनालाई सहजीकरण र संस्थागत गर्न मद्दत पुग्ने गरी बनाउनुपर्ने धारणा राख्नु भयो। हिमाल, पहाड, तराई, सङ्घ, प्रदेश र स्थानीय सबैको भावनालाई एकता हुने गरी काम गर्ने वातावरण यस विधेयकले बनाउनुपर्ने कुरामा जोड दिनु भयो।

कर्णाली प्रदेशका माननीय सभामुख श्री राजबहादुर शाहीले संविधानले नै सङ्घ, प्रदेश र स्थानीय तहको काम कर्तव्य बारे राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड भागले प्रष्ट व्यवस्था गर्दागर्दै पनि प्रदेश र स्थानीय तहलाई कानून निर्माण गर्ने बारे अन्यौलता भएको छ। एकल र साझा सूचीको कानून निर्माणका प्रक्रिया र आधारहरु यो विधेयकले प्रष्ट पार्नुपर्ने कुरामा जोड दिनुभयो।

राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाले तीनवटै तहको सरकार र सभालाई संविधानले दिएको विभिन्न व्यवस्थालाई समन्वय र सहजीकरण गर्न सरकारले यो विधेयक संसदमा दर्ता गरेको छ। विधेयक तयारी गर्दा नै तीनवटै तहको साटवटै प्रदेशमा समन्वय र छलफल गरी प्राप्त सुझावको आधारमा परिमार्जन गर्ने उद्देश्यले यो औपचारिक छलफल कार्यक्रम आयोजना गरेको छ र यसमा सबै सरोकारवालाहरुले बुँदागत रुपमा सुझाव प्रदान गरेमा राष्ट्रिय सभाले उपयुक्त सबै सुझावलाई समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। विधायन व्यवस्थापन समितिले यस विधेयकलाई विशेष प्राथमिकता दिएर यसबारे सार्वजनिक सुझाव जारी गरी सबै प्रदेशका सरोकारवालाहरुलाई पत्र लेखी सँगै बसी छलफल गरी सुझाव संकलन गरिरहेको हुँदा सबै सहभागीहरु विधेयकमा केन्द्रित भई सुझाव दिन अनुरोध गर्नुभयो।

कार्यक्रममा सबै सरोकारवालाहरुको सुझाव बुँदागत रुपमा संकलन गर्ने उद्देश्यले चारवटा समूहमा विभाजन गरिएको थियो। उक्त समूहहरुको सहजीकरण– माननीय श्री जितेन्द्र नारायण देव, माननीय श्री ठगेन्द्र प्रकाश पुरी, माननीय श्री नन्दा चपाई र  माननीय श्री पदम बहादुर रोकायाले गर्नुभयो।

कार्यक्रमको अन्तमा माननीय श्री ठगुन्ना प्रकाश पुरी र श्री नन्दा चपाईले सबै समूहले प्रस्तुती गरेको प्रतिवेदनको साराशं ग्रहण गर्दै सुझावलाई विधेयकमा समावेश गर्ने विचार व्यक्त गर्नुका साथै सबै सहभागीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो।

सभाका सभापति श्री पदम बहादुर रोकायले सबै सहभागीहरुलाई समूहगत छलफलमा सहभागी भई सुझाव प्रदान गरेको र अध्यक्ष र विधायन समितिका सदस्यहरु लगायत प्राविधिक सहयोग गर्ने नेपाल कानून समाजलाई कर्णाली प्रदेशको सुर्खेत आई सुझाव संकलन गरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो।

## ५.७. धनगढी, सुदूरपश्चिम प्रदेश

सुदुरपश्चिम प्रदेशको विधायन तथा प्रदेश मामिला समितिको अगुवाइमा प्रदेशसभाका सदस्य लगायत सभामुख, कानून मन्त्री तथा गाँउपालिका, नगरपालिका जनप्रतिनिधिहरु र जिल्ला समन्वय समितिका पदाधिकारीहरुमा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयकमा २०७६ साउन १६ गते छलफल कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा विधायन व्यवस्था समितिका सदस्यहरु तथा सङ्घीय संसद सचिवालयका कर्मचारीहरु पनि सहभागी भएका थिए। विज्ञहरु श्री काशीराज दाहाल र श्री मोहन आचार्यले विधेयकको विशेषता र छलफलका बुँदाहरुमा प्रकाश पार्नु भएको थियो।

कार्यक्रमको अध्यक्षता विधायन तथा प्रदेश मामिला समितिका सभापति माननीय श्री नेपालु चौधरीले गर्नु भएको थियो भने प्रमुख अतिथिको रुपमा माननीय सभामुख श्री अर्जुन बहादुर थापाले सहभागीहरुलाई विधेयक अध्ययन गरी समितिले तयार गरेको बुँदाहरुमा आधारित भई सुझाव दिन अनुरोध गर्नुभयो । विज्ञहरुबाट बुँदाहरु प्रस्तुति पश्चात सहभागीहरुलाई चारवटा समूहमा विभाजन गरी छलफल गरी प्रतिवेदन प्रस्तुत गरिएको थियो । अन्तमा विधायन व्यवस्थापन समितिका माननीय सदस्य द्वय श्री शेरबहादुर कुँवर, श्री सिंग बहादुर विश्वकर्मा र राष्ट्रियसभाका सचिव श्री राजेन्द्र फुँयाल लगायत श्री भिष्मराज अधिकारी, श्री बद्री पाण्डे र श्री राम गुरागाईले आ–आफ्नो धारणा राखेका थिए ।

## ६. सहभागीका सुझाव एवं प्रतिक्रिया

सातवटै प्रदेशस्तरमा औपचारिक रुपमा सुझाव संकलन गर्ने उद्देश्यले आयोजित कार्यक्रममा करिव ६०० जना सरोकारवालाहरुको सहभागिता रहेको थियो । सहभागीहरुले व्यक्त गरेको सुझाव र समुहगत छलफलको सारांश निम्न बमोजिम उल्लेख गरिएको छः–

**समुह क : विधेयकको परिच्छेद १ र २ सँग सम्बन्धित**

- सङ्घीयतालाई संस्थागत गर्न सङ्घीय/केन्द्रीय मानसिकताबाट भन्दा प्रदेश र स्थानीय मानसिकताबाट हेर्ने कामको थालनी गर्नु पर्दछ ।
- संविधानले व्यवस्था गरेको धारा २३४ अन्तर्गत अन्तर प्रदेश परिषदलाई बढी सक्रिय प्रभावकारी बनाउनु पर्दछ ।
- दफा ६ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा रहेको एकल र साझा सूचीको कानून निर्माण गर्न स्पष्ट आधारहरु तय गर्नु पर्दछ ।
- एक वा साझा सूचीमा रहेका कानून निर्माणमा विषयहरु कुनै पनि तहले कुनै पनि बेला कानून निर्माण गर्न पाउने गरी विधेयकमा व्यवस्था गर्नु पर्दछ र बाझिएको हकमा सोत निस्कृय हुने व्यवस्था गर्नु पर्दछ ।
- दफा २ को परिभाषा (छ) मा स्थानीय तह भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्छ भन्ने राख्नु पर्दछ ।
- दफा ३ को “क” देखि “ङ” सम्म संविधानले नै व्यवस्था गरेको हुँदा यसमा उल्लेख गर्न नपर्ने ।
- संविधानमा भएको धैरै व्यवस्थाहरु यस विधेयकमा उल्लेख गरेको पाइयो जुन व्यवस्था पुन विधेयकमा उल्लेख गर्न उपयुक्त नहुने ।
- अन्तर प्रदेश सम्बन्धमा आधारहरु प्रष्ट रुपमा विधेयकमा उललेख गरिनु पर्दछ ।
- दफा ३ ले सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्धमा अधारहरु तय गर्दा संविधानमा व्यवस्था गरेको बाहेक सरल र सहज रुपले काम गर्ने गरी आधारहरु तय गरिनु पर्दछ ।
- दफा ५ बमोजिम प्रदेश र स्थानीय तह तथा अन्तर स्थानीय तह बीचको अन्तर सम्बन्धमा आधारहरु प्रष्ट उल्लेख हुनु पर्दछ ।
- सङ्घीय कानून संविधान अनुकूल भएकोमा मात्र स्थानीय र प्रदेश कानून बाझिने व्यवस्था हुनु पर्दछ ।

- दफा १४ बमोजिम निर्देशन दिंदा संविधान बमोजिम मात्र दिनसक्ने व्यवस्था गरिनु पर्दछ।
- यस विधेयकले सहकारीता, सह–अस्तित्व र समन्वय शब्दको स्पष्ट परिभाषा विधेयकले गर्नुपर्ने।
- परिच्छेद २ को दफा ४ को छ मा तीनवटै तहको स्वायत्तता संविधान बमोजिम नै हुनेछ। तर जिल्ला समन्वय समितिमा, प्रदेशमा र सङ्घमा प्रतिनिधित्व गर्ने सदस्य तथा सांसदहरु सम्बन्धित निर्वाचन क्षेत्रको भुगोलमा रहेका पालिकाहरुका सभा र बैठकमा हुने गराउने विषय सहअस्तित्व, समन्वय र सहकार्य बमोजिम नै भए गरेको मानिने छ।
- अनुसूची ५–९ सम्म संविधानमा उल्लेख गरिएका अधिकारहरुको थप हुनपर्ने।
- अविशिष्ट अधिकारको स्पष्ट व्याख्या प्रकृति हेरी समन्वय गर्नुपर्ने।
- ऐनको दफा ६ मा सिद्धान्त : विचार गर्नुपर्ने पक्षलाई ऐनमा उल्लेख गर्नु स्वाभाविक हुदैन।
- विधेयकको दफा ७ मा सिद्धान्तका आधारहरु पनि मस्यौदाकारले ध्यान दिनु पर्ने विषय हो। मस्यौदाकारले ध्यान दिए नदिएको सम्बन्धमा चेक लिष्टको रुपमा राख्न ठिकै देखिन्छ। तथापि यही कुरा सङ्घीय कानून मन्त्रालयमा विधेक बनाउने अवधारणापत्रको १२ बुदे ढांचामा पनि यिनै कुरा परेको र प्रदेशले  पनि यो अवलम्बन गरेको हुदा यो नभए पनि हुने
- यस विधेयकको दफा १६ मा रहेको राष्ट्रिय समन्वय परिषद तीनै तहको विवाद समाधान गर्ने मञ्चको रुपमा हुन जरुरी छ।
- प्रदेश र स्थानीय तहलाई दिने ससर्त अनुदानको विद्यमान अवस्थामा सुधार गर्नुपर्ने।
- संविधानको मूल भावनासँग नबाझिने गरी  सङ्घ प्रदेश र स्थानीय तहले कानून बनाउने र बनाउन उत्प्रेरित गर्नु पर्ने कानूनहरु कुण्ठित, कम्जोर बन्नु हुदैन।
- संविधानले स्पष्ट पारेका विषयहरुमा समेत तोकिए बमोजिम भनेर उल्लेख गरिएको छ। तोक्नु पर्ने विषय तोकेरै आउनु पर्छ। कानून कार्यविधिलाइ आधारभूत विषय समेत जिम्मा लगाउन मिल्दैन। ऐन बनाउदा धेरै ठाउमा तोकिए बमोजिम जस्ता कुराहरु राखिनु हुदैन।
- कानून निर्माण गर्दा भाषिक रुपले स्पष्ट र किटान साथ व्यवस्था गर्नु पर्छ। अस्पष्ट र बहुअर्थ लाग्ने हुनुहुदैन।
- सहकारी संविधानले त भन्यो तर गर्ने कसरी। जहाँ सहकारी हुन्छ त्यहाँ समन्वय हुन्छ। राष्ट्रिय स्तरमा कस्तो संरचना हुनुपर्छ त्यो हामी विचार पुर्‍याएर बनाउनु पर्छ।
- सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकारीता समन्वय गर्न संविधान प्रदान गरिएका साझा सूचीमा कानून निर्माण गर्दा प्रदेश भित्रका स्थानीय तह प्रतिनिधित्वहरुको साझा सुझावमा प्रदेश सभाको सुझावमा सङ्घले स्पष्ट कानून निर्माण गर्नु पर्दछ।

### समुह खः विधेयकको परिच्छेद ३ (दफा ६–१५)

- दफा ६ मा उप दफा ६ कायम गरी नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि सम्झौता प्रतिबद्धताहरु थप गर्ने।
- दफा छ को शीर्षक गर्दा विचार गर्नुपर्ने भन्ने शब्दावलीमाथि पुन विचार गर्नुपर्ने।

- दफा ७ को उपदफा १ को खण्ड ख मा भएको सङ्घीय कानूनको सट्टा साझा अधिकार सूचीका विषयमा सङ्घीय कानून राख्ने ।
- दफा ७ (१) को ठ कसले र कसरी कायम गर्ने प्रष्ट व्यवस्था हुनुपर्ने।
- दफा ७ को उप दफा २ क मा प्रदेश कानून तथा नीतिको सट्टा साझा अधिकार राख्ने ।
- प्रदेशले बनाउने कानूनमा दण्ड सजाय तोक्ने अधिकार प्रदेशलाई हुनुपर्ने। (फौजदारी)
- दफा ७ मा प्रदेशले कानून बनाउँदा लिनुपर्ने आधारहरुमा (ख) सङ्घीय कानून र (ग) राष्ट्रिय नीति तथा प्राथमिकतालाई संविधानको माध्यम नमिलेको कारणले हटाउनु पर्छ।
- दफा ७ को उपदफा २ (स्थानीय तहले कानून तथा नीति बनाउदा) को (क) मा रहेको प्रदेश कानून तथा नीतिलाई हटाउने।
- दफा ८ सङ्घीय कानूनबाट व्यवस्थित हुने, फौजदारी कानूनलाई सङ्घीय संसंदले निर्माण गरी मातहतका प्रदेश र स्थानीय तहले उक्त नीतिको पूर्ण कार्यान्वयन गर्ने।
- दफा ८ को उपदफा २ मा (क) छुटेको हुनाले (१) को सट्टा (क) थप्ने।
- दफा ८ को उपदफा ३ हटाउने त्यो व्यावहारिक छैन।
- दफा ८ को उपदफा ४ मा सङ्घीय कानूनको ठाउँमा प्रदेश कानून राख्ने।
- दफा ८.१ (ग) कसुरमा संलग्न व्यक्तिलाई मुद्दा चलाउने अधिकार प्रदेशलाई हुनुपर्ने।
- दफा ८.५ (ग) संविधान वा सङ्घीय कानून थप्ने।
- दफा ९.४ (२) ३ प्रदेश तथा स्थानीय तहले कानून बनाउन संविधानको मर्म विपरीत नहुने गरी तथा अन्य तहमा निहित रहेको अधिकारमा प्रतिकूल असर नपर्ने गरी बनाउने।
- दफा १० मा सङ्घीय संसदले नीति निर्माण गर्ने प्रदेशले अनुगमन गर्ने, स्थानीय तहले कार्यान्वयन गर्ने।
- दफा १० को (ख) हटाउने कानून राष्ट्रिय मापदण्ड सरकारले बनाउने भएकोले विधायिकी अधिकार नराख्ने (ङ) ले समेटेको छ।
- दफा ११(७) हटाउने किन भने अनुसूची ७ र ९ साझा सूची हो।
- दफा १२ हटाउने किन भने यसको प्रमाणीकरण र प्रकाशन ऐनमा छ।
- दफा १२ सङ्घ, प्रदेश र स्थानीय तहबाट पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख वेवसाइटमा समेत प्रकाशन गर्नुपर्ने।
- दफा १३(३) मा प्रदेश सरकारले स्थानीय तहलाई समेटेको छ।
- सङ्घीयतामा ३ वटै तहका सरकारको व्यवस्था गर्न बनेको विधेयकमा छलफल भयो।
- संविधानले स्पष्ट पारेका विषयहहरुमा समेत तोकिए बमोजिम भनेर उल्लेख गरिएको छ। तोक्नपर्ने विषयमा तोकेरै आउनुपर्छ। कानून कार्यविधिलाई आधारभूत विषय समेत जिम्मा लगाउने ठाँउमा तोकिए बमोजिम लेख्न हुदैन।
- कानून निर्माण गर्दा भाषिक रुपमा गोलमटोल छ, जस्तो दोहरो अर्थ पनि लाग्न सक्छ त्यसकारण सरल बनाउन उपयुक्त छ। यसले सङ्घीयताको संस्थागत विकासमा तीनै तहको कानून निर्माण गर्न

विज्ञहरु सम्मिलित संयन्त्र निर्माण गर्न जरुरी छ। साझा अधिकारको सूचीमा राखिएको विषयमा गम्भीर भएर समयमै कानून निर्माण आवश्यक छ।

- प्रदेश र स्थानीय तहको कानूनको व्याख्या गर्दा जटिल छ। सङ्घ, प्रदेश र स्थानीय तहको साझा प्रतिनिधित्व हुनुपर्ने छ।
- सम्भावित द्वन्द्व, असहमती हुने क्षेत्र र भविष्यमा बढी मेहनत गर्नुपर्ने क्षेत्र र राजश्व, प्राकृतिक स्रोतको बाँडफाडँ जस्ता क्षेत्रहरुमा समयमै समन्वयमा कानून बनाउन जरुरी छ।
- फौजदारीको मामिला प्रदेशको पनि क्षेत्राधिकारमा ल्याउनु पर्ने।
- संविधानको मूल भावनासँग नबाझिने गरी सङ्घ, प्रदेश र स्थानीय तहले कानून बनाउने र बनाउन उत्प्ररित गर्नु पर्ने।
- स्थानीय तह सन्चालन ऐन संशोधन गरी प्रदेश सभाले बनाएको कानून अनुसार स्थानीय तह सञ्चालन हुने व्यवस्था गर्नुपर्ने।
- साझा अधिकार रहेका सूचीहरुबाट कुन कानून आवश्यक छ  पहिचान गरी कानून बनाउनु पर्छ।

**समुह ग : विधेयकको परिच्छेद ४ दफा १६–२४**

- दफा १६ बमोजिम राष्ट्रिय समन्वय परिषद गठन गर्दा सङ्घको सरकार, प्रदेश समन्वय परिषद र स्थानीय सरकारको प्रतिनिधित्व हुने गरी गठन गरिनु पर्दछ।
- परिषदको गठन गर्दा प्रदेश र स्थानीय तहको संख्या बढी हुने गरी गठन गरिनु पर्दछ।
- परिषदको बैठक वर्षमा तीन पटक बस्ने व्यवस्था गर्नु पर्दछ।
- दफा १७ बमोजिम परिषदको काम, कर्तव्य र अधिकारमा स्थानीय तह, प्रदेशसभा र सङ्घले बनाउने कानून र कार्यान्वयमा देखा परेका समस्या र सवाललाई समाधान गर्नसक्ने गरी अधिकार दिनु पर्दछ।
- दफा २० बमोजिम गठन हुने विषयगत समितिको बैठक महिनामा एक पटक बस्ने र प्रक्रियागत संविधान बमोजिम समाधान गर्नसक्ने विषय यस समितिले मिलाउन सक्ने अधिकार प्रदान गर्नु पर्दछ।
- प्रदेश र जिल्ला समन्वय परिषदलाई प्रभावकारी बनाउने गरी यो विधेयकमा व्यवस्था गरिनु पर्दछ।
- दफा १६ को (१) मा उल्लेख भएको राष्ट्रिय समन्वय परिष्दमा प्रमुख प्रतिपक्ष दलका नेता समेतलाई समावेश गर्नुपर्दछ।
- दफा १६ को १ अनुसार गठन हुने राष्ट्रिय समन्वय परिषद बिजोर बनाउन १४ को सट्टा १५ सदस्यीय बनाउन पर्ने।
- दफा १६ को ४ मा दुई वटा बैठकको अन्तर ८ महिना भन्दा बढी हुन नहुने।
- दफा १६ को ५ मा बैठकको एजेण्डा कम्तिमा ६ दिन अगावै अनिवार्य पठाउनु पर्ने।
- दफा १६ को ज राख्ने हो भने संविधानको बुदा सच्याउनु पर्ने र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख समेत उल्लेख गर्नुपर्ने।

- दफा १६ राष्ट्रिय समन्वय परिषद आवश्यक नभएकोले सङ्घ र प्रदेश बीच उत्पन्न विवाद समाधान गर्न संविधानको धारा २३४ मा अन्तरप्रदेश रहेको ।
- प्रदेश गाउँपालिका र नगरपालिका बीच समन्वय कायम गर्न र राजनीतिक विवाद समाधान गर्न संविधानको धारा २३५ को उपधारा १२ ले अधिकार प्रदान गरेको ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०५ मा प्रदेश र स्थानीय तह बीच समन्वय कायम गर्न प्रदेश समन्वय परिषदको व्यवस्था गरेको ।
- सङ्घ प्रदेश र स्थानीय तह बीच समन्वय गर्ने अन्तर प्रदेश जस्तै संयन्त्र संविधानले परिकल्पना गरेको छैन ।
- धारा १७ को काम, कर्तव्य र अधिकारमा एक बुँदा थप गरी “विपद व्यवस्थापन, शान्ति सुरक्षा र सामाजिक सुरक्षा प्रत्याभूतिको लागि समन्वय गर्ने ।
- विषयगत समितिको दफा २० उपदफा (१) को (ग) मा प्रमुख वा अध्यक्ष बाहेक उपप्रमुख वा उपाध्यक्ष समेत राख्नुपर्ने ।
- विषयगत समितिमा सात वटै प्रदेशबाट स्थानीय तहको प्रतिनिधित्व गर्नुपर्ने ।
- विषयगत् समितिको दफा २० उपदफा (२) मा समितिको बैठक कम्तिमा २ पटक हुनुपर्ने ।
- जिल्ला समन्वय समितिको भूमिका सम्बन्धी दफा २४ को उपदफा (१) मा सङ्घ र प्रदेश शब्द हटाउने ।
- प्रत्येक प्रदेशबाट २ जना रहने गरी प्रदेश सरकारले मनोनयन गरेका स्थानीय तहका प्रमुख १ जना, अध्यक्ष १ जना गरी १४ जना सदस्य ।
- योजना नीति तथा कार्यक्रम सम्बन्धी बीचको विषयगत समितिका प्रत्येक प्रदेशको सम्बन्धित विषय हेर्ने सदस्यमा विषयगत समितिको बैठक, ६/६ महिना ।
- दफा २१ मा ख मा, अनुगमन, मूल्याङ्कन र समीक्षा थप गर्ने ।
- दफा २४ प्रस्तावित व्यवस्था संविधानको २२ उपधारा ७ खण्ड ग को मर्म अनुकूल नभएको , दफा २४ हटाउने ।
- धारा २४ को २ मा प्रदेश सरकारले कानून बनाउने छ भन्ने उल्लेख भएकोले तत्काल कानून तर्जुमाका लागि प्रदेश सरकार अघि बढ्नुपर्ने ।
- दफा २२, २३ सँग सम्बन्धित, प्रदेश समन्वय गठन सम्बन्धी व्यवस्था र दफा २३ को प्रदेश समन्वय परिषदको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सञ्चालन ऐन २०७४ को दफा १०५ मा पनि रहेकोले कुनै एक ठाउँमा राख्न उपयुक्त ।
- दफा २४ को उपदफा २ मा प्रदेश भन्ने शब्द हटाउने ।
- अन्तर प्रदेश परिषद र राष्ट्रिय समन्वय परिषदको काम, कर्तव्य र अधिकार अलग–अलग रहेको र संरचना एकै प्रकृतिको रहेकाले यसलाई कामकाजी बनाउन फरक प्रकृतिको संरचना निर्माण गर्नु पर्ने । जसमा सङ्घीय कानून मन्त्रीको अध्यक्षतामा प्रदेशमा सबै कानून मन्त्रीहरु र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, एवं प्रदेश योजना आयोगका सबै उपाध्यक्ष र गाउँपालिका महासङ्घ, नगरपालिका महासङ्घ, जिल्ला समन्वय समिति महासङ्घबाट न्यूनतम ३ जना महिला रहने गरी

महासङ्घबाट सिफारिस भएका ७ जना सदस्य परिषदका काम, कर्तव्य र अधिकारलाई अझै विस्तारित गरिनु पर्ने।

- शिक्षाको बारेमा एकल अधिकार कटौती भएको छ यसलाइ रोक्नु पर्छ।
- राष्ट्रिय समन्वय परिषदमा प्रदेश सरकारको सट्टा प्रदेश कानून मन्त्रीलाइ राख्नु पर्छ।
- दफा २ को खण्ड क बमोजिम अन्तर प्रदेश परिषदमा दफा १६ (१) को ज को सट्टा गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समितिबाट सातै प्रदेशबाट प्रतिनिधित्व अध्यक्ष , प्रमुख, जिल्ला समन्वय समितिका प्रमुखमध्येबाट प्रदेश समन्वय समितिको सिफारीसमा कम्तिमा २ जना महिला सहित प्रधानमन्त्रीद्वारा मनोनित २१ जना सदस्य।
- सातै प्रदेशबाट सहभागिता गराएर विधायन समिति बनाउनु पर्छ।

**समुह घ : परिच्छेद ५ को दफा २५–३१**

- परिच्छेद ५ को दफा २६, ३ मा सूचना गर्ने समय कमी भएको।
- २५ (६) कार्यदल गठन गर्दा आवश्यकता अनुसार विज्ञ राखिनु पर्ने।
- २५ (१३) प्रदेशगत महाशाखा रहने गरी सचिवालय रहने व्यवस्था।
- धारा २६ को २ मा राजनीतिक विवाद बारे प्रष्ट उल्लेख गर्नुपर्ने।
- संविधानको धारा २३३ र २३४ बमोजिम राजनीतिक विवाद समाधानका निमित्त प्रधानमन्त्रीको अध्यक्षतामा अन्तर प्रदेश परिषद गठन गरेको छ। अन्तर प्रदेश भित्र उठेका विवाद समाधानका लागि नियमित कार्यसम्पादन गर्नका लागि कार्यकारी निर्देशकको व्यवस्था गर्नु पर्दछ।
- प्रशासनिक समायोजनका लागि मुख्य प्रशासकको आवश्यकता पर्ने भएको हुँदा मुख्य सचिव रहनु आवश्यक छ।
- राजनीतिक अन्य विवादका सन्दर्भमा तहगत रुपले उठेका विवादहरु मुख्यतया संयन्त्रले नै समाधान गर्नु उपयुक्त हुन्छ।
- प्रदेश र प्रदेश भित्रको स्थानीय तह बीचको विवाद समाधानका लागि प्रदेश सभाबाट अधिकार सम्पन्न समितिको गठन गरिनु पर्दछ।
- स्थानीय निकायको विवाद हुँदा जिल्ला समन्वय समितिको भूमिका सु–स्पष्ट हुनुपर्ने। (२७), (१) (क) एकै जिल्ला भित्रका स्थानीय तहको राजनीतिक विवादको समाधान सम्बन्धित जिल्ला समन्वय समितिले गर्नेछ।
- दफा २६ (४) मा “यथाशीघ्र” भन्ने शब्दको सट्टा ७ दिन समय तोकिनु पर्ने।
- दफा २६ (५) (ङ) मा भएको मनासिव शब्दको परिभाषा व्याख्या स्पष्ट हुनुपर्ने।
- दफा २६ (६) मा उपसमिति वा कार्यदल गठनको समय तोकिनु पर्ने।
- दफा २७ (७) मा “यथाशिघ्र” भन्ने शब्दको सट्टा ३ दिन भित्र भनी समय तोकिदिनु पर्ने।
- दफा २७ (१०) मा प्राविधिक समिति वा कार्यदल गठनको समय तोकिनुपर्ने।
- दफा २८ को उपदफा २ हटाउनुपर्ने (संवैधानिक इजलासको विषय सम्बन्धित कानूनमा नै व्यवस्था हुने)।

- (२७) (५) विवादसँग सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख वा प्रमुखले तोकेको पदाधिकारी सदस्य हुनुपर्ने।
- प्रदेश समन्वय परिषद, प्रदेश सभा र जिल्ला समन्वय समितिलाई विवाद समाधान गर्दा कस्तो अन्तरसम्बन्धमा राख्ने भन्ने विषय स्पष्ट गर्नुपर्ने।
- स्थानीय तहको प्रदेशसँग समाधान हुन नसक्ने जटिल अवस्था आएमा उक्त विवादको समाधान राष्ट्रिय समन्वय परिषदले मिलाउने व्यवस्था गरिनु पर्दछ।
- प्रधानमन्त्री कार्यालयबाट एकल सूची र साझा सूचीको तहगत क्षेत्राधिकार सम्बन्धी देखा परेका अन्यौललाई निरुपण गर्न एक विशेषज्ञ संयन्त्र गठन गरी कानूनको तर्जुमा गर्न आवश्यक छ।
- विधेयक दफा १४ ले व्यवस्था गरे अनुसार उपदफा २ मा भएको व्यवस्थालाई नेपाल सरकारले आफै वा सो अनुसार उल्लेख गर्नुपर्ने।
- दफा २६(३) अन्तर्गत कुनै विवादका पक्षले अन्तर प्रदेश परिषदको सचिवालयमा १५ दिन भित्र लिखित सूचना दिनु पर्ने व्यवस्था ३० दिन हुनुपर्ने ।
- दफा २७ उपदफा १५ मा रहेको सङ्घीय संसदमा विचाराधीन विषयसँग सम्बन्धित विवादमा यस दफा बमोजिमको कुनै निर्णय गरिने छैन भन्ने व्यवस्था संविधानको धारा २३५ को उपधारा २ को व्यवस्था विपरीत भएकोले उक्त दफा हटाउन पर्ने।
- दफा २८ को उपदफा १ व्यवस्था संविधानमा भएकोले हटाउन पर्ने।
- यो ऐन कार्यान्वयन गर्न अन्तर प्रदेश समन्वय परिषद र जिल्ला समन्वय समितिको परामर्श लिन सक्नेछ।

**थप सुझावहरू**

- सम्बन्धित जिल्लाबाटै एकीकृत सेवा प्रवाहको प्रबन्ध हुनुपर्ने।
- स्थानीय तहका सङ्घ/महाँसङ्घहरु क्षमता विकास र सहजीकरणका संयन्त्रका रुपमा रहने व्यवस्था हुनुपर्ने।
- जिल्ला समन्वय समितिलाई प्रभावकारी बनाउन आवश्यक कानूनी व्यवस्था गनुपर्ने।
- स्थानीय तह र प्रदेशको प्रतिनिधि रुपमा रहेको राष्ट्रिय सभाले प्रदेश र स्थानीय तहको चासो जान्न खोजेकोमा खुशी व्यक्त गर्दे प्रतिनिधि सभामा उत्पत्ति भएका विधेयकमा पनि यस्तो चासोको अपेक्षा राखेको।

## ७. निष्कर्ष

सातैवटा प्रदेशमा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध व्यवस्थित गर्न बनेको विधेयकमा छलफल कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। नेपाल कानून समाज र जनसंख्या र विकासको लागि संसदहरुको राष्ट्रिय मञ्चको प्राविधिक सहयोग र विधायन व्यवस्था समितिको पहलमा कार्यक्रम संचालन गरिएको थियो। साथै प्रदेश सभाका विधायन तथा प्रदेश मामिला समितिले आ–आफ्नो प्रदेशमा कार्यक्रमको नेतृत्व गरेका थिए। सबै सरोकारवालाहरुले यो पद्धतिको प्रशंसा गरेका थिए। सङ्घ, प्रदेश र स्थानीय सरकार बीच भएको यो समन्वय सराहनीय छ।

# सङ्घीय संसद
# राष्ट्रिय सभा
# विधायन व्यवस्थापन समिति
# राष्ट्रिय सभामा उत्पन्न सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ सम्बन्धी प्रतिवेदन

१. सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ (यस पछि "विधेयक" भनिएको) को लामो नाममा रहेका "अन्तरसम्बन्ध व्यवस्थित गर्ने" भन्ने शब्दहरुको सट्टा "समन्वय तथा अन्तरसम्बन्ध" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको प्रस्तावनामा रहेका "अन्तरसम्बन्धलाई सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको सिद्धान्तका आधारमा व्यवस्थित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न" भन्ने शब्दहरुको सट्टा "अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न" भन्ने शब्दहरु राख्ने।

३. विधेयकको दफा १ को सट्टा देहायको दफा १ राख्नेः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७६ रहेको छ।

(२) यो ऐन प्रमाणीकरण भएको आठौं दिनदेखि प्रारम्भ हुनेछ।

४. विधेयकको दफा २ को,–

(१) खण्ड (घ) मा रहेका "दफा २२" भन्ने शब्दहरुको सट्टा "दफा २४" भन्ने शब्दहरु राख्ने।

(२) खण्ड (ङ) मा रहेका "दफा २०" भन्ने शब्दहरुको सट्टा "दफा २२" भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा ३ को सट्टा देहायको दफा ३ राख्नेः–

"३. सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारः संविधानमा भएको व्यवस्थाका अतिरिक्त सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धको अन्य आधार देहाय बमोजिम हुनेछन्ः–

(क) राष्ट्रिय हितका आधारभूत विषय,

(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,

(घ) मौलिक हकको कार्यान्वयन,

(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता,

(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,

(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,

(झ) नेपाली नागरिक बीच समान व्यवहार र सुरक्षा,

(ङ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग तथा सूचनाको आदान प्रदान,

(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्धन,

(ढ) पारस्परिक सहयोग र सहकार्य,

(ण) समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,

(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

(थ) सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएका अन्य विषय।

६. विधेयकको दफा ४ र ५ झिकी दफाक्रम मिलाउने।

७. विधेयकको साविक दफा ६, ७, ८, ९ र १० दफाक्रम मिलाउँदा कायम हुने दफा ४, ५, ६, ७ र ८ को सट्टा देहायका दफा ४, ५, ६, ७ र ८ राख्नेः–

"४. कानून वा नीति बनाउँदा विचार गर्नुपर्नेः (१) सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नुपर्नेछः–

(क) प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) कुनै विषयको कार्यान्वयन प्रदेश वा स्थानीय तहबाट गर्दा लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने,

(ग) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सङ्घ,प्रदेश र स्थानीय तहको भूमिका रहने।

(२) प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नुपर्नेछः–

(क) सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) सङ्घीय कानूनसँग बाझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(घ) कुनै विषयको कार्यान्वयन स्थानीय तहबाट गर्दा लागत, दिगोपना, सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने।

(३) स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नुपर्नेछः–

(च) सङ्घ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने,

(छ) सङ्घीय र प्रदेश कानूनसँग बाझिन नहुने,

(ज) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(झ) प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउनु हुँदैनः–

(ट) मौलिक हक, संवैधानिक हक वा सङ्घीय कानूनप्रदत्त हकमा प्रतिबन्ध लगाउने वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने,

(ठ) सङ्घीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो कार्य गर्न नपाउने वा सङ्घीय कानूनले कुनै काम कसैले गर्न नपाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउने।

५. एकल अधिकारको कार्यान्वयनः (१) सङ्घ, प्रदेश र स्थानीय तहले आ–आफ्नो एकल अधिकारको विषयमा आवश्यक कानून बनाउने र त्यस्तो अधिकारको कार्यान्वयन गर्नेछन्।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले कानून बनाउँदा वा सोको कार्यान्वयन गर्दा सो विषयमा संविधान बमोजिम कुनै शर्त वा मापदण्ड पालना गर्नुपर्ने व्यवस्था भएकोमा त्यस्तो शर्त वा मापदण्डको अधीनमा रही र संविधानमा सङ्घले नीति बनाउने व्यवस्था भएकोमा त्यस्तो नीति वा नीति अन्तर्गत बनेको सङ्घीय कानूनको अधीनमा रही कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

(३) सङ्घ, प्रदेश वा स्थानीय तहमध्ये एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले सङ्घीय कानून प्रतिकूल नहुने गरी र स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

६. साझा अधिकारको कार्यान्वयनः (१) सङ्घले साझा अधिकारको विषय कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा देहाय बमोजिम हुने व्यवस्था गर्नुपर्नेछः–

(क) कसूर र सजायको निर्धारण, राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचनाको निर्माण र सबै प्रदेशमा समान रुपमा लागू हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन सङ्घीय कानून बमोजिम हुने,

(ख) देहायका विषय प्रदेश कानून बमोजिम हुनेः–

(१) प्रदेशस्तरका सडक, विद्युत, खानेपानी, सिँचाई जस्ता पूर्वाधार संरचनाको निर्माण र सञ्चालन,

(२) शिक्षा, स्वास्थ्य, वातावरण जस्ता विषयमा जनचेतनाको अभिवृद्धि,

(३) रोजगार प्रवर्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा,

(४) प्रदेशस्तरमा हुने सेवा प्रवाह,

(५) सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेशस्तरको नियमन।

(ग) स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीय स्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट वा स्थानीय कानून बमोजिम हुने।

(२) प्रदेशले सङ्घ र प्रदेशको साझा अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा सो सम्बन्धी सङ्घीय कानून अनुकूल हुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विषयमा सङ्घीय कानून नबनेको अवस्थामा प्रदेशले सो विषय कार्यान्वयन गर्न वा कानून बनाउन सक्नेछ।

(४) संविधानको अनुसूची–९ को विषयमा सङ्घीय कानून नबनेको अवस्थामा प्रदेशले र सङ्घीय वा प्रदेश कानून नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधीनमा रही आवश्यक कानून बनाउन वा सो विषयको कार्यान्वयन गर्न सक्नेछन्।

७. सङ्घीय कानूनबाट व्यवस्थित हुनेः देहायका विषयहरु सङ्घीय कानूनबाट व्यवस्थित हुनेछन्ः–

(क) सङ्घको एकल अधिकारको सूचीमा परेको विषय,

(ख) सङ्घले बनाएको नीति वा मापदण्ड बमोजिम हुने विषय,

(ग) कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गर्ने र सजायको व्यवस्था गर्ने विषय,

(घ) विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्ने वा त्यस्तो अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको क्षेत्राधिकार हेरफेर गर्ने विषय,

(ङ) अवशिष्ट अधिकारको विषय।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने कुनै विषयमा कानून बमोजिम प्रशासनिक दण्ड जरिवानाको व्यवस्था गर्न सकिनेछ।

८. प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्नेः (१) सङ्घले आफ्नो एकल अधिकारको विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा त्यस्तो विषय वा अधिकार अन्तर्गतको कुनै कार्य प्रदेश वा स्थानीय तह वा प्रदेश वा स्थानीय तहको कुनै निकाय वा अधिकारीले गर्ने गरी व्यवस्था गर्न सक्नेछ।

(२) सङ्घले एकल वा साझा अधिकारका विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा सो कानून अन्तर्गत सञ्चालन वा प्रशासन हुने विषयमध्ये लागत, प्रभावकारिता र सेवा प्रवाहको सहजताका दृष्टिले प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन गर्न उपयुक्त हुने देखिएका विषय प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेशले एकल वा साझा अधिकारका विषयमा कानून बनाउँदा त्यस्तो कानून अन्तर्गत सञ्चालन वा प्रशासन हुने विषयमध्ये लागत, प्रभावकारिता र सेवा प्रवाहको सहजताका दृष्टिले स्थानीय

तहबाट सञ्चालन वा प्रशासन गर्न उपयुक्त हुने देखिएका विषय स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने व्यवस्था गर्न सक्नेछ।

(४) प्रदेशको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी प्रदेशले कानून बनाई संयुक्त रुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन्।

(५) स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी स्थानीय तहले कानून बनाई संयुक्त रुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन्।"

८. उपरोक्त दफाहरु पछि देहायका दफा ९ र १० थप्नेः–

"९. कसूरको अनुसन्धान तथा मुद्दा दायरीः (१) सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी वा प्रदेशस्तरको कुनै निकाय वा अधिकारीबाट अनुसन्धान हुने फौजदारी कसूरको अनुसन्धान त्यस्तो निकाय वा अधिकारीबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान भएको नेपाल सरकारवादी हुने मुद्दा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिल वा सङ्घीय कानून बमोजिम तोकिएको अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष नेपाल सरकारको नामबाट दायर गर्न सक्नेछ।

१०. जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्नेः प्रदेश वा स्थानीय तहले कानून बनाउँदा त्यस्तो कानून बमोजिम हुने प्रशासनिक दण्ड जरिवानाको निर्णयउपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्नेछ।"

९. विधेयकको दफा ११ को,–

(१) उपदफा (१) मा रहेका "देहायका विषयमा" भन्ने शब्दहरु पछि "आवश्यकता अनुसार सम्बन्धित" भन्ने शब्द थप्ने र सोही उपदफामा रहेका "गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने।

(२) उपदफा (२) मा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने।

(३) उपदफा (३) मा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने।

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्नेः–

(४) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त प्रदेश सरकारसँग सरोकार भएका अन्य विषयमा कानून तर्जुमा गर्दा नेपाल सरकारले आवश्यकता अनुसार प्रदेश सरकारसँग परामर्श र समन्वय गर्नेछ।"

(५) उपदफा (५) र (६) झिकी उपदफाक्रम मिलाउने।

(६) साविक उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेको "प्रदेशले" भन्ने शब्द पछि "संविधानको" भन्ने शब्द थपी सोही उपदफामा रहेका "गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने।

(७) साविक उपदफा (८) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका "अनुसूची–९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा स्थानीय तहले" भन्ने शब्दहरुको

सट्टा "स्थानीय तहले संविधानको अनुसूची–९ मा उल्लिखित विषयमा" भन्ने शब्दहरु राख्ने र सोही उपदफामा रहेका "गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने ।

(८) साविक उपदफा (९) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) मा रहेका "गर्नुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ" भन्ने शब्द राख्ने ।

(९) उपदफा (१०) झिकी उपदफाक्रम मिलाउने ।

१०. विधेयकको दफा १२ को,–

(१) दफा शीर्षकपछि देहायको उपदफा (१) थपी उपदफाक्रम मिलाउनेः–

"(१) सङ्घले बनाएको ऐन, नियमावली र गठन आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।"

(२) उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (६) मा रहेका "उपदफा (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२) र (३)" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (७) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (८) पछि देहायको उपदफा (९) थप्नेः–

"(९) प्रदेश सरकार र स्थानीय तहले प्रदेश राजपत्र र स्थानीय राजपत्रमा प्रकाशित सूचनाहरु राजपत्रकै स्वरुपमा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो राजपत्रको विद्युतीय प्रति आवश्यक सुरक्षण विधि अपनाई सुरक्षित रहने व्यवस्था मिलाउनु पर्नेछ।"

११. विधेयकको दफा १२ पछि देहायको दफा १३ थपी दफाक्रम मिलाउनेः–

"१३. आयोजना तर्जुमा र कार्यान्वयनः (१) राष्ट्रिय स्तर वा राष्ट्रिय महत्त्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्नेछ।

(२) प्रदेशभित्र पर्ने वा प्रदेशबाट कार्यान्वयन हुने आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ।

(३) स्थानीय तहभित्र पर्ने वा स्थानीय तहले कार्यान्वयन गर्ने आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।

(४) यस दफा बमोजिम प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत् कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ।

(६) विषयगत समितिले सङ्घ, प्रदेश वा स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकाय बीच आवश्यक समन्वयको व्यवस्था मिलाउनेछ।"

१२. विधेयकको साविक दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ को सट्टा देहायको दफा १५ राख्नेः–

"१५. सहकार्य गर्न सक्नेः (१) सङ्घीय संसद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारवाहीमा सामञ्जस्य तथा एकरुपता कायम गर्नको लागि सहकार्य गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्ने प्रयोजनको लागि सङ्घीय संसद, प्रदेश सभा तथा स्थानीय तहले आवश्यकता अनुसार सूचना आदान प्रदान, छलफल वा परामर्श गर्न सक्नेछन् ।"

१३. विधेयकको दफा १५ झिकी दफाक्रम मिलाउने ।

१४. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राख्नेः–

"१६. राष्ट्रिय समन्वय परिषदको गठनः (१) यस ऐन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न देहाय बमोजिमको राष्ट्रिय समन्वय परिषद गठन हुनेछः–

| | |
|---|---|
| (क) प्रधानमन्त्री | अध्यक्ष |
| (ख) नेपाल सरकारको अर्थ मन्त्री | सदस्य |
| (ग) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्री | सदस्य |
| (घ) नेपाल सरकारको गृह मन्त्री | सदस्य |
| (ङ) नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | सदस्य |
| (च) प्रदेश सरकारका मुख्य मन्त्रीहरु | सदस्य |
| (छ) सङ्घीय संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलले मनोनयन गरी पठाएको सङ्घीय संसदका एक–एकजना सदस्य | सदस्य |
| (ज) प्रधानमन्त्रीले गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख, जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट समावेशी सिद्धान्त बमोजिम तोकेका कम्तीमा एक–एकजना महिला सहित प्रत्येक प्रदेशका तीन तीन जनाका दरले एक्काइस जना | सदस्य |

(२) उपदफा (१) को खण्ड (ज) बमोजिम प्रधानमन्त्रीले परिषदको सदस्य तोक्दा गाउँपालिका राष्ट्रिय महासङ्घ, नगरपालिका सङ्घ र जिल्ला समन्वय समिति महासङ्घसँग परामर्श गर्नेछ ।

(३) परिषदको बैठकमा विषयगत मन्त्री तथा सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(४) परिषदको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ।

(५) परिषदको बैठकको मिति, समय, स्थान र छलफलका विषयहरु परिषदको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(६) परिषदको बैठक बस्नको लागि अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(७) परिषदको बैठकको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ ।

(८) परिषदको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।"

१५. विधेयकको दफा १७ को खण्ड (च) झिकी खण्डक्रम मिलाउने।

१६. विधेयकको दफा १८ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी उपदफाक्रम मिलाउनेः–

"(२) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवले परिषदको सचिवको रुपमा काम गर्नेछ।"

१७. विधेयकको दफा १८ पछि देहायका दफा १९ र २० थपी दफाक्रम मिलाउनेः–

"१९. सङ्घ, प्रदेश र स्थानीय कानूनको अध्ययन गर्नेः (१) नेपाल सरकारले तोकेको निकायले सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कानून तथा सोको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा त्यस्तो निकायले नेपाल सरकारको विषयगत मन्त्रालयसँग समन्वय गर्न तथा सम्बन्धित तहसँग छलफल गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको निकायले यस दफा बमोजिम गरेको अध्ययनको निष्कर्ष सहितको प्रतिवेदन प्रत्येक वर्ष असोज मसान्तभित्र परिषद समक्ष पेश गर्नुपर्नेछ।

१८. सिफारिस गर्न सक्नेः (१) दफा १९ बमोजिम प्रतिवेदन पेश भएमा परिषदले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन तथा छलफल गर्दा परिषदले आवश्यकता अनुसार विशेष समिति गठन गर्न वा सम्बन्धित विज्ञको राय समेत लिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्ययन तथा छलफल गर्दा सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कुनै कानून परिमार्जन गर्नुपर्ने देखिएमा परिषदले त्यस्तो कानून परिमार्जन गर्न सम्बन्धित तहलाई सिफारिस गर्न सक्नेछ।"

१९. विधेयकको साविक दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को उपदफा (१) को ठाउँ–ठाउँमा रहेका "विषय हेर्ने" भन्ने शब्दहरुको सट्टा "विषयको कार्यक्षेत्र रहेको" भन्ने शब्दहरु राख्ने।

२०. विधेयकको साविक दफा २२, २३ र २४ दफाक्रम मिलाउँदा कायम हुने दफा २४, २५ र २६ को सट्टा देहायका दफा २४, २५ र २६ राख्नेः–

"२४. प्रदेश समन्वय परिषदको गठनः प्रदेश र स्थानीय तह बीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तह बीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद रहनेछः–

| | |
|---|---|
| (क) मुख्य मन्त्री | संयोजक |
| (ख) प्रदेश सरकारका मन्त्रीहरु | सदस्य |
| (ग) प्रदेश सरकारको प्रमुख सचिव | सदस्य |
| (घ) प्रदेश सरकारका सचिवहरु | सदस्य |
| (ङ) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख | सदस्य |
| (च) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष र नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख | सदस्य |
| (छ) प्रदेश सरकारको स्थानीय तहसँग सम्बन्धित विषय समेतको कार्यक्षेत्र रहेको मन्त्रालयको सचिव | सदस्य–सचिव |

(२) प्रदेश समन्वय परिषदको सचिवालय सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(३) प्रदेश समन्वय परिषदको बैठक सम्बन्धी कार्यविधि सो परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२५. प्रदेश समन्वय परिषदको काम, कर्तव्य र अधिकारः (१) प्रदेश समन्वय परिषदले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तह बीच समन्वय र अन्तरसम्बन्ध कायम गर्नेछ।

(२) प्रदेश समन्वय परिषदले समन्वय तथा अन्तरसम्बन्ध कायम गर्नुपर्ने कुनै विषयको लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

(३) कुनै विषयमा परिषदमा छलफल हुन उपयुक्त देखिएमा प्रदेश समन्वय परिषदले विषय खुलाई परिषदमा अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा परिषदले आवश्यक छलफल गरी प्रदेश समन्वय परिषद, सम्बन्धित प्रदेश वा स्थानीय तहलाई मार्गदर्शन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम परिषदले गरेको मार्गदर्शन सम्बन्धित प्रदेश समन्वय समिति, सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्नुपर्नेछ।

२६. जिल्ला समन्वय समितिले समन्वय गर्नेः (१) जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछः–

(क) सङ्घ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य।

(२) यस ऐन बमोजिम परिषद वा प्रदेश समन्वय परिषदमा पेश भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तह बीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद वा प्रदेश समन्वय परिषदले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद वा प्रदेश समन्वय परिषदबाट लेखी आए बमोजिम गरी परिषद वा सम्बन्धित प्रदेश समन्वय परिषदलाई जानकारी दिनु पर्नेछ।"

२१. विधेयकको साविक दफा २६ दफाक्रम मिलाउँदा कायम हुने दफा २८ को सट्टा देहायको दफा २८ राख्नेः–

"२८. सङ्घ, प्रदेश तथा अन्तरप्रदेश बीचको विवादः (१) सङ्घ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच कुनै विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पन्ध्र दिनभित्र विवादको कुनै पक्षले त्यस्तो विवादको सम्बन्धमा अन्तरप्रदेश परिषदको सचिवालयमा लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएमा अन्तरप्रदेश परिषदको सचिवालयले सो परिषदको अध्यक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी भएपछि परिषको अध्यक्षले परिषदको बैठक बोलाई सो सम्बन्धमा छलफल गराउनेछ । त्यसरी छलफल गर्दा विवाद समाधानको बारेमा निर्णय गर्नुपूर्व त्यस्तो विवाद राजनीतिक भए नभएको बारेमा निर्णय गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्नको लागि अन्तरप्रदेश परिषदले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको उपसमिति वा कार्यदलको संरचना, कार्यादेश, कार्यावधि र कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत अन्तरप्रदेश परिषदले निर्धारण गरे बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम अन्तरप्रदेश परिषदले वार्ता, छलफल, परामर्श र मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नेछ।

(७) उपदफा (६) बमोजिम वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवाद समाधान नभएमा त्यस्तो विवाद समाधानको लागि अन्तरप्रदेश परिषदले उपयुक्त निर्णय गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

(९) अन्तरप्रदेश परिषदले उपदफा (१) बमोजिम विवादको सूचना प्राप्त भएको मितिले तीन महिनाभित्र विवाद समाधान गरिसक्नु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभामा विचाराधीन विषयसँग सम्बन्धित विवादमा उपदफा (७) बमोजिम अन्तरप्रदेश परिषदले कुनै निर्णय गर्ने छैन।"

२२. विधेयकको दफा २७ झिकी दफाक्रम मिलाउने।

२३. विधेयकको साविक दफा २८ दफाक्रम मिलाउँदा कायम हुने दफा २९ पछि देहायको दफा ३० थपी दफाक्रम मिलाउनेः–

"३०. अन्तरप्रदेश परिषदको सचिवालयः (१) अन्तरप्रदेश परिषदको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(२) अन्तरप्रदेश परिषदको सचिवको रुपमा नेपाल सरकारको मुख्य सचिवले कार्य गर्नेछ।"

२४. विधेयकको परिच्छेद–६ को परिच्छेद शीर्षकपछि देहायको दफा ३१ थपी दफाक्रम मिलाउनेः–

"३१. सङ्घीय एकाई बीच सम्पर्कः (१) यस ऐन बमोजिम समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा प्रदेश वा स्थानीय तहले सङ्घसँग परामर्श गर्नुपर्ने भई सम्पर्क गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय मार्फत् गर्नुपर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "सम्बन्धित मन्त्रालय" भन्नाले जुन विषयमा सम्पर्क गर्नुपर्ने हो सो सम्बन्धी विषयको कार्यक्षेत्र रहेको नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम परामर्श गरिएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक अध्ययन गरी सो विषयको निरुपण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित मन्त्रालयले देहायका विषय विषयगत समितिमा पेश गर्नुपर्नेछः–

(क) साझा अधिकारसँग सम्बन्धित विषयको कार्यान्वयन,

(ख) अन्य प्रदेश वा स्थानीय तह बीच एकरुपता कायम गर्नुपर्ने कुनै नीतिगत विषय,

(ग) सम्बन्धित मन्त्रालयबाट समाधान हुन नसक्ने अन्य कुनै विषय।

(४) उपदफा (१) बमोजिम परामर्श गरिएको विषयमध्ये विषयगत समिति आफैंले निरुपण गर्न सक्ने विषय निरुपण गरी देहायका विषय भएमा परिषद समक्ष पेश गर्नुपर्नेछः–

(क) अन्य प्रदेशमा समेत समन्वय तथा एकरुपता कायम गरी कार्यान्वयन गर्नुपर्ने कुनै नीतिगत विषय,

(ख) विषयगत समितिबाट मात्र टुङ्गोमा पुग्न नसकेका राष्ट्रिय महत्वका अन्य विषय।

(५) उपदफा (२) वा (४) बमोजिम सम्बन्धित मन्त्रालय वा विषयगत समितिले निरुपण गरी पठाएको विषयको जानकारी परिषदको सचिवालयमा पठाउनु पर्नेछ।

(६) यस ऐन बमोजिम नेपाल सरकारले प्रदेश वा स्थानीय तहसँग समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा सम्बन्धित मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सम्बन्धित स्थानीय तहसँग सम्पर्क गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।"

२५. विधेयकको साविक दफा ३१ दफाक्रम मिलाउँदा कायम हुने दफा ३४ पछि देहायको दफा ३५ थप्नेः–

"३५. खारेजी र बचाउः (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ खारेज गरिएको छ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।"

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७६/०९/२८

# सङ्घीय संसद
# प्रतिनिधि सभा
# राज्य व्यवस्था तथा सुशासन समिति
# सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध व्यवस्थापन) विधेयक, २०७५ (यपछि विधेयक भनिएको) को प्रस्तावनामा रहेका "सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक" भन्ने शब्दहरुको सट्टा "बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको सम्बन्धमा राष्ट्रिय सभाबाट पारित प्रतिवेदन (यस पछि "प्रतिवेदन" भनिएको) को बुँदा नं. ३ बाट संशोधन गरिएको विधेयकको दफा १ को सट्टा देहायको दफा १ राख्ने::-

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम" सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।"

३. प्रतिवेदनको बुँदा नं. ५ बाट संशोधन गरिएको विधेयकको दफा ३ को सट्टा देहायको दफा (३) राख्नेः-

३. सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारः (१) संविधानमा भएको व्यवस्थाका अतिरिक्त सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धको अन्य आधार देहाय बमोजिम हुनेछन् :-

(क) राष्ट्रिय हितका आधारभूत विषय,

(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,

(घ) मौलिक हकको कार्यान्वयन,

(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरुको समग्रता र सामन्जस्यता,

(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,

(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,

(झ) नेपाली नागरिक बीच समान व्यवहार र सुरक्षा,

(ञ) कानून, नीति र न्यायिक वा प्रशासनिक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान,

(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन,

(ढ) पारस्परिक सहयोग र सहकार्य,

(ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,

(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

(थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय,

(द) सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएको अन्य विषय।

(२) प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानून बनाउँदा उपदफा (१) मा उल्लिखित विषयलाई समेत आधार मान्नु पर्नेछ।"

४. प्रतिवेदनको बुँदा न. ७ बाट संशोधन गरी विधेयकमा कायम भएको दफा ४ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्नेः–

"(ख) लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले कुनै विषयको कार्यान्वयन प्रदेश वा स्थानीय तहबाट गर्दा उपयुक्त हुने,"

५. प्रतिवेदनको बुँदा नं. ७ बाट संशोधन गरी विधेयकमा कायम भएको दफा ७ को दफा शीर्षक पछि "(१)" थप्ने।

६. प्रतिवेदनको बुँदा नं. ७ बाट संशोधन गरी विधेयकमा कायम भएको दफा ८ को उपदफा (२) र (३) को ठाउँ ठाउँमा रहेका "सञ्चालन वा प्रशासन" भन्ने शब्दहरुको सट्टा "कार्यान्वयन" भन्ने शब्द र "लागत, प्रभावकारिता र सेवा प्रवाहको सहजताका दृष्टिले" भन्ने शब्दहरुको सट्टा "लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले" भन्ने शब्दहरु राख्ने।

७. प्रतिवेदनको बुँदा न. ८ बाट विधेयकमा थपिएको दफा ९ को उपदफा (१) मा रहेको "यस्तो" भन्ने शब्दको सट्टा "सोही" भन्ने शब्द राख्ने।

८. प्रतिवेदनको बुँदा नं. ९ बाट संशोधन गरिएको विधेयकको दफा ११ को उपदफा (४) मा रहेका "अन्य विषयमा" भन्ने शब्दहरुको सट्टा "अन्य विषय र संविधानको धारा ५८ बमोजिमको अवशिष्ट अधिकारको विषयमा" भन्ने शब्दहरु राख्ने।

९. प्रतिवेदनको बुँदा नं. ११ बाट विधेयकमा थपिएको दफा १३ को,–

(१) उपदफा (१) मा रहेका "आयोजनाको तर्जुमा सङ्घले गर्नेछ" भन्ने शब्दहरुपछि " र यसरी आयोजना तर्जुमा गर्दा सङ्घीय सांसदहरुको परामर्शकारी भूमिका रहनेछ" भन्ने शब्दहरु थप्ने।

(२) उपदफा (२) मा रहेका "प्रदेशभित्र पर्ने वा प्रदेशबाट कार्यान्वयन हुने" भन्ने शब्दहरुको सट्टा "प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय" भन्ने शब्दहरु राख्ने र "तर्जुमा प्रदेश सरकारले गर्नेछ" भन्ने शब्दहरुपछि र यसरी प्रदेशको आयोजना तर्जुमा गर्दा प्रदेश सभा सदस्यहरुको परामर्शकारी भूमिका रहनेछ" भन्ने शब्दहरु थप्ने।

(३) उपदफा (२) मा रहेका "स्थानीय तहभित्र पर्ने वा स्थानीय तहबाट कार्यान्वयन हुने" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय" भन्ने शब्दहरु राख्ने।

१०. प्रतिवेदनको बुँदा नं. १२ मा रहेका "दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा १५ को सट्टा देहायको दफा १५ राख्ने" भन्ने शब्दहरुको सट्टा "दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा १४ पछि देहायको दफा १५ थप्ने" भन्ने शब्दहरु राख्ने।

११. प्रतिवेदनको बुँदा नं. १३ मा रहेका "दफा १५" भन्ने शब्दको सट्टा "दफा १४ र १५" भन्ने शब्दहरु राख्ने।

१२. प्रतिवेदनको बुँदा नं. १४ अन्तर्गत विधेयकको दफा १६ को,–

(१) उपदफा (१) को,–

(क) खण्ड (छ) र (ज) को सट्टा देहायका खण्ड (छ) र (ज) राख्नेः –

"(छ) प्रतिनिधि सभाको विपक्षी दलको नेता वा निजले तोकेको सङ्घीय संसदको सदस्य – सदस्य

(ज) गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीले तोकेका कम्तीमा तीन जना महिला सहित प्रत्येक प्रदेशबाट एक जनाको दरले सातजना – सदस्य"

(२) उपदफा (२) झिकी उपदफा क्रम मिलाउने।

(३) उपदफा (४) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "दुई पटक" भन्ने शब्दहरुको सट्टा "एक पटक" भन्ने शब्दहरु राख्ने।

१३. प्रतिवेदनको बुँदा नं. १८ को सट्टा देहायको बुँदा नं. १८ राख्नेः–

"१८. विधेयकको दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को,–

(१) उपदफा (१) को ठाउँ ठाउँमा रहेका "विषय हेर्ने" भन्ने शब्दहरुको सट्टा "विषयको कार्यक्षेत्र रहेको" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (७) पछि देहायको उपदफा (८) थपी दफाक्रम मिलाउनेः–

"(८) अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीले विषयगत समितिको सचिवको रुपमा काम गर्नेछ।"

१४. प्रतिवेदनको बुँदा नं. १९ अन्तर्गत दफाक्रम मिलाउँदा कायम हुने विधेयकको दफा २४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः–

"(१) प्रदेश र स्थानीय तह बीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तह बीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद रहनेछः–

| | |
|---|---|
| (क) मुख्यमन्त्री | अध्यक्ष |
| (ख) प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री | सदस्य |
| (ग) प्रदेश सरकारको आन्तरिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री | सदस्य |
| (घ) प्रदेश सरकारको प्रमुख सचिव | सदस्य |

| | |
|---|---|
| (ङ) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तीमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एक जनाको दरले मुख्यमन्त्रीले तोकेका व्यक्ति | सदस्य |
| (च) प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव | सचिव |

१५. प्रतिवेदनको बुँदा नं. २० बाट संशोधन गरिएको विधेयकमा कायम भएको दफा २८ को,–

(१) उपदफा (१) मा रहेका "कुनै विवाद" भन्ने शब्दहरुको सट्टा "कुनै राजनीतिक विवाद" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (७) मा रहेका "विवाद समाधानको लागि अन्तर प्रदेश परिषदले उपयुक्त निर्णय" भन्ने शब्दहरुको सट्टा "विवाद समाधान गर्न अन्तर प्रदेश परिषदले आवश्यक निर्णय" भन्ने शब्दहरु राख्ने ।

१६. प्रतिवेदनको बुँदा नं. २३ बाट विधेयकमा थपिएको दफा ३१ को, –

(१) दफा शीर्षकमा रहेको "एकाई बीच" भन्ने शब्द पछि "परामर्श तथा" भन्ने शब्दहरु थप्ने ।

(२) उपदफा (१) मा रहेका "परामर्श गर्नु पर्ने भई सम्पर्क गर्दा नेपाल सरकारको सम्बन्धित मन्त्रालय "भन्ने शब्दहरुको सट्टा "परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (१) को स्पष्टीकरण झिक्ने ।

(४) उपदफा (३) मा रहेका "भए तापनि" भन्ने शब्दहरु पछि "नेपाल सरकारको" भन्ने शब्दहरु थप्ने ।

(५) उपदफा (४) मा रहेका "उपदफा (१) बमोजिम परामर्श गरिएको" भन्ने शब्दहरुको सट्टा "उपदफा (३) बमोजिम पेश भएका" भन्ने शब्दहरु राख्ने र सोही उपदफाको खण्ड –ख) मा रहेका "मात्र टुङ्गोमा पुग्न" भन्ने शब्दहरुको सट्टा " निरुपण हुन" भन्ने शब्दहरु राख्ने ।

(६) उपदफा (५) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "नेपाल सरकारको" भन्ने शब्दहरु थप्ने ।

(७) उपदफा (६) मा रहेका "विषयमा" भन्ने शब्द पछि "नेपाल सरकारको" भन्ने शब्दहरु थप्ने ।

१७. विधेयकको साविकको दफा ३१ प्रतिवेदन अनुसार दफाक्रम मिलाउँदा कायम भएको दफा ३४ मा रहेका "परिषदसँग परामर्श गरी" भन्ने शब्दहरु झिक्ने ।

# सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

प्रमाणीकरण मितिः २०७७।०४।१३

## संवत् २०७७ सालको ऐन नं. ११

सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा अन्तरसम्बन्ध सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः मुलुकले अङ्गीकार गरेको बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि नेपालको संविधान बमोजिम राज्यशक्ति को प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोगको आधारमा व्यवस्थित गर्न वाञ्छनीय भएकोले, सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद–१ प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अन्तरप्रदेश परिषद" भन्नाले संविधानको धारा २३४ बमोजिमको अन्तरप्रदेश परिषद सम्झनु पर्छ।

(ख) "परिषद" भन्नाले दफा १६ बमोजिमको राष्ट्रिय समन्वय परिषद सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले संविधान बमोजिम गठन भएको प्रदेश सम्झनु पर्छ।

(घ) "प्रदेश समन्वय परिषद" भन्नाले दफा २४ बमोजिमको प्रदेश समन्वय परिषद सम्झनु पर्छ।

(ङ) "विषयगत समिति" भन्नाले दफा २२ बमोजिमको विषयगत समिति सम्झनु पर्छ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(छ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद–२ सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारहरू

३. **सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका आधारः** (१) संविधानमा भएको व्यवस्थाका अतिरिक्त सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका अन्य आधार देहाय बमोजिम हुनेछन्ः–

(क) राष्ट्रिय हितका आधारभूत विषय,

(ख) राष्ट्रिय गौरव र एकताको संरक्षण,

(ग) राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको पालना र कार्यान्वयन,

(घ) मौलिक हकको कार्यान्वयन,

(ङ) राष्ट्रिय नीतिको सम्मान तथा कार्यान्वयनमा योगदान,

(च) संविधानका व्यवस्थाहरुको समग्रता र सामञ्जस्यता,

(छ) लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख अर्थतन्त्र निर्माण,

(ज) संविधानको अधीनमा रही साझा हित र सरोकारको विषयमा अधिकारको प्रयोग गर्दा अर्को तहको अस्तित्व र कार्यगत स्वायत्तताको सम्मान,

(झ) नेपाली नागरिक बीच समान व्यवहार र सुरक्षा,

(ञ) कानून, नीति र न्यायिक वा प्रशासनीक निर्णय कार्यान्वयनमा आपसी समन्वय, परामर्श, सहयोग तथा सूचनाको आदान प्रदान,

(ट) प्राकृतिक तथा भौतिक स्रोतको संरक्षण,

(ठ) प्राकृतिक, भौतिक तथा वित्तीय स्रोतको दिगो व्यवस्थापन र लाभको न्यायोचित वितरण,

(ड) भ्रष्टाचार निवारण र सुशासन प्रवर्द्धन,

(ढ) पारस्परिक सहयोग र सहकार्य,

(ण) समानुपातिक समावेशी तथा सहभागितामूलक शासन व्यवस्था अवलम्बन,

(त) नागरिकलाई प्रदान गर्ने सेवाको प्रभावकारिता,

(थ) व्यापार, वस्तुको ढुवानी र सेवाको विस्तारमा आपसी सहयोग र समन्वय,

(द) सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय तथा अन्तरसम्बन्ध कायम गर्ने सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएको अन्य विषय।

(२) प्रदेश र स्थानीय तहले आफ्नो अधिकारको विषयमा कानून बनाउँदा उपदफा (१) मा उल्लिखित विषयलाई समेत आधार मान्नु पर्नेछ।

## परिच्छेद–३ कानून, नीति तथा योजना तर्जुमा

४. **कानून वा नीति बनाउँदा विचार गर्नुपर्नेः** (१) सङ्घले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नुपर्नेछः–

(क) प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) लागत, दिगोपना वा सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले कुनै विषयको कार्यान्वयन प्रदेश वा स्थानीय तहबाट गर्दा उपयुक्त हुने,

(ग) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका रहने।

(२) प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नुपर्नेछः–

(क) सङ्घ वा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) सङ्घीय कानूनसँग बाझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(घ) कुनै विषयको कार्यान्वयन स्थानीय तहबाट गर्दा लागत, दिगोपना, सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले उपयुक्त हुने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी सम्भव भएसम्म स्थानीय तहको भूमिका रहने।

(३) स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा यस ऐन बमोजिमका अन्य कुराका अतिरिक्त देहायका कुराहरुलाई विचार गर्नुपर्नेछः–

(क) सङ्घ वा प्रदेशको एकल अधिकारको अतिक्रमण नगर्ने,

(ख) सङ्घीय र प्रदेश कानूनसँग बाझिन नहुने,

(ग) राष्ट्रिय नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(घ) प्रदेशको नीति वा प्राथमिकता अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने,

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहले कानून बनाउँदा देहाय बमोजिम हुने गरी बनाउनु हुँदैनः–

(क) मौलिक हक, संवैधानिक हक वा सङ्घीय कानूनप्रदत्त हकमा प्रतिबन्ध लगाउने वा त्यस्तो हकको प्रयोगमा सीमा तोक्ने,

(ख) सङ्घीय कानूनले कुनै काम कसैले गर्न पाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न नपाउने वा सङ्घीय कानूनले कुनै काम कसैले गर्न नपाउने भनी व्यवस्था गरेकोमा त्यस्तो काम गर्न पाउने।

५. एकल अधिकारको कार्यान्वयन : (१) सङ्घ, प्रदेश र स्थानीय तहले आ–आफ्नो एकल अधिकारको विषयमा आवश्यक कानून बनाउने र त्यस्तो अधिकारको कार्यान्वयन गर्नेछन्।

(२) उपदफा (१) बमोजिम प्रदेश वा स्थानीय तहले कानून बनाउँदा वा सोको कार्यान्वयन गर्दा सो विषयमा संविधान बमोजिम कुनै शर्त वा मापदण्ड पालना गर्नुपर्ने व्यवस्था भएकोमा त्यस्तो शर्त वा मापदण्डको अधीनमा रही र संविधानमा सङ्घले नीति बनाउने व्यवस्था भएकोमा त्यस्तो नीति वा नीति अन्तर्गत बनेको सङ्घीय कानूनको अधीनमा रही कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

(३) सङ्घ, प्रदेश वा स्थानीय तहमध्ये एकभन्दा बढी तहको एकल अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा कानून बनाउँदा प्रदेशले सङ्घीय कानून प्रतिकूल नहुने गरी र स्थानीय तहले सङ्घीय र प्रदेश कानून प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

६. **साझा अधिकारको कार्यान्वयनः** (१) सङ्घले साझा अधिकारको विषय कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा देहाय बमोजिम हुने व्यवस्था गर्नुपर्नेछः–

(क) कसूर र सजायँको निर्धारण, राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका वा एकभन्दा बढी प्रदेशमा विस्तार भएका पूर्वाधार संरचनाको निर्माण र सबै प्रदेशमा समान रुपमा लागू हुने गुणस्तर वा मापदण्डको निर्धारण र नियमन सङ्घीय कानून बमोजिम हुने,

(ख) देहायका विषय प्रदेश कानून बमोजिम हुनेः–

(१) प्रदेशस्तरका सडक, विद्युत, खानेपानी, सिँचाई जस्ता पूर्वाधार संरचनाको निर्माण र सञ्चालन,

(२) शिक्षा, स्वास्थ्य, वातावरणजस्ता विषयमा जनचेतनाको अभिवृद्धि,

(३) रोजगार प्रवर्धन, उद्यमशीलताको विकास, सामाजिक सुरक्षा,

(४) प्रदेशस्तरमा हुने सेवा प्रवाह,

(५) सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा प्रदेशस्तरको नियमन।

(ग) स्थानीयस्तरमा हुने सेवा प्रवाह र सार्वजनिक स्वास्थ्य, उपभोक्ता हित, सार्वजनिक सेवा प्रवाहको गुणस्तर सम्बन्धमा स्थानीयस्तरमा हुने नियमन तथा जनचेतना अभिवृद्धि स्थानीय तहबाट वा स्थानीय कानून बमोजिम हुने।

(२) प्रदेशले सङ्घ र प्रदेशको साझा अधिकारमा परेको विषयको कार्यान्वयन गर्दा वा त्यस्तो विषयमा कानून बनाउँदा सो सम्बन्धी सङ्घीय कानून अनुकूल हुने गरी कार्यान्वयन गर्नु वा कानून बनाउनु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो विषयमा सङ्घीय कानून नबनेको अवस्थामा प्रदेशले सो विषय कार्यान्वयन गर्न वा कानून बनाउन सक्नेछ।

(४) संविधानको अनुसूची–९ को विषयमा सङ्घीय कानून नबनेको अवस्थामा प्रदेशले र सङ्घीय वा प्रदेश कानून नबनेको अवस्थामा स्थानीय तहले संविधान र यस ऐनको अधीनमा रही आवश्यक कानून बनाउन वा सो विषयको कार्यान्वयन गर्न सक्नेछन्।

७. **सङ्घीय कानूनबाट व्यवस्थित हुनेः** (१) देहायका विषयहरु सङ्घीय कानूनबाट व्यवस्थित हुनेछः–

(क) सङ्घको एकल अधिकारको सूचीमा परेको विषय,

(ख) सङ्घले बनाएको नीति वा मापदण्ड बमोजिम हुने विषय,

(ग) कुनै कार्यलाई फौजदारी कसूरको रुपमा कायम गर्ने र सजायँको व्यवस्था गर्ने विषय,

(घ) विशिष्टीकृत अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको स्थापना गर्ने वा त्यस्तो अदालत, न्यायिक निकाय वा न्यायाधिकरणको क्षेत्राधिकार हेरफेर गर्ने विषय,

(ङ) अवशिष्ट अधिकारको विषय।

(२) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने कुनै विषयमा कानून बमोजिम प्रशासनीक दण्ड जरिवानाको व्यवस्था गर्न सकिनेछ।

८. **प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुन सक्नेः** (१) सङ्घले आफ्नो एकल अधिकारको विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा त्यस्तो विषय वा अधिकार अन्तर्गतको कुनै कार्य प्रदेश वा स्थानीय तह वा प्रदेश वा स्थानीय तहको कुनै निकाय वा अधिकारीले गर्ने गरी व्यवस्था गर्न सक्नेछ।

(२) सङ्घले एकल वा साझा अधिकारका विषय वा अवशिष्ट अधिकारको सम्बन्धमा कानून बनाउँदा सो कानून अन्तर्गत कार्यान्वयन हुने विषयमध्ये लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने देखिएका विषय प्रदेश वा स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था गर्न सक्नेछ।

(३) प्रदेशले एकल वा साझा अधिकारका विषयमा कानून बनाउँदा त्यस्तो कानून अन्तर्गत कार्यान्वयन हुने विषयमध्ये लागत, दिगोपना र सेवा प्रवाहको प्रभावकारिताका दृष्टिले स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने देखिएका विषय स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था गर्न सक्नेछ।

(४) प्रदेशको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी प्रदेशले कानून बनाई संयुक्तरुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन्।

(५) स्थानीय तहको एकल वा साझा अधिकारमा रहेको कुनै विषयसँग सम्बन्धित कुनै पूर्वाधार संरचना निर्माण वा अन्य कुनै परियोजना दुई वा दुईभन्दा बढी स्थानीय तहले कानून बनाई संयुक्तरुपमा कार्यान्वयन गर्न वा सञ्चालन गर्न सक्नेछन्।

९. **कसूरको अनुसन्धान तथा मुद्दा दायरीः** (१) सङ्घीय कानून बमोजिम प्रदेश प्रहरी वा प्रदेशस्तरको कुनै निकाय वा अधिकारीबाट अनुसन्धान हुने फौजदारी कसूरको अनुसन्धान सोही निकाय वा अधिकारीबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान भएको नेपाल सरकारवादी हुने मुद्दा महान्यायाधिवक्ता वा निजले तोकेको सरकारी वकिल वा सङ्घीय कानून बमोजिम तोकिएको अधिकारीले मुद्दा हेर्ने अधिकारी समक्ष नेपाल सरकारको नामबाट दायर गर्न सक्नेछ।

१०. **जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्नेः** प्रदेश वा स्थानीय तहले कानून बनाउँदा त्यस्तो कानून बमोजिम हुने प्रशासनीक दण्डजरीवानाको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गर्न सक्नेछ।

११. **समन्वय र परामर्श गर्नेः** (१) नेपाल सरकारले देहायका विषयमा आवश्यकता अनुसार सम्बन्धित प्रदेश सरकारसँग समन्वय र परामर्श गर्नेछः–

(क) संविधानको अनुसूची–७ मा उल्लिखित साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा,

(ख) दुई वा दुई भन्दा बढी प्रदेशहरुको अनुरोधमा संविधानको अनुसूची–६ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा,

(ग) राष्ट्रिय महत्वका ठूला परियोजना, अन्तरप्रदेशस्तरीय परियोजना वा कार्यक्रम सञ्चालन गर्दा,

(घ) प्रदेशले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा,

(ङ) अन्तरप्रदेशमा सञ्चालन हुने राष्ट्रिय सडक, विद्युतीय प्रशारण लाईन तथा अन्तरप्रदेशस्तरीय सिँचाइ वा यस्तै प्रकृतिका योजना सञ्चालन गर्दा,

(च) प्रदेशको अधिकार सूचीमा पर्ने विषयमा सन्धि वा सम्झौता गर्दा,

(छ) नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य विषय।

(२) नेपाल सरकारले देहायका विषयमा स्थानीय तहसँग आवश्यकता अनुसार समन्वय र परामर्श गर्नेछः–

(क) स्थानीय तहले समेत पालना वा कार्यान्वयन गर्नुपर्ने गरी राष्ट्रिय योजना तथा नीति बनाउँदा,

(ख) नेपाल सरकारले उपयुक्त ठहऱ्याएको अन्य विषय।

(३) नेपाल सरकारले देहायका विषयमा आवश्यकता अनुसार प्रदेश र स्थानीय तहसँग समन्वय र परामर्श गर्नेछः–

(क) संविधानको अनुसूची–९ मा उल्लिखित साझा अधिकारका विषयमा कानून तथा नीति बनाउँदा,

(ख) राजश्वको बाँडफाँट तथा नयाँ कर प्रणाली लागू गर्ने क्रममा सोको नीतिगत विषयमा,

(ग) प्राकृतिक स्रोत तथा त्यसको लाभको बाँडफाँट गर्दा।

(४) उपदफा (१) मा उल्लिखित विषयका अतिरिक्त प्रदेश सरकारसँग सरोकार भएका अन्य विषय र संविधानको धारा ५८ बमोजिमको अवशिष्ट अधिकारको विषयमा कानून तर्जुमा गर्दा नेपाल सरकारले आवश्यकता अनुसार प्रदेश सरकारसँग परामर्श र समन्वय गर्नेछ।

(५) प्रदेशले संविधानको अनुसूची–७ र ९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय वा निकायसँग समन्वय र परामर्श गर्नेछ।

(६) स्थानीय तहले संविधानको अनुसूची–९ मा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा नेपाल सरकारको विषयगत मन्त्रालय र सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय वा निकायसँग समेत समन्वय र परामर्श गर्नेछ।

(७) प्रदेशले संविधानको अनुसूची–९ बमोजिमको साझा अधिकारको सूचीमा उल्लिखित विषयमा कानून तथा नीति बनाउँदा आफ्नो प्रदेशभित्रका स्थानीय तहसँग समन्वय र परामर्श गर्नेछ।

(८) यस दफा बमोजिम कुनै काम कारवाहीको सम्बन्धमा परामर्श माग गर्दा परामर्श उपल्ध नगराएकोमा त्यस्तो काम कारवाही अघि बढाउन बाधा परेको वा परामर्श बमोजिम कार्य नभएको कारणले मात्र कुनै काम कारवाहीको वैधानिकतामा प्रतिकूल असर पुऱ्याएको मानिने छैन।

१२. **कानूनको प्रकाशन तथा अभिलेखः** (१) सङ्घले बनाएको ऐन, नियमावली र गठन आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(२) प्रदेशले बनाएको ऐन, नियमावली र गठन आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(३) स्थानीय तहले बनाएको ऐन र नियमावली स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

(४) प्रदेश तथा स्थानीय तहले बनाएको नीति, निर्देशिका र कार्यविधि सार्वजनिक रुपमा प्रकाशन गर्नुपर्नेछ।

(५) प्रदेश तथा स्थानीय तहले बनाएको ऐन र नियमावलीको प्रमाणीकरण प्रति सम्बन्धित तहले सुरक्षित रुपमा अभिलेख गरी राख्नु पर्नेछ।

(६) उपदफा (२) र (३) बमोजिमको ऐन, नियमावली र गठन आदेशको प्रमाणित प्रति सम्बन्धित प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(७) स्थानीय तहले बनाएको ऐन, नियमावली तथा अन्य कानूनको एक प्रति प्रदेश सरकारलाई समेत पठाउनु पर्नेछ।

(८) सङ्घ, प्रदेश र स्थानीय तहबाट संविधान तथा प्रचलित कानून बमोजिम पारित भएका सार्वजनिक लिखतको एकीकृत अभिलेख रहने गरी नेपाल सरकारले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(९) प्रदेश सरकार र स्थानीय तहले प्रदेश राजपत्र र स्थानीय राजपत्रमा प्रकाशित सूचनाहरु राजपत्रकै स्वरुपमा आफ्नो वेबसाइटमा राख्नु पर्नेछ र त्यस्तो राजपत्रको विद्युतीय प्रति आवश्यक सुरक्षण विधि अपनाई सुरक्षित रहने व्यवस्था मिलाउनु पर्नेछ।

१३. **आयोजना तर्जुमा र कार्यान्वयनः** (१) राष्ट्रियस्तर वा राष्ट्रिय महत्वका आयोजना, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने आयोजना र जटिल प्राविधिक क्षमता वा ठूलो लगानी आवश्यक पर्ने आयोजनाको तर्जुमा सङ्घले गर्नेछ र यसरी आयोजना तर्जुमा गर्दा सङ्घीय संसदका सदस्यहरुको परामर्शकारी भूमिका रहनेछ।

(२) प्रदेशभित्र पर्ने र प्रदेशबाट कार्यान्वयन हुने प्रदेशस्तरीय आयोजनाको तर्जुमा प्रदेश सरकारले गर्नेछ र यसरी प्रदेशको आयोजना तर्जुमा गर्दा प्रदेश सभा सदस्यहरुको परामर्शकारी भूमिका रहनेछ।

(३) स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ।

(४) यस दफा बमोजिम प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्न सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्नेछ।

(६) विषयगत समितिले सङ्घ, प्रदेश वा स्थानीय तहबाट तर्जुमा हुने आयोजनासँग सम्बन्धित निकाय बीच आवश्यक समन्वयको व्यवस्था मिलाउनेछ।

१४. **सहयोग गर्नुपर्नेः** (१) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा प्रदेश र स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्नेछ।

(२) स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा कानून, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्नेछ।

(३) नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई कानून बनाउनको लागि नमूना कानूनको मस्यौदा बनाई उपल्ध गराउन सक्नेछ।

(४) सङ्घले बनाएका कानून, नीति तथा योजना कार्यान्वयन गर्दा प्रदेश सरकार र स्थानीय तहले आवश्यक सहयोग गर्नुपर्नेछ।

(५) प्रदेश र स्थानीय तहको अधिकार सूची तथा कार्य जिम्मेवारीमा पर्ने विषयमा प्रदेश र स्थानीय तहले बनाएको कानून, नीति तथा योजना कार्यान्वयन गर्दा नेपाल सरकारले आवश्यक सहयोग गर्नुपर्नेछ।

१५. **सहकार्य गर्न सक्नेः** (१) सङ्घीय संसद, प्रदेश सभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम कारवाहीमा सामञ्जस्यता तथा एकरुपता कायम गर्नको लागि सहकार्य गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्ने प्रयोजनको लागि सङ्घीय संसद, प्रदेश सभा तथा स्थानीय तहले आवश्यकता अनुसार सूचना आदान–प्रदान, छलफल वा परामर्श गर्न सक्नेछन्।

## परिच्छेद–४ परिषद तथा समिति

१६. **राष्ट्रिय समन्वय परिषदको गठनः** (१) यस ऐन बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीचको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न देहाय बमोजिमको राष्ट्रिय समन्वय परिषद गठन हुनेछः–

| | |
|---|---|
| (क) प्रधानमन्त्री | अध्यक्ष |
| (ख) नेपाल सरकारको अर्थ मन्त्री | सदस्य |
| (ग) नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्री | सदस्य |
| (घ) नेपाल सरकारको गृह मन्त्री | सदस्य |
| (ङ) नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री | सदस्य |
| (च) प्रदेश सरकारका मुख्य मन्त्रीहरु | सदस्य |
| (छ) प्रतिनिधि सभाको विपक्षी दलको नेता वा निजले तोकेको सङ्घीय संसदको सदस्य | सदस्य |
| (ज) गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुखको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्रीले तोकेका कम्तीमा तीनजना महिला सहित प्रत्येक प्रदेशबाट एकजनाको दरले सातजना | सदस्य |

(२) परिषदको बैठकमा विषयगत मन्त्री तथा सम्बन्धित पदाधिकारी वा विशेषज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) परिषदको बैठक वर्षको कम्तीमा एक पटक बस्नेछ।

(४) परिषदको बैठकको मिति, समय, स्थान र छलफलका विषयहरु परिषदको अध्यक्षले तोके बमोजिम हुनेछ।

(५) परिषदको बैठक बस्नको लागि अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(६) परिषदको बैठकको अध्यक्षता परिषदको अध्यक्षले गर्नेछ।

(७) परिषदको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **परिषदको काम, कर्तव्य र अधिकारः** परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) साझा अधिकारका विषयमा कानून तथा नीति तर्जुमाको लागि सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय गर्ने,

(ख) प्रदेश तथा स्थानीयस्तरमा कार्यान्वयन हुने राष्ट्रिय हित तथा स्वार्थसँग जोडिएको विषयमा समन्वय गर्ने,

(ग) राष्ट्रिय योजना, नीति तथा कानूनहरुको प्रदेश तथा स्थानीय तहमा कार्यान्वयनका सम्बन्धमा रहेका जटिलता समाधान गर्न समन्वय गर्ने,

(घ) अन्तरप्रदेश तथा स्थानीय तहलाई प्रभाव पर्ने कानून, नीति तथा रणनीतिको तर्जुमाको सम्बन्धमा समन्वय गर्ने,

(ङ) अन्तरप्रदेशस्तरमा सञ्चालित विकासका ठूला आयोजनाहरुको कार्यान्वयनको सम्बन्धमा समन्वय गर्ने,

(च) सङ्घीयता कार्यान्वयनको सम्बन्धमा सङ्घ, प्रदेश र स्थानीय तहबाट बनेका नीति, कानून तथा योजनाको समिमा तथा विश्लेषण गर्ने, गराउने,

(छ) सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने सेवा प्रवाहको विषयमा सामञ्जस्यता कायम गर्न आवश्यक कार्य गर्ने,

(ज) कानून निर्माण तथा कार्यान्वयनको विषयमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई सुझाव दिने,

(झ) नेपाल सरकार, मन्त्रिपरिषद, विषयगत समिति र प्रदेश समन्वय परिषद बाट छलफलको लागि पठाएका विषयमा आवश्यकता अनुसार छलफल तथा समन्वय गर्ने।

१८. **सचिवालय तथा जनशक्तिः** (१) परिषदको सचिवालय नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(२) प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सचिवले परिषदको सचिवको रुपमा काम गर्नेछ।

(३) उपदफा (१) बमोजिमको सचिवालयलाई आवश्यक बजेट तथा जनशक्ति नेपाल सरकारले व्यवस्था गर्नेछ।

१९. **सङ्घ, प्रदेश र स्थानीय कानूनको अध्ययन गर्नेः** (१) नेपाल सरकारले तोकेको निकायले सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कानून तथा सोको कार्यान्वयनको अवस्था सम्बन्धमा अध्ययन गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा त्यस्तो निकायले नेपाल सरकारको विषयगत मन्त्रालयसँग समन्वय गर्न तथा सम्बन्धित तहसँग छलफल गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको निकायले यस दफा बमोजिम गरेको अध्ययनको निष्कर्ष सहितको प्रतिवेदन प्रत्येक वर्ष असोज मसान्तभित्र परिषद समक्ष पेश गर्नुपर्नेछ।

२०. **सिफारिस गर्न सक्नेः** (१) दफा १९ बमोजिम प्रतिवेदन पेश भएमा परिषदले सो सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन तथा छलफल गर्दा परिषदले आवश्यकता अनुसार विशेष समिति गठन गर्न वा सम्बन्धित विज्ञको राय समेत लिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम अध्ययन तथा छलफल गर्दा सङ्घ, प्रदेश वा स्थानीय तहले बनाएको कुनै कानून परिमार्जन गर्नुपर्ने देखिएमा परिषदले त्यस्तो कानून परिमार्जन गर्न सम्बन्धित तहलाई सिफारिस गर्न सक्नेछ।

२१. **विशेष समिति गठन गर्न सक्नेः** (१) परिषदले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यकता अनुसार विशेष समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने विशेष समितिको संरचना, काम, कर्तव्य र अधिकार परिषदले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विशेष समितिको बैठक तथा निर्णय सम्बन्धी व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२२. **विषयगत समितिः** (१) सङ्घ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तह बीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका काममा प्रभावकारिता ल्याउन देहाय बमोजिमका विषयगत समिति रहनेछः–

(क) नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्री – अध्यक्ष

(ख) प्रदेश सरकारका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्री – सदस्य

(ग) अध्यक्षले तोकेको स्थानीय तहको एकजना प्रमुख वा अध्यक्ष – सदस्य

(२) विषयगत समितिको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ।

(३) विषयगत समितिको बैठकको मिति, समय, स्थान तथा छलफलको सूची सो समितिको अध्यक्षले तोके बमोजिम हुनेछ।

(४) विषयगत समितिको बैठक बस्नको लागि सो समितिको अध्यक्ष सहित बहुमत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ।

(५) विषयगत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ।

(६) विषयगत समितिले आवश्यकता अनुसार विषय विज्ञ एवं सरोकारवाला निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(७) विषयगत समितिको सचिवालय नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा रहनेछ।

(८) अध्यक्षले तोकेको सम्बन्धित मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीले विषयगत समितिको सचिवको रुपमा काम गर्नेछ।

(९) विषयगत समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२३. **विषयगत समितिको काम, कर्तव्य र अधिकारः** विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा प्रदेश तथा स्थानीय तहसँग परामर्श गर्ने,

(ख) क्षेत्रगत योजना, नीति तथा कार्यक्रममा एकरुपता, निरन्तरता एवं गुणस्तरीयता कायम गर्न तथा कानून, योजना, नीति तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका राष्ट्रिय नीति तर्जुमाको लागि परिषदलाई सुझाव दिने,

(घ) परिषदको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ङ) परिषदले तोकेका अन्य कार्य गर्ने।

२४. **प्रदेश समन्वय परिषदको गठनः** (१) प्रदेश र स्थानीय तह बीच वा प्रदेशभित्रका एकभन्दा बढी जिल्लाभित्रका स्थानीय तह बीचको समन्वय वा अन्तरसम्बन्धलाई व्यवस्थित गर्न प्रत्येक प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रदेश समन्वय परिषद रहनेछः–

| | |
|---|---|
| (क) मुख्यमन्त्री | अध्यक्ष |
| (ख) प्रदेश सरकारको आर्थिक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री | सदस्य |
| (ग) प्रदेश सरकारको आन्तररक मामिला सम्बन्धी विषयको कार्यक्षेत्र रहेको मन्त्री | सदस्य |
| (घ) प्रदेश सरकारको प्रमुख सचिव | सदस्य |
| (ङ) प्रदेशभित्रका गाउँ कार्यपालिकाका अध्यक्ष वा उपाध्यक्ष, नगर कार्यपालिकाका प्रमुख वा उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुख वा उपप्रमुख मध्येबाट कम्तीमा एक तिहाई महिला सहित समावेशी सिद्धान्त बमोजिम प्रत्येक जिल्लाबाट एकजनाको दरले मुख्यमन्त्रीले तोकेका व्यक्ति | सदस्य |
| (च) प्रदेश मुख्यमन्त्रीको कार्यालयका सचिव | सदस्य |

(२) प्रदेश समन्वय परिषदको सचिवालय सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(३) प्रदेश समन्वय परिषदको बैठक सम्बन्धी कार्यविधि सो परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

२५. **प्रदेश समन्वय परिषदको काम, कर्तव्य र अधिकारः** (१) प्रदेश समन्वय परिषदले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तह बीच समन्वय र अन्तरसम्बन्ध कायम गर्नेछ।

(२) प्रदेश समन्वय परिषदले समन्वय तथा अन्तरसम्बन्ध कायम गर्नुपर्ने कुनै विषयको लागि आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।

(३) कुनै विषयमा परिषद मा छलफल हुन उपयुक्त देखिएमा प्रदेश समन्वय परिषदले विषय खुलाई परिषदमा अनुरोध गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा परिषदले आवश्यक छलफल गरी प्रदेश समन्वय परिषद, सम्बन्धित प्रदेश वा स्थानीय तहलाई मार्गदर्शन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम परिषदले गरेको मार्गदर्शन सम्बन्धित प्रदेश समन्वय परिषद, सम्बन्धित प्रदेश तथा स्थानीय तहले पालना गर्नुपर्नेछ।

२६. **जिल्ला समन्वय समितिले समन्वय गर्नेः** (१) जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछः–

(क) सङ्घ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हुने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य।

(२) यस ऐन बमोजिम परिषद वा प्रदेश समन्वय परिषद मा पेश भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तह बीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद वा प्रदेश समन्वय परिषदले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद वा प्रदेश समन्वय परिषदबाट लेखी आए बमोजिम गरी परिषद वा सम्बन्धित प्रदेश समन्वय परिषदलाई जानकारी दिनु पर्नेछ।

## परिच्छेद–५ विवाद समाधान

२७. **विवाद नआउने गरी कार्यसम्पादन गर्नुपर्नेः** सङ्घ, प्रदेश र स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रको कार्यसम्पादन गर्दा विवाद नआउने गरी सम्पन्न गर्नुपर्नेछ।

२८. **सङ्घ, प्रदेश तथा अन्तरप्रदेश बीचको विवादः** (१) सङ्घ र प्रदेश बीच तथा प्रदेश–प्रदेश बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको मितिले पन्ध्र दिनभित्र विवादको कुनै पक्षले त्यस्तो विवादको सम्बन्धमा अन्तरप्रदेश परिषदको सचिवालयमा लिखित सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्राप्त भएमा अन्तरप्रदेश परिषदको सचिवालयले सो परिषदको अध्यक्षलाई यथाशीघ्र जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी भएपछि परिषदको अध्यक्षले परिषदको बैठक बोलाई सो सम्बन्धमा छलफल गराउनेछ। त्यसरी छलफल गर्दा विवाद समाधानको बारेमा निर्णय गर्नुपूर्व त्यस्तो विवाद राजनीतिक भए नभएको बारेमा निर्णय गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्नको लागि अन्तरप्रदेश परिषदले उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको उपसमिति वा कार्यदलको संरचना, कार्यादेश, कार्यविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत अन्तरप्रदेश परिषदले निर्धारण गरे बमोजिम हुनेछ।

(६) यस दफा बमोजिम अन्तरप्रदेश परिषदले वार्ता, छलफल, परामर्श र मेलमिलापको माध्यमबाट विवादको समाधान गर्नेछ।

(७) उपदफा (६) बमोजिम वार्ता, छलफल, परामर्श र मेलमिलापबाट विवाद समाधान नभएमा त्यस्तो विवाद समाधान गर्न अन्तरप्रदेश परिषदले आवश्यक निर्णय गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम भएको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु, गराउनु पर्नेछ।

(९) अन्तरप्रदेश परिषदले उपदफा (१) बमोजिम विवादको सूचना प्राप्त भएको मितिले तीन महिनाभित्र विवाद समाधान गरिसक्नु पर्नेछ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभामा विचाराधीन विषयसँग सम्बन्धित विवादमा उपदफा (७) बमोजिम अन्तरप्रदेश परिषदले कुनै निर्णय गर्ने छैन।

२९. **संवैधानिक इजलासको अधिकारक्षेत्रमा प्रतिकूल असर नपर्नेः** (१) यस परिच्छेदमा लेखिएको कुनै कुराले संविधानको धारा १३७ बमोजिमको सर्वोच्च अदालतको संवैधानिक इजलासको अधिकारक्षेत्रमा प्रतिकूल असर परेको मानिने छैन।

(२) संवैधानिक इजलासले सङ्घ, प्रदेश तथा स्थानीय तह बीचको विवाद समाधान गर्दा कुनै विवादको प्रकृतिबाट त्यस्तो विवादको कुनै विषय आपसी वार्ता, परामर्श र मेलमिलापबाट समाधान गर्नु उपयुक्त देखिएमा सोको लागि आवश्यकता अनुसार सम्बन्धित पक्षलाई उचित मौका दिन र प्रोत्साहन गर्न सक्नेछ।

३०. **अन्तरप्रदेश परिषदको सचिवालयः** (१) अन्तरप्रदेश परिषदको सचिवालय प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा रहनेछ।

(२) अन्तरप्रदेश परिषदको सचिवको रुपमा नेपाल सरकारको मुख्य सचिवले कार्य गर्नेछ।

## परिच्छेद–६ विविध

३१. **सङ्घीय एकाइ बीच परामर्श तथा सम्पर्कः** (१) यस ऐन बमोजिम समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा प्रदेश वा स्थानीय तहले सङ्घसँग परामर्श गर्दा नेपाल सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम परामर्श गरिएको विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आवश्यक अध्ययन गरी सो विषयको निरुपण गर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको सम्बन्धित मन्त्रालयले देहायका विषय विषयगत समितिमा पेश गर्नुपर्नेछः–

(क) साझा अधिकारसँग सम्बन्धित विषयको कार्यान्वयन,

(ख) अन्य प्रदेश वा स्थानीय तह बीच एकरुपता कायम गर्नुपर्ने कुनै नीतिगत विषय,

(ग) सम्बन्धित मन्त्रालयबाट समाधान हुन नसक्ने अन्य कुनै विषय।

(४) उपदफा (३) बमोजिम पेश भएका विषयमध्ये विषयगत समिति आफैंले निरुपण गर्न सक्ने विषय निरुपण गरी देहायका विषय भएमा परिषद समक्ष पेश गर्नुपर्नेछः–

(क) अन्य प्रदेशमा समेत समन्वय तथा एकरुपता कायम गरी कार्यान्वयन गर्नुपर्ने कुनै नीतिगत विषय,

(ख) विषयगत समितिबाट निरुपण हुन नसकेका राष्ट्रिय महत्वका अन्य विषय।

(५) उपदफा (२) वा (४) बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा विषयगत समितिले निरुपण गरी पठाएको विषयको जानकारी परिषदको सचिवालयमा पठाउनु पर्नेछ।

(६) यस ऐन बमोजिम नेपाल सरकारले प्रदेश वा स्थानीय तहसँग समन्वय वा अन्तरसम्बन्ध कायम गर्नुपर्ने विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा सम्बन्धित स्थानीय तहसँग सम्पकन गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

३२. **प्रतिवेदन पेश गर्नुपर्नेः** यस ऐन बमोजिम आफूले सम्पादन गरेका काम कारवाहीका सम्बन्धमा प्रदेश समन्वय परिषद र विषयगत समितिले परिषद मा र परिषदले सङ्घीय संसदमा वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

३३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यस ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

३४. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ।

३५. **खारेजी र बचाउः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ खारेजी गरिएको छ।

(२) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

# सङ्घ प्रदेश र स्थानीय तह बीच (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ का वारेमा प्राप्त अभिमत तथा अन्तर्वार्ताहरू

## १. श्री चूडामणि आचार्य, मुख्य न्यायाधिवक्ता, प्रदेश नं. १

श्री आचार्यले आफ्नो प्रतिक्रिया दिने क्रममा यस ऐनको प्रमुख सवालहरुको बारेमा आफ्नो धारणा राख्नुभयो। जसमा संविधानको प्रस्तावनामा ...सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै ... भन्ने व्यवस्था छ। हामीले संविधान अक्षरशः पालना गर्न फराकिलो दायरा बनाउनु पर्दछ, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना गरेको छ। नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोग कायम राख्न सक्नुपर्दछ। सङ्घीयता कार्यान्वयन गर्न सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले साधनको भूमिका निभाउँछ। तीन तहका सरकारले एकल अधिकारलाई व्यवस्थित बनाउने वातावरण बनाउनु पर्दछ। नो सान्सन नो ल दण्ड सजाय गर्ने अधिकार छैन भने कानून होइन भन्ने मान्यतालाई व्यवहारमा उतार्न यो कानूनले सहयोग गर्न पर्छ। राज्यका सबै अङ्ग सङ्घीय हुने तर न्यायपालिका एकात्मक हुने कुराले सङ्घीय गणतन्त्र नेपालकालागि सुहाएको छैन तसर्थ न्यायपालिकालाई पनि सङ्घीयता अनुकूल बनाउनु पर्दछ। सङ्घले सबै तहलाई आफना एकल अधिकार र साझा अधिकारका विषयमा कानून निर्माण गर्न र सोको कार्यान्वयन गर्न सबैलाई सकारात्मक ढंगले प्रेरित गर्नुपर्दछ। यो ऐनले अझै पनि सङ्घलाई सर्वाधिकार सम्पन्न बनाउने काम गर्छ कि यसो भयो भने फेरि एकात्मकतावादी मानसिकतालाई नै सेवा गर्छ। यो ऐनको कार्यान्वयनमा संविधान र सङ्घीयतालाई कार्यान्वयन गर्ने शक्तिको निक्षेपीकरणको सिद्धान्तलाई आत्मसात गरेको देखिन जरुरी भएको विचार श्री आचार्यले राख्नुभयो।

## २. श्री दिपेन्द्र झा, मुख्य न्यायाधिवक्ता प्रदेश नं. २

श्री झाले विगत तीनवर्षमा मुख्य न्यायाधिवक्ताको रुपमा काम गर्दा प्रदेशले कानून निर्माण गर्ने क्रममा धेरै कानून निर्माण गर्ने अवसर पाउनु भयो। उक्त अनुभवको आधारमा आफ्नो प्रतिक्रिया दिनुभयो। जसमा यो सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले सङ्घीयता कार्यान्वयन गर्दछ। संविधान नै कार्यान्वयन गर्न टेवा पुर्याउँछ। यो ऐनका वारेमा मेरो आलोचनात्मक समर्थन छ। कतिपय प्रावधानले सङ्घीयताको मार्ग प्रशस्त गर्छ भने कतिपय प्राबधानहरुले प्रदेशको अधिकारको अतिक्रमण गर्ने काम पनि गरेको छ। यो ऐन जारी भए लगत्तै प्रदेश नं. २ का कानूनमन्त्रीले यो ऐनको दफा ६ को उपदफा (१) को देहाय (क), दफा ७ उपदफा (१) को देहाय (ग) र सोही ऐनको दफा ९ को उपदफा (१) नेपालको संविधानसँग बाझिएको हुदाँ सर्वोच्च अदालतमा रीट दर्ता गरी उक्त रीट हाल विचारधीन अवस्थामा छ। सङ्घले प्रदेश र स्थानीय तहको एकल अधिकार माथि पनि हस्तक्षेप गरी कानून, निर्देशिका बनाउदै छ, यस्तो व्यवहारले सङ्घीयताको मर्म बोक्दैन भने संविधानको कार्यान्वयन पनि सहज बन्दैन। यस्तो काम सङ्घ सरकारले गर्न हुदैन। व्यवस्थापिका कार्यपालिका सङ्घीय भए पनि न्यायपालिकालाई एकात्मक नै राखियो जो सङ्घीयताका

हिसावले बेठिक भयो। न्याय प्रणालीलाई एकात्मक राख्न हुदैन एकात्मक न्यायपालिका भनेको पनि सङ्घको मात्रै हैन प्रदेश र स्थानीय तहको पनि हो भन्ने अर्थमा बुझ्न जरुरी छ। न्यायपालिकालाई पनि सङ्घात्मक नै बनाउन अनिवार्य भएको विचार श्री झाले राख्नुभयो।

## ३. श्री ओमप्रसाद थपलिया, मुख्य न्यायाधिवक्ता, बागमती प्रदेश

श्री थपलियाले प्रदेशको कानून निर्माणमा धेरै भूमिका निर्वाह गर्नुभयो। ऐन/नियमको निर्माणको क्रममा संविधानको व्यवस्था र यो ऐनको प्रावधानको बारेमा आफ्नो धारणा राख्नुभयो। सङ्घ, प्रदेश र स्थानीय तहले संविधानको मर्म अनुसार कानून निमार्ण गर्नु पर्दछ। सङ्घले साझा अधिकारका विषयमा कानून बनाउने काम र विभिन्न संबैधानिक आयोगको गठन गर्ने काममा गरेको अनावश्यक ढिलाईले संविधान र सङ्घीयता कार्यान्वयनमा बाधा खडा भएको महशुश भएको छ। सङ्घ सरकारले यथाशक्य चाडो संवैधानिक आयोगहरुलाइ पूर्णता दिनुपर्दछ। स्थानीय तहको अधिकार क्षेत्र संविधानमा स्पष्ट व्यवस्था गरेको ठाँउमा पनि स्थानीय तहले सङ्घ र प्रदेशबाट हस्तक्षेप भयो भन्ने आरोप लाग्ने गरेको छ। नेपालको संविधान बमोजिम राज्यशक्तिको प्रयोग गर्ने सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध सहकारीता, सहअस्तित्व, समन्वय र पारस्परिक सहयोग कायम गर्नुपर्दछ भन्ने कानूनी व्यवस्था छ। तर तीन तहका सरकारले व्यवहारमा यो मान्यतालाई आत्मसात गरी लागु गरेको देखिदैन। एकल अधिकारको सूची भित्र रहेका विषय वस्तुहरुको प्रयोगमा सङ्घले पनि प्रदेशसँग सहकार्य गर्नुपर्ने हो त्यसो भएको पाइदैन। यसै गरी प्रदेशले कानून बनाउदा पनि स्थानीय तहसँग सहकार्य गर्नुपर्दछ त्यसो पनि भएको पाइन्न। प्रदेश र स्थानीय बीच, स्थानीय र स्थानीय बीच समन्वय कायम गर्न र विवाद समाधान गर्नको लागि प्रदेश सरकारले पनि कानून बनाउन जरुरी भैसकेको छ यसतर्फ ध्यान जान जरुरी छ। जे होस ढिलै भए पनि यो कानून आएको छ यसको कार्यान्वयन सङ्घीयताको मर्म बमोजिम गर्न जरुरी छ। आजसम्म अधिकारमा हस्तक्षेप गरी बनेका कानूनहरु पनि पुनरावलोकन गर्नुपर्ने विचार श्री थपलियाले राख्नुभयो।

## ४. श्री दलबहादुर अधिकारी, सह–सचिव, गण्डकी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय

श्री अधिकारीले मुख्यमन्त्रीको कार्यालयमा सह–सचिवको रुपमा कार्यरत रहँदा प्रदेश सरकारले निर्माण गर्नुपर्ने कानूनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो। उक्त समयमा काम गर्दाको अनुभवको आधारमा यस ऐनको बारेमा धारणा राख्नुभयो। यो कानून निर्माणका बेला नै सङ्घीयताको मर्म बमोजिम बन्नु पर्छ भन्ने मान्यता सहितका सुझाव राखिएको थियो। त्यसका वावजुद पनि कतिपय विषय त संबोधन भएको छ तर कति विषय भने संबोधन हुन नसकेको अनुभूति भएको छ। सङ्घीयताको मान्यता र सिद्धान्तका आधारमा बनेको संविधानको मर्मलाई यो ऐनले जस्ताको तस्तै बोक्न सकेन कि भन्ने ठानिएको छ। नेपालको संविधानको धारा ५७ को उपधारा (२) र (४) मा संविधानको अनुसूची ६ र ८ को एकल अधिकार सूची अन्तगर्तको कानून बनाउँदा संविधान र सम्बन्धित सरकारको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था छ। सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा ४ को उपदफा (२)ख मा प्रदेशले कानून बनाउदाँ सङ्घीय कानूनसँग बाझिन नहुने, (३)ख मा स्थानीय तहले कानून बनाउँदा सङ्घीय र प्रदेश कानूनसँग बाझिन नहुने व्यवस्था गरी उल्लेखित धारालाई संकुचित बनाएको पाइन्छ। ऐनको दफा ७ को उपदफा (१) को

देहाय (ग) मा कुनै कार्यलाई फौज्दारी कसुरको रुपमा कायम गर्ने र सजायको व्यवस्था गर्ने अधिकार सङ्घीय सरकारलाई हुनेछ। सोही दफाको उपदफा (२) मा ...प्रदेश वा स्थानीय तहबाट सञ्चालन वा प्रशासन हुने कुनै विषयमा कानून बमोजिम प्रशासकीय दण्ड जरिवानाको व्यवस्था गर्न सकिनेछ भन्ने व्यवस्थाबाट प्रदेश र स्थानीय तहको एकल अधिकारमा सङ्घले हस्तक्षेप गरेको पाइन्छ। नेपालको संविधानको अनुसूची ५ (सङ्घको एकल अधिकार सूची) को क्र.सं. ३० मा फौज्दारी, देवानी कानूनको निर्माण गर्न सक्ने व्यवस्था छ। एकल सूची अन्तर्गतका कानून निर्माण गर्दा सङ्घले फौजदारी, देवानी कानूनको र प्रदेश, स्थानीय तहले अन्य कानून निर्माण गर्नु पर्दछ। यसो हुनसके मात्रै सङ्घीयताको मर्म बमोजिमको कानूनको सफल कार्यान्वयन हुनेछ। जे जति कानून बनेको छ सङ्घीयतालाई प्रवर्धन गर्ने प्रावधानको प्रभावकारी कार्यान्वयन गर्ने र बाँकी विषयलाई सङ्घीयताको मर्म अनुकूल बनाउने गरी परिमार्जन गर्दै लागु गर्नुपर्ने कुरा श्री अधिकारीले राख्नुभयो।

## ५ श्री तीर्थराज ढकाल, सचिव, प्रधानमन्त्री कार्यालय

श्री ढकाल लुम्बिनी प्रदेशको प्रमुख सचिव रहँदा र हाल प्रधानमन्त्रीको कार्यालयमा सचिवको रुपमा कार्यरत रहँदा संविधान बमोजिम सङ्घ र प्रदेशले बनाउनुपर्ने कानून निर्माण गर्ने क्रममा धेरै चुनौतिहरु सामना गर्नु पऱ्यो। वहाँ यो ऐनको निर्माणको क्रममा पनि सक्रिए हुनु भएको थियो। वहाँको धारणा राख्ने क्रममा सङ्घबाट नेपाल सरकारले कानून निर्माण गर्दा र प्रदेश सरकारले कानून निर्माण गर्दा बुझाई र व्याख्यामा एक रुपता नभएको जनकारी दिनु भयो। यो नयाँ ऐनले एकल सूची र साझा सूचीमा तोकिएको विषयहरुमा प्रदेश, सङ्घ र स्थानीय कानून बनाउन अब सहज हुने र प्रष्ट नभएका विषयहरु अभ्यासबाट विस्तारै समाधान हुँदै जाने छ। सङ्घ, प्रदेश र स्थानीय तहबाट ऐन/नियम अन्य कानून बनाएर मात्र हुँदैन जवाफदेही पनि हुनुपर्ने विचार राख्दै यो ऐन निर्माणमा प्रधानमन्त्रीको कार्यालय, विधायन व्यवस्थापन समिति र नेपाल कानून समाजको संयुक्त पहलमा सबै सरोकारवालाहरुलाई जानकारी दिने र प्राप्त सुझावको आधारमा ऐनको रुपमा आएको हुँदा यसको कार्यान्वयनमा सहज हुने विश्वास लिनु भएको विचार राख्नु भयो। यसै गरी अन्य कानून निर्माणमा पनि सरोकारवाला र विज्ञहरुको सभागितामा बनाउनसक्ने कानून निर्माणको स्तरमा वृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। यस ऐनले सुधार गर्ने प्रयास गरेको छ। यो ऐनमा अधिकारको विस्तृतीकरणले गर्दा काम गर्न धेरै नै सजिलो बनाएको छ। सङ्घ, प्रदेश र स्थानीय सरकार बीच सहकार्य गर्न र जवाफदेहिता बनाएको छ। जनताको सुख र राष्ट्रको उन्नती साध्य हो भने यो ऐन साधन भएको विचार श्री ढकालले राख्नुभयो।

## ६. श्री त्रिलोचन भट्ट, मुख्य मन्त्री, सुदूर पश्चिम प्रदेश

श्री भट्ट सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीको रुपमा विगत तीनवर्षदेखि सक्रिय हुँदै प्रदेश सरकारले बनाउनुपर्ने कानून बनाउँदै आउनु भएको छ। कानून निर्माण गर्दा संविधानले प्रष्ट व्यवस्था नगर्दा केही चुनौतिहरु भोगेको अनुभव राख्दै यो ऐन निर्माणको क्रममा पनि पटक–पटक सहभागी भएकोले यो ऐन अन्य ऐनभन्दा बढी प्रभावकारी हुने विचार राख्नुभयो। त्यसैगरी कानून आए पछि छलफलका लागि आरम्भ भएको छ। राष्ट्रिय सभा नै हाम्रो प्रतिनिधि भएका कारणले राष्ट्रिय सभाले नै पहल गर्नु पर्छ। कार्यान्वयनमा लैजादा छलफलले सघाउ पुऱ्याउनेछ। अन्तर प्रदेश परिषद कृयाशील नहुदा समस्या आएको छ प्रदेश परिषदको बैठक पनि कोरोनाका कारणले समस्या परेको छ। समस्याको वारेमा छलफल गर्ने वातावरण नै बन्न सकेको छैन। समस्या पनि कम देखिएको तर इच्छा पनि कम भएको मैले महशुश गरेको छु। चिन्तन र कार्यशैली एकात्मक नै देखापरेको छ व्यवहारमा समस्या देखिएको छ। वनको एकल अधिकारको सूचीमा छ। कार्यालय प्रमुख

सङ्घबाट परिचालित हुने व्यवस्थाले समस्या सिर्जना गरेको छ। प्रशासनिक रुपबाट अझै सङ्घीयता कम चासोको विषय बन्यो कि ? शिक्षाका विषयमा पनि त्यस्तै छ स्थानीय तह र सङ्घले गर्छ प्रदेशलाई छैन। एकल अधिकारका विषय पनि संविधानसँग त बाझिन भएन तर सङ्घीय कानूनसँग पनि बाझिनु नहुने व्यवस्थाले समस्या गर्छ कि तै पनि व्यवहारमा कसरी जान्छ हेर्न पर्छ। प्रदेश समन्वय परिषदका वारेमा स्थानीय सरकार संचालन ऐनले यति ठुलो संरचना बनायो छलफल गर्न सक्ने वातावरण नै छैन। यसका वारेमा पनि सोच्न पर्छ कि ? या त सानो संरचना बनाउने हो कि ? कार्यान्वयन हुने गरी छलफल गर्न सक्ने गरी कानून बनाउने पो हो कि ? स्थानीय तहलाई कसरी व्यवस्थित गर्ने भन्ने वारेमा पनि सोच्न पर्छ। स्थानीय तहसँगको सम्बन्धमा नया ढंगले सोच्न पर्छ भनेर हामी लागि परेका छौ अन्तराष्ट्रिय निकाय सँग छलफल सम्म पनि गर्न नपाउने समस्या बनेको छ। विषयगत समितिको गठनले काठमाण्डौ केन्द्रित पो बनाउछ कि ? कर्मचारी संचालन गर्न यो कानूनले गर्नुपर्ने थियो। सुरक्षा छैन भने राज्य भन्ने नै हुदोरहेनछ। प्रदेशमा प्रहरी नहुदा समस्या परेको छ। यसै गरी सूचीमा प्रदेश अनुसन्धान व्युरो रहनेछ। प्रहरी भित्रको व्युरोहो कि अनुसन्धान व्युरो हो ? खानीको अनुसन्धानको विषय पनि समस्या छ समन्वय परिषदका बैठक बस्नु पर्छ समस्या केन्द्रित गरी छलफल गरेर समाधान गर्न सक्छौ समस्या परेको छ अंकुश लागेको छ भन्ने विचार राख्नुभयो।

## ७. श्री पर्शुराम मेघी गुरूङ, सभापति, विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा

श्री गुरुङ विधायन व्यवस्थापन समितिको सभापतिको रुपमा विगत तीनवर्षदेखि निरन्तर ऐन निर्माणमा लाग्नु भएको छ। राष्ट्रिय सभामा सम्पूर्ण विधेयक यस विधायन व्यवस्थापन समितिले छलफल गरी अन्तिम रुप दिनुपर्ने क्रममा यो ऐनको विधेयक दर्तादेखि नै निरन्तर रुपमा सबै सरोकारवालाहरुसँग निरन्तर संवाद गर्ने कार्य गर्नुभयो। यो ऐन निर्माण अन्य ऐन भन्दा व्यापक छलफल र समन्वयमा तयार गर्ने अवसर पाउनु भयो। समितिको सभापतिले सक्रिय रुपमा काम गर्दा विधेयकको स्वरुप कस्तो हुनसक्छ भन्ने नमूना यस विधेयकमा देखिन्छ। यो विधेयकको अनुभवको आधारमा अधिकांश विधेयकमा विज्ञहरुको सहभागिता र सरोकारको सुझावको अधारमा मात्र विधेयकलाई पारित गर्ने प्रथा बसाल्न सफल भएको छ। यसै क्रममा श्री गुरुङले आफ्नो धारणा राख्दै सङ्घीयता भनेको एउटा व्यवस्था हो। यो सहमतिमा संचालन हुन्छ। कानूनको श्रोत भनेको संविधान हो। संविधान भन्दा बाहिर जान मिल्दैन। हाम्रो संविधान सङ्घीय संविधान हो। संविधानले नै तीन तहको संरचनाको व्यवस्था गर्दै तिनका बीचमा अधिकारको बाँडफाँड पनि गरेको छ। तीनै बाँडफाँड गरिएका अधिकारहरुलाई सहज गर्ने काम सङ्घ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐनले गर्ने हो। वास्तवमा यो कानून कार्यात्मक र नीतिगत दस्तावेज हो। हरेक कानून अभ्यासबाट शुरु हुन्छ र अभ्यासबाटै व्यवस्थित पनि हुदै जान्छ यो कानून पनि अभ्यासका दौरानमा व्यवस्थित हुदै जाला भन्ने अपेक्षा गरिएको छ। संविधान सङ्घीय भै कन पनि यदा कदा सङ्घीयतामाथि प्रश्न उठ्ने गरेको छ यो गंरिभ विषय हो सङ्घीयतामाथि प्रश्न उठने भनेको संविधान माथि नै प्रश्न उठ्नु हो। संविधानको कार्यान्वयन भन्नु नै सङ्घीयता कार्यान्वयन हो। यो ऐनको मर्म भनेको सङ्घ, प्रदेश र स्थानीय तहको काम कार्वाहीलाई कसरी सहकारीता, समन्वय र सहअस्तित्वको व्यवस्थापन गर्ने भन्ने हो। संविधानको हिसावले मात्र होइन कामको हिसावमा पनि सङ्घ, प्रदेश र स्थानीय तहलाई जोड्नु यस ऐनको उद्देश्य हो। कानून निर्माण गर्ने, कार्यकारिणी संचालन गर्ने र न्याय निरोपण गर्ने क्षेत्रमा यो ऐनले केही मापदण्ड निर्धारण गरी नीतिगत आधार तयार गरेको छ। सङ्घ, प्रदेश र स्थानीय तहबाट कानून कार्यान्वयन हुदैन भने लोकतन्त्र कार्यान्वयन हुदैन भन्ने पनि बुझ्न जरुरी छ। यो कानून निर्माण गर्दा प्रदेश र स्थानीय तहका सरोकारवालाहरुसँग पर्याप्त भएन होला तर छलफल जरुर भएको छ एक

पटक हैन पटक पटक छलफल भएको छ। विज्ञहरुको सुझाव लिईएको छ। सरकारका सरोकारहरुको पनि यथोचित ढंगले संबोधन गर्ने कोशिश गरिएको छ। यो ऐन बनाउँदा सरकारले दर्ता गरेको विधेयक र दर्ताभएका संशोधनहरु समेतभन्दा पनि माथि उठेर सङ्घीयता कार्यान्वयनका आजका आवश्यकताहरुको संबोधन गर्ने कोशिश गरिएको छ। इमान्दारीताकासाथ यो ऐनको कार्यान्वयन गर्दा संविधान र सङ्घीयता दुबैको कार्यान्वयन हुनेछ भन्ने विश्वास पनि लिइएको विचार राख्नुभयो।

## ८. श्री खिमलाल देवकोटा, वरिष्ठ अधिवक्ता

नेपाल कानून समाजको तर्फबाट विज्ञको रुपमा शुरुदेखि अन्त सम्म निरन्तर रुपमा सक्रिय रहनु भएका वरिष्ठ अधिवक्ता देवकोटासँग लिएको अन्तरवार्ताको संक्षिप्त विवरण यस प्रकार रहेको छः–

- सङ्घ प्रदेश र स्थानीयत तह बीचको समन्वय तथा अन्तरसम्बन्ध विधेयकको मस्यौदा गर्ने काममा यहाको महत्वपूर्ण योगदान छ उक्त मस्यौदा गर्दाको अनुभव संक्षिप्त ? संक्षेपमा बताई दिनुहुन्छ कि ?

— यो ऐन सङ्घीयता कार्यान्वयनका सम्बन्धमा संविधान पछिको दोश्रो महत्वको ऐन हो। यो ऐन वास्तवमा संविधान जारी हुनासाथ बन्नुपर्ने थियो तर विविध कारणले बन्न सकेन। सरकारले यो ऐन बनाउने कुरामा प्राथमिकतामा राखेको पनि देखिएन। गैरसरकारी क्षेत्रबाट पनि यस वारेमा चासो राखेको पाइएन। जब अन्तरप्रदेश परिषदको बैठक नबसेको कुरा बस्न नसकेको कुरा चर्चामा आयो र सो बैठकले सङ्घ प्रदेश र स्थानीय तह विचको सम्बन्धमा धेरै नै समस्या परेको समन्वयमा कठिनाई परेका चर्चाहरु सुनिन थाले र धेरै प्रयत्नपछि अन्तर प्रदेश परिषदको बैठक कस्यो र सो २०७५ पौष ३ गतेको बैठकले यो ऐनको खाचोका वारेमा पहिचान गरयो र यसको जिम्मा प्रधानमन्त्री कार्यालयलाई दियो तव मात्रै यसले औपचारिकता प्राप्त गरेको हो। नेपाल कानून समाजको तर्फबाट हामीले यस अघि नै यसको आवश्यकता अन्तराष्ट्रिय अभ्यास समेतका वारेमा विभिन्न अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिसकेका थियौं। यस पछि भने मस्यौदामा प्रारम्भ गर्न थप वल मिलेको थियो। नेपाल कानून समाजले प्रारम्भिक मस्यौदा गरी प्रधानमन्त्री कार्यालयमा समेत समन्वय गरी सो मस्यौदा बुझाए पछि सोही आधारमा समेत यो विधेयक संसदमा प्रवेश पाएको हो। संसदमा प्रवेश पाए पछि पनि राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिसँगको सहकार्यमा सातै प्रदेशमा पटक–पटक अन्तरकृया गर्ने अवसर प्राप्त भयो। तीनै अन्तर कृया, समितिको आमन्त्रणमा औपचारिक तथा अनौपचारिक बैठकहरुमा सहभागी भई आफ्ना अनुभव र मतहरु राखेर यो ऐन यो रुपमा आएको छ। ऐन निर्माणमा आफ्नो भूमिका निर्वाह गर्न पाएकोमा खुशी लागेको छ। अव यो ऐन प्रभावकारी ढंगले कार्यान्वयन भै संविधान र सङ्घीयता दुबैको कार्यान्वयनमा थप योगदान मिलोस् भन्ने कामना पनि छ।

- पहिलो मस्यौदाका विशेषताहरु के के थिए ?

— आरम्भमा यो कानूनका वारेमा चर्चा हुदा संविधानको धारा २३५(१) लाई मात्रै संबोधन गर्ने गरी बन्न पर्छ भन्ने मत थिए र सोही आधारमा मस्यौदा भएको थियो। मस्यौदाका क्रममा पछिल्लो चरणमा सङ्घीयतालाई परिभाषित गर्ने संविधानको भाग ५ र तीनै तह विचको अन्तरसम्बन्ध र समन्वयलाई परिभाषित गर्ने भाग २० समेतलाई समेटन पर्ने भन्ने मत विकसित हुदा यो रुपमा आएको हो। यो कानूनका मुख्य विशेषताहरुमा एकल सूचीका विषयमा कानून निर्माण गर्दा होस वा नीति बनाउदा प्रत्यक तह स्वतन्त्र हुने कसैले हस्तक्षेप नगर्ने, साझा अधिकारको सूचीका वारेमा सबैले कानून र नीति बनाउन सक्ने तर संविधान र संविधान बमोजिम बनेको सङ्घीय कानूनसँग बाझिन नहुने शर्त

पालना गर्नुपर्ने, साझा सूचीको कार्यान्वयनमा परामर्श र समन्वय अनिवार्य रुपमा गर्नुपर्ने, समन्वयका लागि राष्ट्रिय समन्वय परिषद र विषयगत समितिहरु समेत रहने, यो परिषदले आफुले गरेका कामको प्रतिवेदन वार्षिक रुपमा संसदमा पेश गर्नुपर्ने समेतको व्यवस्था गरी तीन तहका कार्यात्मक सम्बन्धलाई व्यवस्थित गर्ने समेतका विशेषता यो ऐनले बोकेको छ।

- अन्तिम रुपमा पारित हुदा ती विशेषताहरुमा के फेर वदल भए के नहुनु पर्ने कुरा पो भए कि ?

– सरकारबाट दर्ता भएको विधेयक र संसदमा दर्ता भएका संशोधन प्रस्तावहरु समेतलाई ध्यानमा राख्दै मूलत अन्तरकृया मार्फत प्राप्त भएका सुझावहरुका आधारमा धेरै नै विषयहरु परिमार्जन गरी राष्ट्रिय सभाबाट पारित भएको भए तापनि प्रतिनिधि सभाले भने केही विषयमा थप परिमार्जन गरेको पाइयो । खासगरी प्रदेश समन्वय परिषदको गठनका विषयमा संकुचन, समन्वय समितिमा विपक्षी दलको प्रतिनिधित्व र आयोजना कार्यान्वयनमा सासदहरुको भूमिका जस्ता विषयहरु थपिन गए । यसले साविकमा स्थानीय सरकार संचालन ऐनमा रहेको प्रदेश समन्वय परिषदमा सकुचन गरी सानो आकारको बनाउदा व्यवस्थित त भयो होला तर पहिला कायम रहेका सदस्यहरु हट्दा त्यसको प्रभावका वारेमा, समन्वयका वारेमा पर्याप्त नहोला कि भन्ने लागेको छ।

- अव यो ऐन कार्यान्वयनमा चुनौति के देख्नुभएको छ ? कार्यान्वयन गर्न कसले के गर्न पर्ला ?

– संविधान र सङ्घीयताको बुझाईमा एकरुप समझदारी नआउदासम्म यो ऐनको कार्यान्वयनमा विभिन्न समस्या देखापर्ने छन्। अधिकारको बाँडफाँड र तिनको प्रयोगमा केन्द्रीकृत मानसिकता हावी भयो भने यो ऐन कार्यान्वयनमा समस्या आउने छ। एकात्मक मानसिकता, केन्द्रमा अधिकार थोपर्ने र फिर्ता ल्याउने प्रयत्न समेतलाई चिर्दै यो ऐन प्रभावकारी रुपमा कार्यान्वयन गर्न कार्यायोजना बनाउने, सङ्घ प्रदेश र स्थानीय तीनै तहले आ आफना अधिकारको रक्षा र प्रयोग गर्नमा चनाखो हुन जरुरी छ।

- यो ऐन कार्यान्वयन गर्न कानून कार्यान्वयन कार्ययोजना, नियमावली, आवश्यक संरचना सहितको जनशक्ति विन्यास प्रारम्भिक कुराहरु हुन यस तर्फ ध्यान दिन जरुरी छ।

– संविधान बन्नासाथ बन्न पर्ने ऐन संविधान जारी भएको पाच वर्षपछि मात्रै बनेको छ। यसमा पनि कार्यान्वयनमा तदारुकता देखाइएन भने सङ्घीयतामाथि प्रश्न उठने र सङ्घीयतामाथि प्रश्न उठदा संविधान माथि नै प्रश्न उठने खतरा छ भन्ने कुराको हेक्का राखी सम्बद्ध सबै सरोकाकारवालाहरु चनाखो हुन जरुरी छ। केन्द्रले नेतृत्वदायी भूमिका प्रदेश र स्थानीय तहले दवावको भूमिका खेल्न जरुरी छ।

- अन्तमा भन्नुपर्ने कुरा केही छ कि ?

– संविधान र सङ्घीयता कार्यान्वयन गर्ने जस्तो महत्व बोकेको यो ऐनको कार्यान्वयनमा नै संविधान र सङ्घीयताको प्रभावकारिता निर्भर गर्ने भएकाले आगामी दिनमा नेपालको राज्य संरचना र तिनको प्रभावकारिताका वारेमा पनि मूल्याङ्कन गर्ने आधारका रुपमा यो ऐन रहने छ भन्ने महत्वलाई गंभीरताका साथ बोध गरी प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्दछु।

## ९. श्री शेर बहादुर कुँवर, सदस्य, राष्ट्रिय सभा

विधायन व्यवस्थापन समितिको सदस्यको रुपमा विधेयक दर्ता भएदेखि पारित नभएसम्म निरन्तर रुपमा सक्रिय हुनु भएका सदस्य श्री कुँवरसँग लिएको अन्तरवार्ताको सार संक्षेप देहाय बमोजिम रहेको छः–

१) सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध ब्यवस्थीत गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक जुन संविधान पछिको महत्वपूर्ण दस्ताबेज हो। देश सङ्घीयतामा गइसके पछि संवैधानिक व्यवस्था अनुसार तीन तहको सङ्घीय संरचना गरिएको छ। अहिले हाम्रो बीचमा सङ्घ (केन्द्र), सातवटा प्रदेश र स्थानीय तह ७५३ गरी जम्मा ७६१ वटा सरकारले जनताको बिचमा काम गरिरहेका छन । सिंहदरवारको अधिकार गाउँ–गाउँमा पुऱ्याउने जनतालाई आर्थिक,सामाजिक, प्रशासनिक र न्यायिक अधिकार सम्पन्न बनाउने संविधानको उदेश्य रहेको सर्वबिदितै छ। उक्त उद्देश्य पूरा गर्नका लागि यो विधेयक आएको छ। मूल रुपमा संविधानमा नै व्यवस्था भए अनुरुप राज्यशक्तिको बाडफाड र तीनै तहबिचको आपसी समन्वय र समभ्फदारी अनुसार सबै काम क्रियाकलाप हुनुपर्छ भन्ने उद्देश्यका साथ यो विधेयक आएको पाइन्छ।

राष्ट्रिय सभामा चारवटा समिति गठन भैसके पछि त्यसमध्यको एउटा विधायन समिति हो। उक्त समितिको सदस्यको हैसियतले समितिका कार्यक्रम र क्रियाकलापमा सहभागी हुने गरियो। विशेष त यो बिधेयक संसदको बैठकमा आइसके पछि विभिन्न प्रक्रिया पारगर्दै विधायन समितिमा संसोधनको माध्यमबाट छलफलको विषय बन्ने ऋममा विभिन्न विद्वान, विज्ञहरु समेतलाइ राखी अन्तरक्रिया र छलफलबाट विधेयक परिस्कृत, समृद्ध हुदै समितिबाट पारित गरि संसदबाट पनि पारित गरियो।

कानून जनताको लागि हो, कानून निर्माण गरिदा आमजनताले बुभ्फ्ने गरी, थाहापाउने गरि बन्नु पर्छ भन्ने हाम्रो मान्यता रहदै आयो तदनुसार विधेयकलाइ समितिको आन्तरिक विषयमात्र नबनाइ सरोकारवाला को बिचमा पनि लैजादा थप समृध्द बनाउन सकिन्छ भन्ने उदेश्यले नै सातवटै प्रदेश स्तरमा स्थानीय तहका जनप्रतिनिधि, प्रदेश सभा सदस्य, नागरिक समाज, पत्रकार र राजनीतिक दलका प्रतिनिधिहरुको समेत सहभागितामा व्यापक छलफल गरियो यो प्रक्रियाले आम नागरिक र प्रदेश स्थानीय तहले समेत स्वामित्व ग्रहण गर्ने अबसर जुटेको अनुभूति भैरहेको छ साथै कानून निर्माणका प्रक्रियाका बारेमा समेत जनस्तरमा जानकारी भएको छ।

चाहे समितिको बैठकमा होस चाहे अन्तरक्रिया, प्रदेशस्तरका छलफलमा होस सकृय सहभागिता जनाउनु पाउदा आफुलाइ गौरव अनुभूति भैरहेको छ। बौध्दिक व्यक्तित्व सँगको सामिप्यता, कानूनविदहरुको तार्किकताको बिचमा बसेर कानून निर्माणको कार्यमा सहभागी हुनु पाएकोमा आफैमा आत्म गौरवको महसुस भएको छ।

२) विधायन व्यवस्थापन समितिले पारित गरेका प्रतिवेदनका विशेषताहरुमा उचित शब्द चयन, विधेयकको नाममा स्पस्टता, ऐन लागु हुने समय सीमा निर्धारण, तीनै तहको अन्तर सम्बन्धका थप आधार तयगरी स्पष्टता, दफाक्रमहरु मिलाएर थम समृध्द बनाउनमा सहयोग पुगेको, राष्ट्रिय परिषद गठनमा प्रतिनिधित्व गराइदा स्थानीय तहको थप सुनिश्चितता, प्रदेश समन्वय परिषदमा आवस्यक प्रतिनिधत्वको सुनिश्चितता, प्रदेश समन्वय परिषदका काम, कर्तव्य, कर्तव्य र अधिकारको सुनिश्चितता, प्रस्तुत विधेयकमा धेरै संसोधन गरि थप समृद्ध एवं स्पष्टता, संसोधनमा आएका विषय वस्तुलाई समेटेको जस्ता विषयलाई लिन सकिन्छ।

३) लामो समयको छलफल पश्चात परिमार्जन भएका विषय वस्तु समेटेर आएका छन तर केहि विषय वस्तुहरु प्रतिनिधिसभाबाट अन्तिम रुपमा फेरबदल हुनु त्यति आवश्यक थिएन जस्तो लाग्दछ। जस्तै यो ऐन आठौ दिनमा प्रारम्भ हुनेछ को सट्टा तुरुन्त प्रारम्भ हुने छ आएको छ। समावेशी तथा सहभागितामूलक शासन व्यवस्था आइसकेपछि फेरी समानुपातिक शब्द थपिरहनु नपर्ने हो। प्रदेश समन्वय परिषद निर्माणका विषयमा पनि थप परिमार्जन आवश्यक थिएन।

४) कानून निर्माणको विषयमा नौलो आयाम थपिएको छ। यो विधेयक माथिको जुन स्तरमा छलफल भयो यसबाट आम रुपमा सचेतना जगाएको छ सबै तहलाइ जागरुक बनाएको छ, जिम्मेवार पनि बनाएको छ। सुरुवाति चरणमा जुनखालको सोचथियो चासो कम थियो पछि चासो बढदै गयो, सांसदको मात्र हैन कानून बनाउने दायित्व हाम्रो पनि हो भन्ने अनुभूति तल तल सम्म दिलाएको छ। जनसरोकारका कानूनहरु लुकाएर बनाउने होइन सरोकारवालाहरुलाइ समेत राखेर बनाइनु पर्छ। यो मान्यता यो कानून निर्माणका बखत अवलम्बन गरिएको छ।

## १०. श्री ठगेन्द्र प्रकाश पुरी, सदस्य, राष्ट्रिय सभा

विधायन व्यवस्थापन समितिमा विधेयक दर्ता भएदेखि प्रदेशस्तरमा सबै स्थानमा सक्रिय सहभागी भई प्राप्त सुझाववलाई पारित नभएसम्म निरन्तर सक्रिय हुने सदस्य श्री पुरीसँग लिएको अन्तरवार्ताको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः–

आफ्नो सात दशक लामो सङ्घर्षको उपलब्धीको रुपमा २०७२ साल असोज ३ गते नेपाली जनतालाई हाल प्रचलनमा रहेको नेपालको संविधान प्राप्त भयो। नेपालको संविधानको प्रारम्भ सँगै नेपाली जनता केन्द्रीकृत एकात्मक राज्य प्रणलीबाट सङ्घीय, लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरे/संविधानको मर्म अनुरुप सङ्घीयताको प्रभावकारी कार्यान्वयनको लागी अविलम्व कानून निर्माण गर्नुपर्ने आवश्यकता भएकोले नेपाल सरकारद्वारा सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय तथा अन्तर सम्बन्ध सम्बन्धी विधेयक सङ्घीय संसदमा प्रस्तुत भयो। उक्त विधेयकको छलफल र पारित गर्ने क्रममा थुप्रै अनुभव हासिल गर्ने अवसर प्राप्त भयो। प्राप्त अनुभवहरुलाई संक्षिप्तमा यसरी उल्लेख गर्न सकिन्छ।

- **विधेयक माथिको छलफल र पारित गर्दाका अनुभव**

  विधेयकको विषय, उद्देश्य र संरचनालाई सरसर्ती अध्ययन गर्दा प्रथम दृष्टिमा यो विधेयक संविधान कार्यान्वयनका लागि महत्वपूर्ण खजाना भएको महसुश भयो। संविधानमै पूर्णरुपमा उल्लेख गरिएका कतिपय कुराहरुलाई विधेयक बाट झिक्दा ऐन छोटो र स्पस्ट हुनसक्छ भन्ने लाग्यो। सङ्घीय संसदको राष्ट्रिय सभामा उत्पत्ति भएको यो विधेयकलाई सवल बनाउन संसदीय प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी विधायन व्यवस्थापन समितिको भएको र यस समितिको सदस्यको हैसियतले थप योगदान गर्नुपर्दछ भन्ने जागरण पैदा भयो। संसदमा पेश भएको विधेयक र विधेयक उपर राष्ट्रिय सभाका सदस्यहरुबाट दर्ता गरिएका संसोधन प्रस्तावहरु, हाम्रो संवैधानिक व्यवस्था, अन्तराष्ट्रिय अभ्यास तथा अनुभव, सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु,विषय विज्ञहरुको अध्ययन अनुसन्धान, प्रदेश एवं स्थानीय तहका जनप्रतिनिधिहरुबाट प्राप्त सुझावहरु, सरोकारवालाहरु सँगको परामर्श र हाम्रो मुलुकको धरातलीय यथार्थ समेतलाई गहिरो ढंगले अध्ययन, विश्लेषण र संश्लेषन गरि बृहत राजनीतिक सहमतीका साथ सर्वसम्मतिले विधेयक सङ्घीय संसदबाट पारित गर्ने गरि प्रतिवेदन तयार गर्न सक्नु विधायन व्यवस्थापन समितिले

आफ्नो कार्यक्षेत्रभित्र हासिल गरेका महत्वपूर्ण सफलताको अनुभूति भएको छ। आम जनताबाट सुझाव लिन गरिएको सार्वजनिक सूचना प्रसारण, प्रदेश स्तरमा भएका अन्तरक्रिया कार्यक्रम, समितिको बैठकमा विज्ञहरुसँगका चरणबद्ध छलफलमा संसद सचिवालय, विषयगत मन्त्रालय र नेपाल कानून समाजले पुऱ्याएको योगदान निकै सह्रानिय रहेको छ। दोहोरोपन हटाउदा प्राशङ्गिक शिलशिला मिलाउदा, आवश्यक विषयवस्तु थप गर्दा र बढी भएका केही कुराहरु झिक्दा समितिको प्रतिवेदनको आकार केही ठुलो हुनु स्वाभाविकै थियो। सत्तापक्षले "हुन्छ" र प्रतिपक्षले "हुन्न" भन्ने औपचारिकतामा सीमित रहि संसदले सरकारद्वारा पेश गरिएका विधेयकलाई जस्ताको तस्तै पारित गर्छ भन्ने जनमानसको सतही भ्रमलाई समितिको प्रतिवेदनमा उल्लिखित विषयवस्तुले खण्डन गर्ने गरि कार्य गर्न पाउँदा गौरवको अनुभूति भएको छ।

- **विधेयकको विशेषता**

संवैधानिक व्यवस्था अनुसार सहअस्तित्व, सहकारीता र समन्वयको आधारमा सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तर सम्बन्धलाई कायम गरि सङ्घीय लोकतन्त्रात्मक गणतन्त्रको शासन प्रणालीबाट सुखी नेपाली र समृद्ध नेपालको सपना साकार पार्ने यस विधेयकको मुख्य उद्देश्य हो। यी तीनवटै तह बीचको अन्तर सम्बन्धका आधारहरुलाई यस विधेयकले स्पष्ट गरेको छ। संविधानको अनुसूचीहरुमा उल्लिखित र अवशिष्ट अधिकारको प्रयोग सम्बन्धमा कानून बनाउदा विचार पुऱ्याउनु पर्ने कुराहरुलाई पनि यस विधेयकले प्रष्ट गरेको छ। सङ्घले राष्ट्रिय नीति निर्माण गर्ने, प्रदेशले अनुगमनलाई प्रभावकारी बनाउने र स्थानीय तहले जनसमक्ष सेवा प्रवाह गर्ने साथै योजना र लाभान्वित समुदायको प्रकृति र आधार अनुसार जिम्मेवारी वहन गर्नुपर्ने व्यवस्था यसमा गरिएको छ। राजनीतिक विवाद सामाधानको लागि राष्ट्रिय, प्रदेश र जिल्ला स्तरमा संगठन संरचनाको स्थापना र तिनको काम कर्तव्य र अधिकार तोकिएको छ। फौजदारी र देवानी विषयमा दण्ड एवं सजाय सम्बन्धी कानून बनाउँदा कुन तहको अधिकार र सीमा कति र कस्तो हुने भन्ने कुरालाई पनि स्पष्ट गरिएको छ। निश्चित समयावधि भित्र यस ऐनको समग्र रुपमा मापन गरिने व्यवस्था पनि यस विधेयकमा गरिएको छ।

- **अन्तिममा पारित हुँदा गरिएको फेरवदल**

सरकारद्वारा प्रस्तुत मूल विधेयकको विषय र उद्देश्यलाई यथावत कायम गरि राष्ट्रिय र प्रदेश समन्वय परिषदमा स्थानीय तह, प्रदेश र राजनीतिक दलको प्रतिनिधित्वलाई प्रभावकारी बनाउने गरी राष्ट्रिय सभाले गरेको व्यवस्थालाई प्रतिनिधि सभाले संकुचन पारेको छ। समग्रमा राष्ट्रिय सभा र प्रतिनिधि सभाले पारित गर्दा मूल विधेयक धेरै हदसम्म समृद्ध भएको छ।

- **कार्यान्वयनको चुनौती**

स्थानीय तहले अधिकार अपुग भएको ठानी प्रदेश र सङ्घको आलोचना गर्ने र सङ्घले प्रदेश र स्थानीय तहको सामर्थ्य कमजोर छ भनि स्रोत साधन उपलव्ध गराउन कन्जुस्याई गर्ने अवस्था सिर्जना हुन गई ऐन कार्यान्वयनमा कठिनाई हुन सक्छ। शाब्दिक रुपमा संविधानको भावना बोक्न असमर्थ प्रचलनमा रहेका केही पुराना सङ्घीय ऐनहरु पनि यस ऐन कार्यान्वयनका लागि चुनौति हुन सक्छन। स्रोत साधनको सीमितता र जनआकांक्षाको उच्च चापले ऐन कार्यान्वयनमा आउनसक्ने विकृति तर्फ पनि सचेत हुनुपर्ने देखिन्छ।

## ११. श्री रमेश ढकाल, सचिव, प्रधानमन्त्री कार्यालय

प्रधानमन्त्रीको कार्यालयमा सचिवको रुपमा कार्यरत रहँदा श्री ढकालले उक्त विधेयकको मस्यौदा गर्ने काममा सक्रिय भूमिका निर्वाह गर्नु भएको थियो। उक्त मस्यौदा निर्माण क्रममा आफूले गरेको कामको आधारमा व्यक्त गरेको विचार देहाय बमोजिम रहेको छः–

१. सङ्घ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धको बारेमा विधेयकको मस्यौदा गर्ने सम्बन्धमा अध्ययन गर्नको लागि तत्कालीन मुख्य सचिव सोमलाल सुवेदी र कानून सचिव कमलशाली घिमिरेले मलाई भन्नु भएको थियो। २०७३ सालको माघ महिनातिर हुँदो हो। म यो विषयमा आफ्नै नीजी प्रयोजनको लागि अध्ययनमा थिएँ त्यतिबेला। त्यतिखेर म प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा कानून तथा मानव अधिकार हेर्ने सहसचिव थिएँ। वहाँहरुको निर्देशन पछि म अब संस्थागत रुपमा लाग्न थालें। यसमा मलाई कानून हेर्ने उपसचिव लोकहरी बस्यालले सघाउनु भो। त्यसको एक महिनापछि म कानून मन्त्रालयमा सरुवा भएँ। कानून मन्त्रालयमा कामको चापले मैले यसमा लगातार समय दिनसकिन। तर पनि अध्ययन सामग्री जुटाउदै गए। एक प्रारम्भिक मस्यौदा तयार गरैं पनि। शायद त्यतिखेर स्थानीय विकास मन्त्रालयले पनि यो विषयलाई हेरिरहेको थियो। तर मेरो वहाँहरुसँग यस विषयमा सम्पर्क र छलफल भने भएन। पछि यो विषयमा विधेयक तर्जुमा गर्ने औपचारिक जिम्मा प्रधानमन्त्री कार्यालयले लियो। यसबाट मलाई थप सहजता भो। पछि २०७५ सालको भाद्र महिनामा म सचिव भएर प्रधानमन्त्री कार्यालयको पनि जिम्मेवारीमा गएपछि विधेयकोको मस्यौदालाई परिमार्जन गरी प्रकृयामा लैजान सजिलो भो। मुख्य सचिव लोकदर्शन रेग्मीले पनि यो विषयमा चासो राखिरहनुहुन्थो। यही विचमा नेपाल कानून समाजले पनि यो विषयमा अध्ययन गरेर मस्यौदा बनाउने कार्यमा जुटिरहेको रहेछ। म यो विषयमा पूर्ण अनभिज्ञ थिए। कानून समाजको कार्यक्रममा प्रधानमन्त्री कार्यालयबाट सहसचिव हरि पौडेल (अहिले सचिव) जाने गर्नु हुंदो रहेछ। यो मलाई थाहा थिएन। वहाँ अर्कै महाशाखामा भएर पनि होला। पछि आदरणीय श्री खिमलाल देवकोटाले संक्रमणकालीन न्याय सम्बन्धी छलफलको एक कार्यक्रममा मलाई यस वारेमा बताउनु भएपछि म पनि कानून समाजको कार्यक्रममा जान थालेँ। वहाँकै कारणबाट म कानून समाजसँग यो विषयमा जोडिएँ। म यसको श्रेय वहाँलाई नै दिन्छु। त्यहाँ धेरै आदरणीय व्यक्तित्वसँग भेटघाटको अवसर मिल्यो। त्यहाँको छलफलले पनि मलाई धेर सहयोग भयो। कानून समाजले पनि एक मस्यौदा तयार गर्यो। त्यो मस्यौदा बडो संक्षिप्त थियो। तर पनि यसबाट प्रधानमन्त्री कार्यालयलाई असाध्य सहयोग भो। त्यसैले यो विधेयक निर्माणमा कानून समाजको भूमिका पनि स्मरणीय छ।

२. पहिले सङ्घीय मामिला मन्त्रालयले गरेको र त्यपछि प्राप्त मस्यौदामा पनि धैरै कुरा थिएन। खाली समन्वय परिषदको व्यवस्था बाहेक अरु केहीपनि थिएन। धारा २३५ लाई मात्र हेरिएको थियो। म यसमा संतुष्ट हुन सक्ने कुरा थिएन। धैरैले मलाई यो विधेयकमा धेरै कुरा लेख्न हुन्न भनेर भन्नु हुन्थयो। तर मेरो धारणामा यो विधेयकले समेट्नु पर्ने विषयहरु धेरै थिए। र, मैले सोही अनुसार विधेयको मस्येदा अघि बढाउन प्रयास गरें। विभिन्न छलफलमा मैले यो कुरा बडो स्पष्ट सँग राखें। र, मस्यौदाको कारवाही चरण अघि बढ्दै गयो पनि।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कानून महाशाखाले मस्यौदा गरेको विधेयकलाई कानून मन्त्रालयले लगभग हुबहु तर्जुमा स्वीकति दियो। मन्त्रिपरिषले समन्वय परिषदको गठमा

केही हेरफेर गर्ने बाहेक अन्य कुनै परिवर्तन नगरी संसदमा पेश गर्न स्वीकृति दियो र राष्ट्रिय सभामा यो विधेयक पेश भयो। संसदलेले सरकारबाट पेश भएको विधेयकलाई केही परिवर्तन गरेको देखिन्छ। तर गहिरिएर हेर्दा सारमा खासै परिवर्तन भएको म देख्दिन। तर्जुमाको दृष्टिले त अन्य केही विषयमा सामान्य परिवर्तन गरेको हो । ती परिवर्तनहरु सैद्धान्तिक र सारभूत प्रकृतिको देखिन्न। तैपनि पारित विधेयकले केही कुरामा भने मूल मस्यौदाका केही कुरालाई हटाएको देखियो। एक उदाहरण हो। सङ्घ र स्थानीय तह बीच पनि राजनीतिक प्रकृतिको विवाद हुन सक्ने कुरालाई पारित ऐनले चटक्कै बिर्सेको छ। संविधानको धारा ३४ को उपधारा (१) लाई कर्मचारीतन्त्रीय आँखाले हेर्दा यो स्थिति आएको भन्ने मेरो मान्यता छ। म यहाँ छेउ भारतका पूर्व प्रधानन्याधीध पि.एन. भगवतीको भनाई संझन्छु। वहाँले भन्नु भएको छ– संविधानलाई अन्य कानून सरह शाब्दिक व्याख्या गर्नु भनेको संविधानको कर्मचारीतन्त्रीय व्याख्या (Beurocratic interpretation of constitution) हो। कर्मचारी तन्त्रीय व्याख्याले त्यो शब्द कहाँ छ र ? भनरे सोध्छ र खोज्छ। यथार्थमा संविधानमा सबै कुरा लेखिएको हुदैन। संविधानको धारा त सूत्र हो। त्यो शूत्रलाई समीकरण गर्दा सबै कुरा निस्कन्छ। जसरी बिज गणितमा अनेक छोटा सूत्रलाई लामो समीकरणबाट पुष्टि गरिन्छ। संविधान पनि त्यस्तै हो। बिडम्बना कर्मचारीतन्त्रीय व्याख्याले संविधानलाई त्यसरी हेर्ने गर्दैन। यति हुदाँ पनि पारित विधेयकमा पर्नै नपर्नु पर्ने कुरा परेको भने छैन।

४. यो ऐन भनेको संविधानको व्याख्या गरेको कानून हो। वर्तमान संविधान जारी भएपछि बनेका धेरै ऐनहरुमध्य संविधानको एक प्रमुख चरित्रको रुपमा रहेको सङ्घीयतालाई सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको तहबाट व्याख्या गर्ने यो जतिको महत्वपूर्ण कानून अरु कुनै पनि छैन। यसले सविधायनको सङ्घीयतालाई एक आकार दिन खोजेको छ। त्यसैले यो ऐनको कार्यान्यवन भनेको संविधानको सङ्घीयताको कार्यान्ययन हो। संविधान कार्यान्यनमा जती चुनौति छन यो ऐनको कार्यान्वयनमा त्यतिकै चुनौति छन। मूल कुरा हाम्रो सङ्घीयताको मोडलले कस्तो स्वरुप देखाउला भन्नका लागि यो विधेयकले पर्याप्त रुपमा बाटो देखाउन खोजेको छ। यो विधेयकलाई यसपछि बन्ने कानूनले कतिह हदसम्म आधार मान्छन, त्यो असाध्य महत्चपूर्ण छ। र, न्यायालयले सङ्घीयताको मोडललाई कसरी अघि बढाउला भन्ने विषयले धैरै कुरा निर्धारण गर्छ यो कानूनको कार्यान्वयनमा। अमेरिकाको संविधानमा सङ्घीयताको सन्दर्भबाट खासै परिवर्तन भएको छैन। संविधानका शब्दहरु उही छन। तर अमेरिकी सर्वोच्च अदालतले कुनै कालखन्डमा राज्यलाई त कहिले सङ्घलाई बलियो बनाउने गरी संविधानको व्याख्या गरेको छ। यो क्रम निरन्तर छ।

यो ऐनलाई मार्गदर्शक सिद्धान्त मानेर सङ्घ, प्रदेश र स्थानीय तहले कानून बनाउने र कार्यान्वयन गर्छन वा गर्देनन भन्ने अर्को चुनौति छ। खास गरी स्थानीय तह र प्रदेशले बनाइरहेका कानूनलाई हेर्ने हो भने चुनौतिको पहाड अगाडि आइसकेको छ। सङ्घको कुरा त छदैछ। त्यसैले सङ्घ, प्रदेश, स्थानीय तहले बनाएका सबै कानून, नीति र तीनका मूलभूत कार्यक्रमको समीक्षा र परीक्षण गर्न सकिएन भने यो ऐनको जीवन समाप्त हुनेछ। मलाई लाग्छ– तीनै तहको सरकारको काम कारवाहीलाई विश्लेषण गर्ने निकायको आवश्यकता छ।

५. अन्त्यमा म असाध्य यसकारण खुशी छु कि यो विधेयकको मस्यौदा गर्ने महत्चपूर्ण जिम्मेवारी र अवसर राज्यले मलाई दियो (प्रधानमन्त्री कार्यालको कानून हेर्ने सचिवको रुपमा रहदा)। कानून

मन्त्रालय, कानून आयोग र प्रधानमन्त्री कार्यालमा कार्य सम्पादन गर्दाको बखत मैले विभिन्न महत्वपूर्ण विधेयकहरुको मस्यौदा गर्ने अवसर पाएकोका मेरो जीवनमा यो विधेयकको मस्यौदा गर्न पाउनु एक विशेष स्मरणमा रहिरहने छ। तर मलाई दुख पनि छ। त्यो के भने यो विधेयकलाई मन्त्रिपरिषदको विधेयक समितिको सचिवको रुपमा अघि बढाई मन्त्रिपरिषदबाट संसदमा पेश गर्न स्वीकृति दिएपछि संसदको समितिको छलफलमा भने म सहभागी हुन पाइनँ। म २०७५ चैत्र २० गतेपछि न्यायलयमा प्रवेश गरिसकेको थिएँ। यो ऐनको कार्यान्यिन गराउनमा नेपाल कानून समाजले सम्बद्ध सबैलाई घचघचाई रहोस। मेरो आग्रह छ– नेपाल कानून समाजले यो ऐनको वारेमा सार्थक छलफल चलाइ राखोस। अहिले बनेका कानूनहरुलाई सङ्घीयताको सन्दर्भबाट परीक्षण गर्ने कार्यमा जुटोस्।

## नेपाल कानून समाज

# प्रबन्ध समिति



**श्री तीर्थमान शाक्य**
अध्यक्ष



**श्री अनुपराज शर्मा**
पूर्व अध्यक्ष



**श्री कोमल प्रकाश घिमिरे**
पूर्व अध्यक्ष



**श्री पुष्पा भुसाल**
उपाध्यक्ष



**श्री सजनराम भण्डारी**
महासचिव



**श्री सुनिता रेग्मी**
कोषाध्यक्ष



**श्री उषा मल्ल पाठक**
सहसचिव



**श्री उदय नेपाली श्रेष्ठ**
सदस्य



**श्री सुधिर श्रेष्ठ**
सदस्य



**श्री तुलसी भट्ट**
सदस्य



**श्री माधव पौडेल**
सदस्य



**श्री खिमलाल देवकोटा**
सदस्य



**श्री सुरेन्द्र महतो**
सदस्य



**श्री कृष्णमान प्रधान**
कार्यकारी निर्देशक

**नेपाल कानून समाज** कानूनी शासन, स्वतन्त्र न्यायपालिका, मानव अधिकार र सुशासनको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कानून र न्याय क्षेत्रका विज्ञहरुद्वारा २०३८ सालमा स्थापना गरिएको संस्था हो। न्यायाधीश, कानून व्यवसायी, न्याय र कानूनका क्षेत्रमा कार्यरत व्यक्ति एवं कानूनका प्राध्यापक गरी करिव ३५० जना समाजको सक्रिय सदस्यको रुपमा छन्।

- **प्रमुख कार्यक्षेत्रः** स्वतन्त्र न्यायपालिका, संवैधानिक विकास, कानूनी शासन/सुशासन, मानव अधिकार, महिला र लैङ्गिक न्याय, सुशासन र विकास
- **मुख्य उद्देश्यः** कानूनी शासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिका, सुशासनको विकास, संरक्षण, सम्वर्द्धन र नीति निर्माण क्षमता वृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यले अनुसन्धान, तालिम, अन्तरक्रिया, गोष्ठी, सम्मेलनको आयोजना गर्ने साथै जनचेतनामूलक कार्यक्रम गरी सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने गरी विभिन्न पुस्तक, प्रतिवेदन, बुलेटिनको प्रकाशन गर्ने
- **रणनीतिः** सरोकारवालाहरुको संलग्नतामा कानूनी शासन, सुशासन, मानव अधिकार, स्वतन्त्र न्यायपालिकाको विकासमा सघाउ पुऱ्याउने रणनीति समाजले अवलम्बन गर्दछ।

समाजले सातवटा प्रदेश – प्रदेश १ को विराटनगर, प्रदेश २ को जनकपुर, बागमती प्रदेशको हेटौडा, गण्डकी प्रदेशको पोखरा, लुम्बिनी प्रदेशको बुटवल, कर्णाली प्रदेशको सुर्खेत र सुदूरपश्चिम प्रदेशको धनगढीमा नागरिक संवाद केन्द्रहरु स्थापना गरी सरकारी, गैरसरकारी तथा स्थानीय तहमा रहेका विभिन्न क्षेत्रहरुसँग साझेदारीमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। विशेषगरी न्यायपालिका, अर्धन्यायिक निकायहरु, स्थानीय निकायसँग समन्वय गरी क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गर्दै आएको छ। समाजले मुलुकका विभिन्न क्षेत्रमा अनुसन्धान, गोष्ठी, अन्तरक्रिया, तालिम गरी विभिन्न प्रतिवेदन र पुस्तकहरु प्रकाशित गरेको छ। समाजले सबै जिल्लाहरुमा कार्यक्रम सहज रुपमा सञ्चालन गर्न, समाजका सदस्यहरु, सम्पर्क व्यक्ति, स्थानीय सङ्घ, संस्थाहरुसँग सम्बन्धन राखेको छ। नेपाल कानून समाज International Bar Association को सक्रिय सदस्य, International Commission of Jurists र Asian Network for Free Election (ANFREL) सँग आबद्ध भई सक्रिय रुपमा कार्य गर्दै आएको छ ।


**नेपाल कानून समाज**
**NEPAL LAW SOCIETY**

नेपाल कानून समाज
बबरमहल, काठमाडौं, नेपाल
फोन : ००९७७-०१-४१०२१९६, ४१०२३८१, ४१०२३८२
पो.ब.नं. १३२११
इमेल : nls@wlink.com.np
वेब-साइट : www.nepallawsociety.org


